0. In Public Domain. Digitization by eGangotri.Funding: M

मर्यादा



वर्ष १ अंक १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Funding: M

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Fund

मर्यादा

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव
सरकारको स्वर्ण शुभजन्मोत्सव

विशेषांक

प्रकाशक :
महेन्द्र संस्कृत विश्वविद्यालय
पूर्वाञ्चल–शास्त्रानुसन्धान–परिषद्
पिण्डेश्वर विद्यापीठ, धरान
कोशी अञ्चल नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathm

CC-0. In Public Domain. Digitization by eGangotri Funding: M

CC-0. National Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

मर्यादा

॥ ॐ इदमहमनृतात्सत्यमुपैमि ॥

महेन्द्र संस्कृत विश्वविद्यालय
पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्
पिण्डेश्वर विद्यापीठ, धरानको
अनुसन्धान - प्रधान
सामयिक-प्रकाशन

वर्ष – १ (२०५२) अंक – १

सम्पादक मण्डल
प्राध्यापक – टीकाप्रसाद शर्मा (संयोजक)
सहप्राध्यापक – नारायणप्रसाद कट्टेल (सदस्य)
उप-प्राध्यापक – नारायणराज दाहाल (सदस्य)

मुद्रक :
गणपति प्रिंटिंग प्रेस
घोघापुल चोक, विराटनगर

मुद्रण :
५०० प्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri Funding: M

महेन्द्र संस्कृत विश्वविद्यालय

पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्
पिण्डेश्वर विद्यापीठ, धरान
कोशी अञ्चल (नेपाल)

१.	सह-प्राध्यापक :— नारायणदत्त पौडेल (प्राचार्य)	—अध्यक्ष
२.	पण्डितः—छविलाल पोखरेल	—सदस्य
३.	प्राध्यापकः—टीकाप्रसाद शर्मा, वस्ती	,,
४.	सह-प्राध्यापकः—नारायणप्रसाद कट्टेल	,,
५.	उप-प्राध्यापकः—हरिबहादुर श्रेष्ठ	,,
६.	उप-प्राध्यापकः—गिरिधरशरण शर्मा ढुंगाना	,,
७.	श्री चन्द्रशेखर श्रेष्ठ	,,
८.	श्री मान वज्राचार्य	,,
९.	श्री चक्रबहादुर शंकर	,,
१०.	उप-प्राध्यापकः—गोविन्द सुब्बा	,,
११.	श्री अम्बिका सम्बाहाम्फे	,,
१२.	श्री वीरबहादुर परियार	,,
१३.	श्री बेचन मरीक	,,
१४.	श्री प्रेमकुमार राई	,,
१५.	श्री तेजराज राई	,,

पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्
सन्देह - निर्णय समिति

१.	सह-प्राध्यापकः—नारायणदत्त पौडेल, प्राचार्यः—पिण्डेश्वर विद्यापीठ,	—अध्यक्ष
२.	सह-प्राध्यापकः—पं. पुरूषोत्तम भट्टराई	—सदस्य
३.	पण्डितः—हेमन्तराज अर्याल	,,

Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M



श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव

सरकारको, स्वर्ण शुभजन्मोत्सवको पावन अवसरमा

मौसूफ सरकारको दीर्घायुष्य एवम्

सुस्वास्थ्यको परममङ्गलमय

शुभ-कामना

समर्पण गर्दछौं

महेन्द्र संस्कृत विश्वविद्यालय

पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्

परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

महेन्द्र संस्कृत विश्वविद्यालय

पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्

विष्णेश्वर विद्यापीठ, धरान

कोशी अञ्चल (नेपाल)

१. सह-प्राध्यापक :—

२. पण्डितः—

३. प्राध्यापकः—

४. सह-प्राध्यापकः—

५. उप-प्राध्यापकः—

६ उप-प्राध्यापकः—

७ श्री

८ श्री

९ श्री

१ उप-प्राध्यापकः—गोविन्द सुब्बा

१ श्री

१ श्री

१ श्री

१ श्री

१

पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्

कार्य - निर्णय समिति

१ प्राध्यापक—

—विष्णेश्वर विद्यापीठ, —अध्यक्ष

२ प्राध्यापकः—

३ —सदस्य

Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M



श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव

सरकारको, स्वर्ण शुभजन्मोत्सवको पावन अवसरमा

मौसूफ सरकारको दीर्घायुष्य एवम्

सुस्वास्थ्यको परममङ्गलमय

शुभ-कामना

समर्पण गर्दछौं

महेन्द्र संस्कृत विश्वविद्यालय

पूर्वाञ्चल-शास्त्रानुसन्धान-परिषद्

परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding



Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

महेन्द्र संस्कृत विश्वविद्यालयका उप-कुलपति प्रा. चूडानाथ भट्टरायद्वारा प्राप्त मंगलमय

शुभकामना

हाम्रा मान्यता र मर्यादाका विषयमा सर्वसाधारण जनतालाई ज्ञान गराउनका लागि शास्त्रानुसन्धान परिषद् संघटित भएको हो। आज हरेक विषयमा आफ्ना मनोमानी र अड्कलका भरमा उच्छृङ्खल भएर हिंडेको समाजलाई आफ्नो मर्यादाभित्र राख्न र आफ्ना ज्ञान-विज्ञान, साहित्य-संस्कृति, कला र भाषाका बारेमा कसैले सोधपुछ गर्दा शास्त्रले भनेको प्रामाणिकतालाई यस परिषद्ले समाजको इच्छा अनुरूप पूर्ति गर्नु पर्दछ। चारवर्ण छत्तीस जातको सभ्यता र संस्कृतिको यथार्थ अनुसन्धान गर्ने, शास्त्रसम्मत निर्णय दिने उत्तरदायित्व वहन गराउनलाई पाँचै विकास क्षेत्रमा यो संस्था स्थापित भएको जानकारी दिदै यसले आफ्नो निर्णय जनसमक्ष ल्याउने माध्यम 'मर्यादा' पत्रिकालाई बनाएको छ। संस्कृत विश्वविद्यालयका संस्थापक तथा यस विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको स्वर्ण शुभजन्मोत्सव भव्य रूपले मनाई वाणिपुत्रहरूले आफ्नो मन-को उद्गार प्रस्तुत गर्ने स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क प्रकाशित गर्ने लागेकोमा म मुटुभित्रैदेखि आफ्नो श्रद्धा-सुमन समर्पित गर्ने चाहन्छु। हाम्रा प्राणभन्दा प्यारा राजाको दीर्घायुष्य, आरोग्य मंगलोदयको परमेश्वरसंग पुकारा गर्दै "राजा चिरं जीवतु" यही स्वस्ति सद्भावना व्यक्त गर्दछु।

चूडानाथ भट्टराय
उप-कुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

महेन्द्र संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष माधवराज गौतमद्वारा प्राप्त

शुभकामना

महेन्द्र संस्कृत विश्वविद्यालय शास्त्रानुसन्धान परिषद् पूर्वाञ्चल विकास क्षेत्र, पिण्डेश्वर विद्यापीठबाट त्यस क्षेत्रका विभिन्न जनजातिहरूको, धर्म, संस्कृति, परंपरा, भाषा, रहनसहन आदि र संस्कृत वाङ्मयमा नीहित विविध पक्षहरू संग सम्बन्धित अनुसन्धानमूलक 'मर्यादा' नामक पत्रिका श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको स्वर्ण शुभजन्मोत्सव विशेषाङ्कको रूपमा प्रकाशित हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ। म. सं. वि. वि. मा यस किसिमका अनुसन्धानमूलक प्रकाशनहरू हुनु सर्वथा राम्रो कुरा हो। म उक्त पत्रिकाका सम्पादक मण्डल तथा लेखकहरूलाई विशेष धन्यवाद दिन चाहन्छु साथै यस पत्रिकाले भविष्यमा नेपाली संस्कृतिका अरू विविध पक्षहरू बारे खोज गरी तथ्य कुरा प्रकाशमा ल्याउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

माधवराज गौतम
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

nal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

महेन्द्र संस्कृत विश्वविद्यालयका कुल-सचिव दत्तात्रेयशर्मा दाहालद्वारा प्राप्त

शुभकामना

महेन्द्र संस्कृत विश्वविद्यालय शास्त्रानुसन्धान परिषद् पूर्वाञ्चल शाखाले शास्त्रीय अनुसन्धान मूलक 'मर्यादा' पत्रिका प्रकाशन गर्न थालेकोमा यस देशका विभिन्न जात-जातिहरूको धार्मिक संस्कृतिक ऐतिहासिक गवेषणा गरी सबै जातिहरूको गौरवमय परम्परामा वैदिक संस्कृतिको प्रकाश छर्ने उद्देश्य अनुरूप पूर्ण सफलता प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

दत्तात्रेयशर्मा दाहाल
कुल-सचिव
महेन्द्र संस्कृत-विश्वविद्यालय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding.

महेन्द्र संस्कृत विश्वविद्यालयका निर्देशक डा. बाबुराम पोखरेलद्वारा प्राप्त

शुभेच्छा

परापूर्वकालदेखि चारवर्ण छत्तीस जातको फूलवारी नेपालमा विभिन्न जातिहरूले आफ्नो परम्परा, धर्म, संस्कृति, आचारविचार, रहनसहनलाई समन्वयात्मक रूपमा चलाइ आएका छन्। चाड, पर्व, विहावरी आदि धर्मकर्महरूको ऐतिहासिक पृष्ठभूमिमा प्रतिष्ठापित जीवनपद्धति भएका नेपालीहरू आफ्नो परम्परागत संस्कारमा हुर्कन चाहन्छन्।

नेपालका विभिन्न जातिहरूका चलिआएका धर्म, कर्म, आचारविचारहरूका सम्बन्धमा उठेका शंकाको उचित समाधान निकाली जनसमक्ष पुऱ्याउने उद्देश्यले महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत शास्त्रानुसन्धान परिषद् स्थापना भएको हो र यसले देशका पाचै विकास क्षेत्रमा विभिन्न विद्वान्हरूलाई सम्मिलित गरी शास्त्रानुसन्धान परिषद्को माध्यमबाट कार्य गरिरहेको छ। शास्त्रानुसन्धान परिषद्ले पत्रपत्रिका, विचारविमर्श, चिन्तन र छलफलद्वारा उद्देश्यहरू परिपूर्ति गर्दै जाने छ भन्ने आशा लिइएको छ।

पूर्वाञ्चल क्षेत्रस्थित शास्त्रानुसन्धान परिषद्ले श्री ५ महाराजाधिराज सरकारको स्वर्ण शुभजन्मोत्सवको सुअवसरमा विशेषाङ्क प्रकाशित गर्ने आंटेकामा अनुसन्धान (मर्यादा) पत्रिकाको गौरव बढेको छ। यस पुनीत कार्यप्रति म हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

डा० बाबुराम पोखरेल
निर्देशक
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

National Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

सम्पादकीय

महेन्द्र संस्कृत विश्वविद्यालयको-'पूर्वाञ्चल शास्त्रानुसन्धान परिषद, पिण्डेश्वर विद्यापीठ, धरानबाट परिषद्को मुखपत्रको रूपमा अनुसन्धान प्रधान यो 'मर्यादा' नामक पत्रिका पहिलो पल्ट प्रकाशमा आउँदैछ। अनुसन्धानलाई खोज, छानवीन अन्वेषण, विवेचन आदि शब्दले पनि अभिहित गर्न सकिन्छ। अन्वेषण-अनुसन्धानको क्षेत्र; के ज्ञान, के विज्ञान उभयत्र विस्तृत छ, विशाल छ र यो निरन्तर-अविश्रान्त चलिरहने प्रक्रिया पनि हो। अनुसन्धानमा नित्य नै नवनवोन्मेष भई नै रहन्छ अनि यसैले चिरन्तनतामा पनि नित-नवीनताको समाकर्षण सदैव विद्यमान रहन्छ। पछि फर्केर हेर्दा हाम्रा प्राचीन पूर्वजहरूमा यो अतीव जीवन्त र जागरूक अनि अश्रान्त रूपमा चलिरहेको अनुभूत हुन्छ। यस अनुसन्धानको आकर्षक रमणीय रूप; हाम्रा प्राचीन वाङ्मय - दर्शन शास्त्र आदिमा जहां कहीं देख्न पाइन्छ। अनुसन्धानले तथ्यातथ्यको विवेचन मात्र प्रस्तुत गर्दैन प्रत्युतः भविष्यका लागि भव्य परिणति समेत प्रस्तुत गर्दछ, यसैले अनुसन्धानको उपलब्धि उज्यालो र उत्थान हो।

महेन्द्र संस्कृत विश्वविद्यालयले यता केही समय देखि यस पक्षमा थप अभिरूचि लिएको छ। निर्धारित विषय र समयमा निर्धारित विद्वान् छात्र विद्वान्हरू द्वारा यो अनुसन्धानको काम संस्कृत क्षेत्रमा धेरै अगाडिदेखि हुंदै आएको हो र आज पनि विश्वविद्यालयमा केन्द्रीय स्तरमा यथापूर्व चलि राखेकै छ। यसका साथै नयां रूपमा अनुसन्धानलाई देशमा विस्तृत क्षेत्रमा पुऱ्याउने र तत् तत् क्षेत्रीय आ-आफ्नो विषय र क्षेत्रमा प्रगाढ़ रूचि एवं गहिरो अनुभूति राख्ने विद्वान् अनुसन्धाताहरूलाई पनि यस अभियान - धारामा समाविष्ट गराउने स्तुत्य कार्य विश्वविद्यालय-केन्द्रबाट शुरू भएको छ। यसबाट सर्व क्षेत्र, अरू लाभान्वित हुने निश्चितता स्पष्ट छ।

अनुसन्धान - प्रकाशनको यस दिशातर्फ पूर्वाञ्चल शास्त्रानुसन्धान परिषद्को यो पहिलो प्रयास हो। निवेदन गर्दा लेखक, विद्वान्

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

हरूबाट उपलब्ध हुन आएको सामग्री आवश्यक देखिएकोमा अति सामान्य संस्पर्श गरी - यथावत् प्रस्तुत गरिएको छ। संस्कृत तथा नेपाली-साहित्य, शब्दशास्त्र, हाम्रा श्रद्धा एवं आस्थाका केन्द्र, शिक्षा र समाज-प्रति सचेत व्यक्तित्व, जातित्व र सर्वोपरि मानवता आदिका विषयमा यहां केही चिन्तन-मनन; खोज अन्वेषण प्रस्तुत हुन आएको छ। हाम्रा प्राचीन कथा-वार्त्ता, जनश्रुतिहरू समेतले आज हाम्रा अगाडि स्वत्वको जिज्ञासा प्रस्तुत गर्न लागिसकेका छन्। यसरी खोजको फाँट अझ फरा-किलो हुंदैछ अनि तदनुरूप अन्वेषक विद्वान्हरू पनि अधिकाधिक सक्रिय हुंदैछन्। रूचि - वैविध्य - वैचित्र्य पनि प्रशस्त छ, त्यो स्वभाव हो- "भिन्न रूचिर्हि लोकः।"

यस वर्ष नेपाली मात्रका हृदय-सम्राट्, राष्ट्रनायक श्री ५ महा-राजाधिराज बीरेन्द्र वीरविक्रम शाहदेव-सरकारको स्वर्ण शुभजन्मोत्सव; देशभरि सवैतिर, विकास-मूलक विभिन्न राष्ट्रिय-कार्यक्रमहरू सञ्चालन गरी भव्यताका साथ, वडो उल्लासमय वातावरणमा, मनाइदैछ। हामी स्वर्ण शुभजन्मोत्सवको यस पावन-घडीमा मौसूफ सरकारका सुस्वास्थ्य एवं दीर्घायुष्यको मंगलमय शुभकामना समर्पण गर्दछौं; 'मर्यादा' को पहिलो यस अंकलाई मौसूफ सरकारको स्वर्ण शुभजन्मोत्सव विशेषांकको रूपमा, पाठकहरू समक्ष उपस्थापित गर्न पाउंदा हामीलाई धेरै खुशी लागेको छ।

हाम्रो यस अनुसन्धान - अनुष्ठानमा आपनो अमूल्य सहयोग पु-याई सहभागी बनिदिनु भएकोमा विद्वान् लेखकहरूप्रति, आफ्ना शुभ-कामना शुभाऽऽशीर्वचनले हाम्रो उत्साहलाई उचाली; यथेष्ट निर्देशन समेत दिनु भएकोमा महेन्द्र संस्कृत विश्वविद्यालयका श्रीमान् उप-कुल-पति प्राध्यापक चूडानाथ भट्टराई ज्यू, शिक्षाध्यक्ष-सहप्राध्यापक माधव-राज गौतमज्यू, कुलसचिव सहप्राध्यापक दत्तात्रेय दाहालज्यू एवम् केन्द्रीय अनुसन्धान निर्देशक प्राध्यापक डा. बाबुराम पोखरेल ज्यूमा समेत हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। अनि 'मर्यादा' को यस प्रकाशनमा प्रशंसनीय सहयोग पुऱ्याइदिनु भएकोमा प्रसिद्ध साहित्यकार-समालोचक श्री दधिराज सुवेदी (सदस्य-नेपाल राजकोय प्रज्ञाप्रतिष्ठान, प्रज्ञा-सभा) मुखपृष्ठलाई आफ्नो खदिलो कलाले सजाइदिनु भएकोमा सुप्रसिद्ध कलाकार उपेन्द्र वस्नेत 'पागल' र छिटो-छरितो छापेर गुन लगाउनु भएकोमा गणपति प्रिंटिंग प्रेस विराटनगरका मालिक श्री हरिनारायण राय जी मा समेत धन्यवाद ज्ञापन गर्दछौं। शुभम्।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

विषयानुक्रम

प्रथम खण्ड

	शीर्षक	लेखक	पृष्ठ
१.	श्री ५ वीरेन्द्र स्वर्ण शुभजन्मोत्सव ..	—पं. मेघराज शर्मा	१
२.	श्री ५ वीरेन्द्रका पचास वर्ष	—सूर्यप्रसाद उपाध्याय	९
३.	नेपालमा राजतन्त्र र जनजागरणको समीकरण	— आनन्दप्रसाद घिमिरे	१३
४.	वेदिक कालिक राजसंस्था	—डा. स्वामी प्रपन्नाचार्य	२०

द्वितीय खण्ड

१.	काव्यकुञ्जका आठ कोकिला	—कृष्णप्रसाद शर्मा, वस्ती	१
२.	धिमाल जातिको परिचय	—गिरिधरशरण शर्मा	१५
३.	'कामी' जात हैन उपाधि हो	—चक्रबहादुर शंकर	२६
४.	शास्त्रानुसन्धान उत्तम कुरा हो	— छविलाल पोख्रेल	३४
५.	शिक्षा र संस्कृतिको विकासमा पडानन्दको योगदान	—दधिराज सुवेदी	४३
६.	संस्कृतका केही शब्दहरूको व्युत्पत्ति विश्लेषण	—नरेन्द्र चापागाईं	५०
७.	राम-धुनो	—मान बज्राचार्य	६१
८.	स्वच्छन्दतावाद र 'देवकोटा'	—हरिप्रसाद तिम्सिना	६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

CC-0. In Public Domain. Digitization by eGangotri. Funding

National Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

श्री ५ वीरेन्द्र स्वर्ण शुभजन्मोत्सव नेपाली जनताको मंगलमय पर्व

—पं. मेघराज शर्मा

लेखक-- नेपाली भाषा साहित्यका साधक, समाजसेवी, विद्वान् र राजपरिषदको सम्माननीय सदस्य हुनुहुन्छ। वहाँले 'तरूण-तपसी' लाई हिन्दीमा सफल अनुवाद गरेर नेपाली साहित्यलाई हिन्दीसंसार-मा पुऱ्याउनु भएकोछ।-सम्पादक

हिन्दू राष्ट्र नेपालमा अहिले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार ५० वर्ष पुगीवक्सेको शुभावसर पारी मौसूफको स्वर्ण जन्मोत्सव अधिराज्य भरि धुमधाम साथ भव्यरूपमा मनाईंदैछ। नेपालमा संवैधानिक राजतन्त्रको ज्यादै ठूलो महत्व छ। राजसंस्था प्रति जनताको अगाध श्रद्धा कै यो फल हो कि स्वयंस्फूर्त श्रद्धा राख्दै सारा जन समुदायले राजाप्रति आफ्नो भक्ति तथा विश्वास दर्शाए। नेपालमा मात्र होईन बिदेशमा पनि जहां जहां नेपालीमूलका नागरिक बसेका छन्। तहां तहां आफ्ना प्यारा राजाको स्वर्ण जन्मोत्सव भक्तिपूर्वक मनाउँदै मौसूफ प्रति सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू तथा चिर शासनको शुभकामना अर्पण गरिरहेकाछन्। विश्व भरिका कुना-काप्चासम्म पनि नेपालाधिपति हिन्दू सम्राट्को यस स्वर्ण शुभ-जन्मोत्सवले यौटा महत्वपूर्ण चर्चाको स्थान लिएकोछ, उत्सुकता जगा-एकोछ तथा नेपाल र नेपालीलाई विश्वमा चिनाएर प्रतिष्ठा र शान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

दिलाएको छ।

राजसंस्था नेपाली जनजीवनको संस्कृति र जनजीवनको उच्चतम आकांक्षा र श्रद्धाको प्रतीकका रूपमा रहेकोछ, सारा विश्वका हिन्दूहरू जतासुकै बसे पनि हिन्दू सम्राट्को यस स्वर्ण शुभजन्मोत्सव मनाउन आह्लादित छन्। यस मंगलमय पर्वले सारा हिन्दू धर्मावलम्बीका हृदयमा यौटा गौरवमय छाप पारेको छ। यो यौटा ज्वलन्त सत्य हो, कल्पना होईन। नेपालको इतिहासमा नै राजसंस्था राष्ट्रिय एकताको प्रतीक रूपमा रहंदै आएको छ। हाम्रो संविधानमा पनि "श्री ५ नेपालको राष्ट्रीयता एवं नेपाली जनताको एकताका प्रतीक होईवक्सन्छ" भन्ने कुरा उल्लिखित छ। मौसूफ राष्ट्र र राष्ट्रियताको संवर्द्धन गर्न साह्रै दृढ़पनि होइवक्सन्छ यस अर्थमा हामीले राष्ट्रियता र श्री ५ महाराजाधिराज वीरेन्द्रलाई पर्याय जस्तै देखेका छौं। वि० सं० २०३६ सालमा मौसूफबाट घोषणा भएको राष्ट्रिय जनमत संग्रह, राजनैतिक स्वतंत्रताका निम्ति प्रथम बुद्धिमत्ता पूर्ण र उदार कदम थियो। राजाको विचार जनताको हितमा नै छ भन्ने विचारगरी प्रमुख राजनीतिक दलहरूले पनि सो घोषणाको स्वागत गरे। सो जनमत संग्रहमा प्राप्त भएको नतीजा सबैले सहर्ष स्वीकार गरे। तर जनताको वास्तविक इच्छा संवैधानिक राजतंत्रका अन्तर्गत सार्वभौमसत्ता जनतामा नै निहित हुनु पर्छ भन्ने कै फलस्वरूप सं० २०४६ सालको जन आन्दोलन भयो। सं० २०४६ को सो आन्दोलनलाई दवाउन, सरकारले आफ्नो शक्तिको अरू प्रयोग पनि गर्थ्यो होला। तर श्री ५ को बुद्धिमत्ता पूर्ण दृष्टिकोणमा जनताले जो चाहन्छ तेहि किन न गर्ने ? भन्ने उद्देश्य राख्ते प्रजातन्त्रको पुनर्बहाली गराई वक्स्यो। यो प्रजातन्त्रको पक्षमा राजाको ठूलो देन हो। यसरी राजाबाट जनताको इच्छाको सम्मान न गरी दिवक्सेको भए ठूलो मात्रामा जनधन को क्षति हुनसक्ने प्रवल संभावना थियो। संवैधानिक राजतन्त्रका अन्तर्गत बहुदलीय प्रजातांत्रिक पद्धतिको स्थापना पछि बनेको अन्तरिम सरकारले राजाबाट जुन किसिमको सहयोग प्राप्त ग-यो त्यसको पनि आफ्नै महत्व छ।

CC-0. Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

संवैधानिक राजा भैसकेपछि श्री ५ महाराजाधिराज तथा राजसंस्थाप्रति नेपाली जनताको आस्था र विश्वास प्रगाढ़ हुँदै गएको छ। संविधानका संरक्षक मौसूफ होईवक्सेकोले प्रजातन्त्रप्रतिको जनताको चाहनाको संरक्षक पनि राजानै होईवक्सन्छ भन्ने कुरा निर्विवाद छ। नेपालमा जनताका आधारभूत आवश्यकताका बारेमा मौसूफ निरन्तर चिन्तनशील होईवक्सन्छ। मौसूफको यो चाहना छ कि विकासकोफल प्रत्यक्ष रूपमा जनता समक्ष पुगोस्। दूरदर्शी राजाको अनुभव र निर्देशनबाट हामीले धेरै कुरा ग्रहण गर्न सक्नु परेको छ। श्री ५ वीरेन्द्रको यो स्वर्ण शुभजन्मोत्सव हामी नेपाली जनताका निम्ति ठूलो र सुखद अवसर हो। अतः जनताले आन्तरिक भक्ति र स्नेहले नै आफ्ना प्यारा राजाको यस स्वर्ण शुभजन्मोत्सवलाई यति हर्ष र उल्लास सहित मनाए र मनाउँदै छन्। राजमुकुट संस्कृति र जनजीवनको उच्चतम आकांक्षा र श्रद्धा प्राप्त गरेका छन्। बाराणसीमा स्व० श्री ५ महेन्द्रको सवारी भएको बखत मौसूफका पाउको धुलोलाई शिरमा लगाएर धन्य मान्ने तहाँ काशीवासमा रहेकी बंगाली गुजराती तथा अन्य राज्यकी महिलाहरूको त्यो श्रद्धा देख्ता हिन्दू सम्राट (नेपाल नरेश) लाई गीतामा भगवान् श्रीकृष्णले "नराणां च नराधिपम्" को विभूतिस्वरूपलाई पूर्ण मान्यता गरेको हो भनेर मान्नै कर लाग्छ।

शाहवंशको गौरवमय परम्परालाई अक्षुण्ण रूपमा कायम राख्ने, राष्ट्रिय एकता तथा ऐतिहासिक विशेषतालाई समेत ध्यानमा राखी बक्सी श्री ५ महाराजाधिराज सरकारबाट शुभराज्याभिषेकको सुखद अवसरको संबोधन क्रममा हुकुम भएको थियो "नेपाली राजमुकुट प्रजाको निम्ति, नेपाली प्रजा राजमुकुटको निम्ति, राजा र प्रजा दुवै (आफ्नो राष्ट्र) नेपालको निम्ति, तथा हाम्रो तन मन धन सबै मातृभूमि नेपालको निम्ति"। यस महान्वाणीद्वारा राजमुकुट तथा प्रजाको अभिन्नतम सम्बन्ध आदिकाल देखि नै अत्यन्त स्नेहपूर्ण रहँदै आएको कुरालाई अझै छलङ्ग पारिबक्सेको हो।

यहाँ थोरै मननीय र विचार गर्नु पर्ने कुरा के छ भने

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

प्रजातान्त्रिक पद्धतिद्वारा शासन चलाउने राष्ट्रहरूमा पनि कतै राष्ट्रपतीय शासन प्रणालीद्वारा शासन व्यवस्था संचालित हुन्छ भने, कतै संबैधानिक राजतन्त्रका अन्तर्गत प्रजातान्त्रिक पद्धतिद्वारा नै शासन संचालन भएको देखिन्छ। यस्ता मुलुकहरूमा ग्रेट ब्रिटेन, जापान, स्पेन, स्वीडेन तथा अनेकौं राष्ट्र छन् र राष्ट्रपतीय शासन प्रणालीका अन्तर्गत शासन व्यवस्था चल्ने राष्ट्र भारत, श्रीलंका, पाकिस्तान तथा पश्चिमका अनेकौं राष्ट्र छन्। प्रजातान्त्रिक पद्धतिद्वारा राष्ट्रपतीय प्रणालीको संचालन व्यवस्था, संवैधानिक राजतन्त्रको व्यवस्था भन्दा यस अर्थमा न्यून गुण कारक भनिन्छ कि राष्ट्रपति ५ वर्ष वा ३ वर्षको अवधिका निमित्त मात्र रहने व्यवस्था भएको हुन्छ जब कि संबैधानिक राजतन्त्रका अन्तर्गत चल्ने प्रजातान्त्रिक व्यवस्था राजाको वंशानुक्रम अनुसार उत्तराधिकारीहरूद्वारा संचालित रहन्छ। केही अवधिका लागि मात्र शासन सत्ता हाथमा रहने राष्ट्रपति आफ्नो अवधि पछि निष्क्रिय हुन पुग्दछन्। तर संबैधानिक राजतन्त्रका राजाहरू सबैंका लागी राष्ट्रको उच्चतम बिन्दुमा बसेका हुन्छन्। जसरी हामीलाई आफ्नो घरको माया हुन्छ, राजालाई त्यसैगरी आफ्नो राष्ट्रको माया रहन्छ। राष्ट्रपतिहरूमा आफ्नो राष्ट्रपतिको स्नेह रहेपनि अधिकारच्युत भएपछि त्यस्को महत्व क्षीण हुन जान्छ। अतः जनताका निम्ति राष्ट्रपतीय प्रणाली भन्दा संबैधानिक राजतन्त्रात्मक प्रणाली नै बढी उपयोगी हुन्छ भन्ने कुरा निर्विवाद मानिन्छ। यसैले चिरकालदेखि नै नेपाली जनता राजतन्त्रको छत्रछायामा ओतिंदै आएको हुंदा नेपाली जनजीवनमा "राजा" राम्ररी भिजेको छ। "राजा सबका साझा" भन्ने हाम्रो उखान प्रसिद्धि छ। बूढा बूढीले आशीष दिंदा पनि "राजा - देउता, तिम्रा दाहिना होउन" भन्ने चलन अझै पनि छदैछ। राजालाई विष्णु अंशको रूपमा कल्पना गरिने शुक्रनीतिको यौटा श्लोक छः—

"ततो राजगृहं गत्वा ज्ञप्तोगच्छेच्च सन्निधिम्।
नत्वानृपं यथान्यायं विष्णुरूपमिवापरम्॥ शुक्रनीति अ० २।११

एकताको प्रतीक राजपदको तथा राष्ट्रीय ध्वजाको नेपाली

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding.

जनमानसमा ठूलो सम्मान रहि आएको छ । महाभारत शान्ति पर्वमा राजाका सद्व्यवहारले गर्दा प्रजा प्रसन्न र सुखी हुन्छन्, त्यसैले सरल व्यवहार, सत्यको संरक्षण, र लोकरंजन नै राजाको सनातन धर्म मानिएको छ" जस्तै :—

'लोकरञ्जनमेवात्र राज्ञां धर्म सनातनः ।।
सत्यस्य रक्षणं चैव, व्यवहारस्य चार्जवम् ।। अ० ५७ ।

यसैलाई रघुवंशमा महाकवि कालिदासले प्रजालाई प्रसन्न तुल्याउने राजा शब्दको साथकता "राजाप्रकृति रञ्जनात्" भनिएकोछ । यसैले राजधर्मलाई सर्वश्रेष्ठ मानिएकोछ ।

सर्वेत्यागा राजधर्मेषु दृष्टाः सर्वादीक्षा राजधर्मेषु चोक्ताः ।।
सर्वाविद्या राजधर्मेषु युक्ताः सर्वे लोका राजधर्मे प्रतिष्ठाः ।।
महाभारत शान्ति पर्व

अर्थात् राष्ट्रको सम्पूर्ण गतिविधि र जनजीवनका यावत् कर्म विधानहरूले राजधर्मबाट हुकने अवसर प्राप्त गर्दछन् । शास्त्रकारहरू भन्दछन् :

"योहि धर्म परो राजा देवांशोऽन्यश्च रक्षसाम्"

राजाको शरीर आमोद प्रमोदका लागि नभै कर्तव्य पालन गर्न र प्रजाको रक्षा गर्नका लागि देवता र अष्टलोकपालहरूले दिएको शरीर हो । वैदिक हिन्दू धर्ममा स्वधर्म सेवी राजामा ईश्वर तथा देवताहरूको विभूतिको कल्पना गरिएकोछ ।

"अष्टानां लोकपालानां मामभिनिर्म्मि नृपः ।। यही हो हाम्रो शास्त्रोय सिद्धान्त आठ लोकपालहरूको शक्ति (माया) द्वारा राजाको पावन गाथ बनेको हुन्छ । अतः सर्व वन्दनीय तथा श्रद्धेयको रूपमा राजा पूजित हुन्छन् । शाहवंशोय राजाहरूको देनका बारेमा भन्ने हो भने यस आधुनिक नेपाल राष्ट्रको एकीकरण अभियानका महान् नायक श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह नेपाली मात्रकै राष्ट्र निर्माता हुन् । हिमालयका उतुंग शिखरहरू लगायत । पहाड़, उपत्यका तराई एवं पूर्व देखि पश्चिम सम्म बाईसी-चौवीसी तथा उपत्यका लगा-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यत र पूर्वी इलाका समेत गरी ५४/५५ भन्दा बढी पृथक पृथक स-साना राज्यहरूमा विभाजित थियो तत्कालको नेपाल । नेपालको यस्तो विशृङ्खलात्मक स्थिति थियो कि परस्परमा साना राज्य रजौटा आ-आफ्नो क्षेत्रमा अधिनायकवादी थिए । विकासको कुरै भएन । परस्पर-मा संघर्ष पनि भै रहन्थे । अतः यस्तो स्थितिको अन्त्य गरेर विविध जन-जाति एवं समुदायका अतिरिक्त सांस्कृतिक एकताको भावनामा आबद्ध गरी आधुनिक नेपालको सिंगो संरचना गन वीरयोद्धा श्री ५ बड़ा महाराजाधिराज पृथ्वीनारायण शाह राष्ट्रिय एकताका प्रतीक हुन् । श्री ५ पृथ्वीका दिव्योपदेश आजको सन्दर्भमा पनि उत्तिकै उपयोगी र राष्ट्रीय भावनाका प्रेरक हुन् । यहां पछि नेपालको एकीकरण अभि-यानमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गनें महारानी राजेन्द्रलक्ष्मी-देवी पनि नेपालको इतिहासमा वीराङ्गनाका रूपमा परिचित छन् । बीच-मा १०४ वर्षसम्म जहानिया राणा शासनबाट दबिएर बसेका नेपाली जनताले सं० २००७ सालमा राष्ट्रपिता श्री ५ त्रिभुवन के नेतृत्वमा भएको जनक्रान्तिबाट स्वतंत्रता प्राप्त गरे । संक्षिप्तमा शाहवंशीय नरेशहरूबाट नेपाल राष्ट्रको सेवाको सन्दर्भमा भन्ने हो भने, द्रव्यशाह-बाट गोरखा राज्यको निर्माण, रामशाहबाट न्यायिक तथा सामाजिक पक्षको सुधार, नरभूपाल शाहबाट नेपाल एकीकरणको प्रारम्भ, पृथ्वी-नारायण शाहबाट आधुनिक नेपालको निर्माण, बहादुर शाह र महारानी राजेन्द्रलक्ष्मीबाट पृथ्वीनारायण शाहका अधूरा कार्य पूरा, श्री ५ त्रिभु-वनबाट प्रजातन्त्रको युगमा प्रवेश, श्री ५ महेन्द्रबाट नेपाललाई अन्त-राष्ट्रिय जगतमा परिचित गराउनु, राष्ट्रियताको भावना उजागर गर्नु एवं दिगो विकासको पूर्वाधार निर्माण गर्नाका साथै हाल श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट सारा नेपाली जनताको जनभावना र जनईच्छा अनुरूप प्रजातन्त्रको उदार पक्षमा खेलिवसेको भूमिका महत्वपूर्ण रहेकाछन् । यसैले नेपाल राष्ट्रको निर्माण र संरक्षणमा शाहवंशीय राजाहरूको अतुलनीय योगदान रहेकोछ । आज नेपाली जनताले जुन स्वतन्त्र सार्वभौमिक राष्ट्र पाएकाछन् । सो शाहवंशीय राजाहरूको

Digitized by Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding.

देनको फल हो । नेपाल अधिराज्यको शासन समयावधिलाई हेर्दा शाहवंशीय राजाहरूले २९ पुस्ता देखि शासन गर्दै आएको देखिन्छ। कुल मण्डल खाँड सम्म ८ पुस्ता, फेरि नर भूपाल सम्म १० पुस्ता र पृथ्वीनारायण शाहदेखि श्री ५ वीरेन्द्र सम्म ११ पुस्ता चल्दै रहेकोछ।

राष्ट्रिय एकताका प्रतीक श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहका वंशाधिकारी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको स्वर्ण शुभ जन्मोत्सव विविध कार्यक्रमहरूका साथ देशव्यापी रूपमा ज्यादै श्रद्धा भक्तिका साथ मनाइयो र मनाईं दै छ। राजभक्त प्रजाको निमित्त यो महत्वपूर्ण तथा खुशीको उत्सव हो। लामो जनसंघर्ष पश्चात् प्राप्त भएको संसदीय प्रजातन्त्र प्रति मौसूफ श्री ५ बाट यसको संरक्षण र संवर्द्धनमा जुन किसिमको भूमिकाको निर्वाह गरियो, त्यसबाट स्वदेशमा मात्र नभै विदेशमा समेत ठूलो प्रभाव पारेकोछ। त्यसैले संवैधानिक राजाबाट बहुदलीय प्रजातन्त्रको पक्षमा खेलिवक्सेको भूमिका अत्यन्त सफल छ। त्यसैले नेपाली जनताले आफ्नो भक्ति र आस्था श्रद्धेय राजाको स्वर्ण शुभ जन्मोत्सवको रूपमा अभिव्यक्त गरेर यस शुभजन्मोत्सवलाई आधुनिक नेपालको इतिहास शृङ्खलामा चिरस्मरणीय राख्ने उत्तम प्रयास गरेका हुन्।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट २०२८ सालको माघ १७ गतेका दिन राज्यारोहण गरिबक्सियो। वि सं. २०३१ को फागुन १२ गते मौसूफको शुभ राज्याभिषेक सुसम्पन्न भयो। सोही अवसरमा शान्ति क्षेत्र घोषणा गर्ने प्रस्ताव पनि मौसूफबाट प्रस्तुत गरियो। सं० २०३६ जेठ १० गतेका दिन राष्ट्रिय जनमतसंग्रहको घोषणा भयो। सं० २०४३ को माघ २ गते काठमाडौंमा स्थापना भएको सार्कको स्थायी सचिवालयको समुद्घाटन पनि मौसूफ कै वरद बाहुलीबाट सुसम्पन्न भयो। यसै पछि सं० २०४५ को भाद्र मैन्हामा अधिराज्यका पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रमा भुकम्पले पु-याएको ठूलो क्षतिलाई, आफ्नै आँखाले नजर गरिबक्सन तथा जनतालाई सान्त्वना बक्सन श्री ५ बडा महारानीका साथ ठाऊँ ठाऊँमा सवारी

epal Sanskrit University, Balmeeki Campus, Kathman

CC-0. Public Domain. Digitization by eGangotri.Funding

भै स्थितिको अध्ययन गरिवक्सी जनतालाई राहत पुऱ्याउने काममा निर्देशन बक्सियो । वि. सं. २०४६ को चैत्र २६ गते निर्दलीय पंचायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाको घोषणा गरिबक्सियो पछि, सं० २०४७ को कार्तिक २३ गतेका दिन नेपाल अधिराज्यको संविधान (२०४७) जारी गरबिक्सियो । यसरी घोषणा भएको मुलुकको विधान बमोजिम जुनसुकै राजनैतिक दलसत्तामा रहेपनि सरकारको दृष्टिकोण सर्वथा निष्पक्ष तथा राष्ट्रहितलाई सर्वोपरि ध्यानमा राखिएको कुराले सबैको आस्था राजसंस्था प्रति झन झन बढ्दै गएको प्रत्यक्ष देखिन्छ ।

अतः यस स्वर्ण शुभ जन्मोत्सवको पुनीत उपलक्षमा श्री ५ महाराजाधिराज श्री ५ बड़ा महारानी, श्री ५ युवराजाधिराज सरकार सहित सारा राज परिवारको सुस्वास्थ्य दीर्घायु र चिरकालसम्म सुशासनको मंगल कामना गर्दै, मौसूफको प्रतापी नेतृत्व र सुशासनमा नेपाल र नेपाली जनताले अभूतपूर्व उन्नति गर्न सकुन् भन्ने प्रार्थना भगवान श्रीपशुपतिनाथमा गर्दै यस मंत्रको पाठ पनि गर्न चाहन्छौं ।

ॐ श्रीर्वचस्वमायुष्यमारोग्यमाविद्याच्छोममानं महीयते ।
धनंधान्यं पशुं बहुपुत्र लाभं शतसम्वत्सरं दीर्घयायुः शुभम् ।

CC-0. Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding.

श्री ५ वीरेन्द्रका ५० वर्ष

—सूर्यप्रसाद उपाध्याय

लेखक—धरानका वरिष्ठ नागरिक, विद्वान्, चिन्तनशील व्यक्तित्व, योग्य वक्ता एवं तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य हुनुहुन्छ ।-सम्पादक

श्री ५ महाराजाधिराज बीरेन्द्र वीरविक्रम शाहदेव सरकारको जन्म वि. सं. २००२ साल पौष १४ गतेका दिन राजदरवारमा भएको हो । त्यस वेला दोस्रो विश्वयुद्धको समाप्तिपछि विश्वमा शान्ति कायम गर्ने नयां जमर्को हुन थालेको थियो, युद्धले ल्याएका हत्या र हिंसाको विभीषिकाले मानवमन र मस्तिष्कलाई गम्भीररूपबाट प्रभावित तुल्याएको थियो । दोस्रो बिश्वयुद्ध ताकाको विद्वेष, घृणा, प्रतिशोधको ज्वालाबाट भस्मीभूत भएको विश्वमा लाखौंलाख मानिसको भयानक मृत्यु, करोडौं-अरबौंको सम्पत्ति, इतिहास, सभ्यता, संस्कृति र कलाको अपूरणीय क्षति, आत्महत्या-हिंसा र धातप्रतिघातको भयावह घटनाक्रम पछि भरखर झुल्कन लागेको शान्ति र भाइचाराको नयाँ युगको प्रारम्भमा मौसूफ सरकारको उदय भयो ।

२००२ सालमा मौसूफको जन्मको लगत्तै जस्तो नेपालीले २००७ सालमा प्रजातन्त्र पाए । श्री ५ पनि ५ वर्षको कलिलो उमेरदेखि नेपाली प्रजातन्त्रको वदलिदो रूप निरन्तर अवलोकन गरिवक्सदैछ ।

मौसूफ सरकारको शिक्षा दार्जीलिङ्गमा भयो । त्यसपछि वेला-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यतमा स्नातक सम्मको अध्ययन पछि अमेरिका र जापानमा समेत उच्च शिक्षा हासिल गरिवक्स्यो ।

विदेशबाट उच्च शिक्षाको सैद्धान्तिक ज्ञान र सोही अवसरमा गरिवक्सेका विश्व अवलोकन एवं विश्वका विभिन्न नेताहरूसंगको सम्पर्कबाट प्राप्त ज्ञान र अनुभवको विशाल विधिमा मौसूफबाट पूरा-गरिवक्सेको देशको गुप्त भ्रमण र त्यसपछि प्रारम्भ गरिवक्सेको चरण वद्ध अंचल भ्रमण ले प्रारम्भले कसी लगाई चमक पैदा गरेको थियो ।

२०२६ सालमा मौसूफको शुभविवाह श्री ५ बडामहारानी ऐश्वर्य संग सुसम्पन्न भएपछि श्री ५ युवराजाधिराज दीपेन्द्र, श्री ५ अधिराजकुमारी श्रुति र श्री ५ अधिराज कुमार निराजन सहितको सुखद पारिवारिक जीवन यात्राहरू अगाडि बढ्यो ।

२०२८ सालमा मौसूफ सरकारका पिता स्व० श्री ५ महेन्द्रको आकस्मिक स्वर्गारोहण पछि मौसूफ सरकारबाट राज्यारोहण गरि-वक्से पछि शिक्षालाई एउटा निर्दिष्ट दिशातर्फ उद्देश्य मूलक रूपमा अगाडि बढाउने जमर्को गरिवक्स्यो - नयां शिक्षा योजना लागु भो । हामीले त्यो पचाउन सकेनौं । त्या नयां पनि गयो । पुरानो पनि गयो । अहिले न नयां, न पुरानो, केहो ? केहो ? यस्तै चल्दैछ - विसगतिको गणना, व्याख्या र विश्लेषण त सब गछन्, तर समाधान गरेको आम-सहमति भने न शिक्षा विद्हरू बीच, न शिक्षकहरू बीच न कुनै खास क्षत्रमा नै देख्न सकिएकोछ - यसप्रकार गहिरो उपत्यका भित्र रूम-लिएको कुइरो सरो भ आज शिक्षा लक्ष्य विहीन, दिशाविहीन, चिन्तन विहीन भएर कतापटि हो थाहा छन तर निरन्तर वढिरहेकोछ ।

विकास क्षत्रको गठन पश्चात् प्रत्येक विकास क्षत्रमा मौसूफको सवारी भै विकास आयोजना लक्ष्य अनुरूप संचालन भैरहेका छन् छैनन् सो को यथार्थ अवलोकन गरिवक्सनुका साथै कुनै कठीनाई वा वाधा व्यवधान परेको भए स्थलगत समाधान पहिल्याउने उद्देश्यबाट सम्पन्न हुद आएको क्षेत्रीय भ्रमणबाट केहोहदसम्म विकासलाई देन पुगेको थिया, हालको परिवर्तित परिवेक्ष्यमा त्यसको औचित्य र सान्दर्भिकता

Digitized by eGangotri. Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

दुवै मारहेकोले विकासको विकेन्द्रीकरण, क्षेत्रीयकरण भन्ने कुरा निर्वाचनका वेला गरिने वाचा वा प्रकट गरिने कटिवद्धताको तह भन्दा अगाडि जाने सट्टा झूठा विवरण प्रस्तुत गरी खास लक्षित समूहसम्म विनियोजित राजस्व पुग्न सकेको छैन। यस प्रकार गाऊँ मुखी नाराहरूका खोक्रोपना भित्र गाऊँहरू अझ वढी उपेक्षित एवं शोषित वन्दै गएका छन्।

नेपालमा शान्तिले संस्थागत स्वरूप ग्रहण गर्ने र यस्तै गरी विश्वमा जहिले जहाँ शान्तिका संभावनाहरू प्रवल हुंदैजान्छन त्यहां शान्तिक्षेत्रहरूको निर्माण हुंदै जाओस् र यसै क्रममा एकदिन यस्तो होला कि विश्वमा धेरै ठाऊँमा शान्ति-क्षेत्रका मरूद्यानद्वारा विश्वमा शान्तिको हरियालीको स्थापना, निर्माण र विकास गर्न सकियोस् भन्ने व्यापक र महान् उद्देश्यवाट विश्वसम्मुख श्री ५ वाट प्रस्ताव गरिवक्सेको शान्तिक्षेत्र प्रस्तावलाई ११८ मुलुकवाट समर्थन भैसकेकोमा अरू कसैको कारण होइन हाम्रो आफ्नै कारणवाट त्यो प्रस्ताव पनि ओझेलमा पर्न गएकोछ - अधरमा लटकेको छ। आज शान्तिको कुरा पनि विवादास्पद ठानिएको छ।

शिक्षाको उज्यालो घाममवाट कसैले वञ्चित हुनु नपरोस भनी मौसूफ सरकारको शुभ राज्याभिषेकको उपहारको रूपमा जनताले प्राप्त गरेका निःशुल्क प्राथमिक शिक्षा योजनालाई एकातिर राजनीतिको सस्तो खेल खेल्ने अखाडा वनाउन थालियो भने व्यापक भ्रष्टाचारको थलो पनि वनाइयो। आज निःशुल्क शिक्षा माध्यमिक तह सम्म गर्ने भन्ने घोषणा द्वारा ठूलो धनराशि राष्ट्रले वेहोर्नु परिरहेकाछ भने वर्ष भरिको शुल्क भन्दा वढी रकम अभिभावकले तिर्नु पर्ने वाध्यता पनि विद्यमान छ। यसले गर्दा आज शिक्षा सक्षमहरूको घर दलोवाट असक्षमहरूको घर आगनमा पुग्न सकोस् र गरीवका छोरा छोरीहरूले पनि शिक्षाको उज्यालो घामको न्यानोपन देख्न पाउन् भन्ने पवित्र चाहनाको विपरित दिशा तर्फ उन्मुख हुंदैछ।

परिस्थिति यस्तो छ तर मौसूफ सरकारको देश विकासको आकांक्षा भने सेलाएको छैन्। यसवाट यही कुरा सिद्ध गर्न सकिन्छ कि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

देश प्रेम, प्रजावत्सलता, विकास प्रतिको उत्सर्ग मौसूफ सरकारमा सघन रूपमा छ।

वर्तमान राजनैतिक गैर जिम्मेवारी जनित छाडापनले विस्तारै अनुशासन र परिमार्जन हासिल गर्दै माथि भनिएका त्रुटि कमजोरीहरू लाई हटाउदै देशले पुनः विकास पथमा अग्रसर हुने आशा गर्न सकिन्छ।

राजाको स्वार्थको दृष्टिकोणले हेर्ने हो भने म त राजाको पनि यही रहेको पाउँछु कि "गरीब मुलुकका विपन्न प्रजाको राजा" भनी कहलाउनु भन्दा -"समृद्ध देशका सम्पन्न प्रजाको राजा"- भन्ने परिचय प्राप्त गर्न पाए हुन्थ्यो। राजाको यो स्वार्थ त हामी सबैको सौभाग्य सूचक नै ठानिनु पर्ने हो। अस्तु।

Digital Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding

नेपालमा राजतन्त्र र जनजागरणको समीकरण

—आनन्दप्रसाद घिमिरे

लेखक—वेदाचार्य, पिण्डेश्वर संस्कृत विद्यापीठ धरानका शिक्षक र उत्साही युवक हुनुहुन्छ ।—संपादक

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा उपस्थित हिमाली अधिराज्य नेपाल प्राचीनकाल देखि नै स्वतन्त्र, सार्वभौमसत्ता-सम्पन्न सनातनधर्मावलम्बी राजतन्त्रात्मक राष्ट्रको रूपमा अद्वितीय पहिचान दिंदै आएको छ । धार्मिक सहिष्णुताको क्षेत्रमा यो अग्रगण्य छ; शान्तिक्षेत्रको केन्द्र रहेको नेपाल विश्वमा नै शान्त कायम रहोस् भन्ने कुरामा समुद्यत, प्रतिबद्ध र विश्वस्त छ । यही किरातवंश, गोपालवंश लिच्छविवंश र मल्लवंश चलिसकेको छ तथा शाहवंश चलिरहेको छ । राजतन्त्रात्मक मुलुकको द्योतक पनि यही हो । नेपालका लागि जनताले जनताका भलाइका लागि जनतामै समर्पित भएर गरिने सुशासन परम्परा नै राजा र प्रजा मिलेर देश हाँक्ने परम्परा अर्थात् वैधानिक राजतन्त्र हो भन्ने सदाशयता हिजो पनि थियो, आज छ र भोलि पनि रहने नै छ ।

यहाँ शान्तिका प्रतीक बुद्ध जन्मेका छन् । राजा जनक, सती सीता, भृकुटी, मानदेव, अंशुवर्मा, भूपतीन्द्रमल्ल, प्रतापमल्ल, रामशाह जस्ता विभिन्न राजवंशका वीरपुरुषहरू तथा राष्ट्रिय विभूतिहरूको

epal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

पदार्पण यस पावन भूमिमा भएको छ। राजोचित गुणका अपार भण्डार भएका, देशलाई त्रिखण्डनबाट जोगाउने मात्र न भै विशाल देश-को निर्माण गर्ने भएका प्रातः स्मरणीय स्वर्गीय श्री ५ बडामहाराजा-धिराज पृथ्वीनारायणको छविले नेपाललाई आलोकित तुल्याइरहेको छ; तुल्याइरहने छ। फत्य वहादुरशाहको वहादुरी र महारानी राजेन्द्र-लक्ष्मीको पराक्रमले गोरखालीहरूको शान जगाएको छ।

हुन त केही अवधि (निरंकुश राणाकालमा) राणाहरू नं कोही जंगबहादुर भए भने कोही देवशम्शेर पनि भए भने त्यस निरंकुशताको चपेटामा राजा र प्रजा दुवै चेप्टिएका मात्र होइनन् वस्तुतः विश्वभरी नं ठूला साम्राज्यवादी देशका औपनिवेशिकतामा शयौं राष्ट्रहरू कजि-एका अवस्थाको कारण, तत्कालीन परिवेशमा विश्व समुदायबाट प्रायः अलग भएकोले गरीबी, अशिक्षा, तानाशाही राज्यव्यवस्था आदि-बाट भूपरिवेष्टित यो मुलुकको स्थिति अत्यन्त दयनीय थियो। तथापि धार्मिक एकता, नेपाली भाषा, साहित्य र भेषमा राष्ट्रियता, देशको भक्तिभाव उजागर गर्नमा एकता गर्ने, क्रान्तिद्वारा प्रजातन्त्रका लागि राजनैतिक रूपले आत्मवलिदान गर्न पछि नपर्ने वीरपुरूषहरू - भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, कालु पाँडे भीमसेन थापा, अमरसिंह थापा लगायत वीरपुरूषहरू शहीदहरू नेपालमा प्रजा-तान्त्रिक समाजवादका पथप्रदर्शक श्री विश्वेश्वरप्रसाद कोइराला आदि वीर योद्धा युगपुरूषहरूको योगदानले वर्तमान नेपालको स्वरूप चिन्ह सजिलो पर्छ।

२००७ सालको जनक्रान्तिको सक्रिय नेतृत्व स्वर्गीय राजा त्रिभुवनबाट भएको थियो। जनताको लागि राजगद्दी र गाथको पर-बाह नगरी क्रान्तिमा होमिने राजा तथा वैधानिक राजतन्त्र जोगाइ देशमा प्रजातन्त्र ल्याउन कुर्वानी गर्ने जनताको अपूर्व संयम नेपालमा मात्र होइन अपितु विश्वमै सर्वथा नौलो र स्तुत्य थियो। यसै सन्दर्भ-मा सम्पूर्ण नेपालीहरू आफूलाई कृतकृत्य सम्झन्छन् र सम्पूर्ण सहीदहरूका साथै प्रजातन्त्रप्रवर्तक राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवन

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

वीरविक्रम शाहदेवप्रति हरेक वर्ष श्रद्धाञ्जली चढाउँदछन् ।

२००७ साल पछि २०१७ सालसम्मको देशको अवस्था अस्त-व्यस्त थियो । भर्खर भर्खर प्राप्त प्रजातन्त्र तथा वैधानिक राजतन्त्र-भित्रको अधिकारको उपभोग हेतु राजा प्रजा बीच, अझ भनौं राजनैतिक पार्टी पार्टी बीच तथा शासनभारको जिम्मेवारी लिने पार्टी र दरबार संगको अन्तरंग सम्बन्धबीच समन्वय हुन सकेन, खोसाखोसमा नै समय वित्यो । संभवतः अति विश्वासका कारण संवैधानिक व्यवस्थामा त्रुटी हुन गयो र अराजक स्थिति उत्पन्न भई शक्ति सन्तुलन हरायो । फलतः २०१६ सालमा पहिलो जन निर्वाचनबाट सम्पन्न श्रीविश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री रहनु भएको नेपाली कांग्रेसको सरकारलाई राजा महेन्द्रबाट आफ्नो अवशिष्ट अधिकार प्रयोग गरी २००७ साल-मा सत्ताच्युत गरियो । श्री ५ महेन्द्रबाट नयाँ व्यवस्था लागु गरी प्रत्यक्ष शासन गर्ने काम भयो । जसमा वर्ग विशेष समेटिएतापनि सम्पूर्ण जनता समाहित हुन सकेनन् ।

यसरी हेर्दा नेपालमा जसरी भएपनि प्रजातन्त्र स्थापना गर्नु-पर्छ भन्ने अवस्था आयो भने कसैगरी पनि राष्ट्रिय अस्तित्व जोगाउनु पर्छ भन्ने पनि आयो । आखिर समयको पनि त खेल छ । हामी स्वर्गीय श्री ५ महेन्द्रलाई कलासाहित्यका पारखी, कवि तथा कुटनैतिक व्यक्तित्व एव राष्ट्रियताका शुभचिन्तकका रूपमा संझना गर्छौं । मौसूफबाट निसृत व्यवस्था ३० वर्षसम्म टिकेको हो । वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको राज्यारोहण वि. सं. २०२८ मा भएको हो । मौसूफको राज्याभिषेक विक्रम सम्वत् २०३१ सालमा भएको हो । विश्वका प्रायः राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरूको समुपस्थितिमा श्री ५ बाट राज्याभिषेकको अवसरमा नेपाललाई 'शान्तिक्षेत्र' घोषणा गरियोस् भन्ने प्रस्ताव राखिवक्सियो । श्री ५ बाट प्राथमिक शिक्षा निःशुल्क गर्ने घोषणा पनि वक्स भयो । मौसूफ सरकारकै शासनकालमा नयाँ शिक्षा पद्धतिको योजना २०२८, को लागु, प्रादेशिक ४ विकास क्षेत्रको विभाजन २०२९, सामाजिक

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

सेवा राष्ट्रिय समन्वय परिषदको गठन २०३४, इत्यादि भए भने अनेकौं उद्योग, कल-कारखाना, बैंक, वित्तीय संस्था, यातायात, सञ्चारका साधन आदि खुलेका छन्।

वि. सं, २०३६ सालमा भएको आन्दोलनका सम्बन्धमा श्री ५ बाट नेपाली जनता यो व्यवस्था परिवर्तन गर्न चाहन्छन् कि? भन्ने सम्बन्धमा "बहुदल र सुधारिएको निर्दल" भन्ने विषयमा जनमतसंग्रह-को घोषणा गरिविक्रियो। २०४६ सालमा भएको जन आन्दोलन पछि राजा, कांग्रेस र वाममोर्चा त्रिपक्षीय संझौता अनुरूपको अन्तरिम मन्त्रीमण्डल बनी निर्धारित समयमै २०४७ को नेपाल अधिराज्यको संविधान बन्यो र २०५७ कार्तिक २३ शुक्रवारका दिन देखि लागु भयो। यसमा श्री ५ अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई तथा प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायका ठूलो देन छ। संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र न्यायपालिका, मानवाधिकार, जनतामा सार्वभौमसत्ताको हस्तान्तरण जस्ता कुराहरू यस तयाँ संविधानको असंशोधनीय चरित्रका रूपमा प्रतिबिम्बित भएका छन्। श्री ५ लाई यस संविधानले राष्ट्रिय एकताको प्रतीक तथा संविधानको संरक्षक तथा संवैधानिक राजाको रूपमा स्वीकार गरेको छ।

श्री ५ बाट संसारका प्रायः सबै राष्ट्रहरूको भ्रमण गरिविस-एको छ। यसबाट नेपाल र मित्र राष्ट्र संगको द्विपक्षीय र बहुपक्षीय सुमधुर सम्बन्ध कायम भै एकापसका सहयोगको अभिवृद्धि भएको छ। श्री ५ को भारत र चीनसंग अति सुमधुर संबन्ध छ। श्री ५ बाट असंलग्न शिखर सम्मेलन, गरीब तथा अल्पविकसित राष्ट्रहरूको सम्मे-लन तथा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) मा सक्रिय सहभागी भै नेपालको वास्तविकता प्रष्ट्याइचक्सेको छ।

२०४६ सालको आन्दोलन सम्बन्धमा नेपाल र भारत संगको व्यापार तथा पारवहन सन्धि नवीकरण हुने नसकीरहेको नाजुक अवस्थामा परिवर्तनकारी नेपाली जनताले 'पञ्चायती व्यवस्था' फाल्ने चाहना साथ रूपमा गरेका थिए भने अर्कातिर देशमा प्रजातन्त्र ल्याइ-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

छाड्न स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाले गर्नु भएको जेलनेल हतकडी तथा निर्वासनको आजीवन संघर्षलाई मूर्तरूप दिन वहाँका अर्का साथी जन आन्दोलनका सर्वोच्च कमाण्डर, नेपाली कांग्रेसका नेता श्रीगणेशमान सिंहको नेतृत्वमा नेताहरू श्रीकृष्णप्रसाद भट्टराई, श्रीगिरिजाप्रसाद कोइराला आदिले आन्दोलन बढाइरहेको अवस्थामा वाममोर्चाका हस्ती श्रीमनमोहन अधिकारी समेत आफ्ना सहयोगीका साथ सो आन्दोलन सफल पार्न जमेर लाग्नु भएको थियो। सोभियत संघको पतनोन्मुखी अवस्था, प्रायः कम्युनिष्ट देशहरू र तानाशाही सैनिक शासन व्यवस्था धराशायी भैरहेको विश्व परिवेशमा जनआन्दोलनका सहयोगीका रूपमा नेपाली कम्युनिष्टहरूलाई प्राप्त गर्नु नेपालका लागि मात्र नभएर विश्वका लागि स्तब्ध हुने कुरा भो, चाहे त्यो निमेषमात्रको किन न होस् कसै कसैले 'शान्ति क्षत्र' को घोषणा व्यवस्था जोगाउन गरिएको भन्छन् भने कोही आफूसित सीमा जोडिएको राष्ट्रलाई भाई/भाइ राष्ट्रको रूपमा हेर्ने भारतको सिद्धान्त अनुसार सो घोषणाले भारत असन्तुष्ट रहेको पनि भन्छन्। जेहोस् २००७ साल, २०१७ साल र २०४६ सालका घटना संग प्रत्यक्ष वा परोक्षरूपमा संलग्नता देखाइन्छ र तीनतिर भारतले घेरिएको भौगोलिक अवस्था, धार्मिक, सामाजिक, राजनैतिक आर्थिक सामञ्जस्यताले त्यसलाई स्वाभाविक रूपमा स्वीकार गर्न सकिन्छ।

श्री ५ महाराजाधिराजबाट २०४६ सालको जन आन्दोलन न चर्किएोस् भन्ने बुद्धिमत्तापूर्ण सदिच्छा लिइबक्सी आन्दोलनकारी नेतृत्व शक्ति संग वार्ताको लागि पहलकदमी गरिबक्स्यो। यसबाट अपार धनजनको संभावित क्षतिमात्र बच्न पुगेन अपितु वार्ताका ढोका एकाएक खुल्दै गए, पार्टी प्रतिबन्ध हट्यो, प्रतिबन्धित स्वतन्त्रता खुल्दै गए श्यालखानाका ढोका खोलिए भैं। सारा जनताले खुशीको श्वास फेरे प्रजातन्त्रको पुनर्स्थापना पाएर। संविधानतः नेपालभूमी, त्यस भूमीमा रहने तमाम नेपाली जनता तथा जनताका माझ रहेको एकताको प्रतीक राजमुकुट नै अपनत्वको भावले समष्टिमा राष्ट्रियता हो भन्ने उद्बोधन

epal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

नेपाली जनताले पाए ।

चतुर्वर्णाश्रमयुक्त वैदिक सनातन धर्म, संस्कृति परम्परा प्राचीन-कालदेखि यस देशमा अक्षुण्ण चलिरहेको तथा चिरकाल पर्यन्त अक्षुण्ण राखी त्यसको संरक्षण, संवर्द्धन र विकास गर्नाको निमित्त, न्यायमार्ग-हरूलाई धर्म, परम्परा, मानवीयता तथा श्रुतिस्मृतिपुराणोक्त न्याय दिनु दिलाउनुका निमित्त, सज्जनलाई उपकार गर्न गराउनुका निमित्त, समष्टिमा भन्नुपर्दा देश र जनताको यथोचित सुरक्षा गर्नाको निमित्त राजाको ठूलो आवश्यकता छ । राष्ट्र र जनताको सुरक्षा प्रदान गर्नु राजाको प्रमुख धर्म हो भन्ने कुरालाई राजसंस्थाले सर्वोपरि महत्व दिँदै आएको छ । संवैधानिक विकासक्रम अन्तर्गत युगानुकूल परिस्थितिमा वेलावखत राजा र जनता वीच संझौता भै ऐन, नियम, कानूनहरू समयानुकूल पनि भएका छन् । सो कुरा २०४७ सालको नेपाल अधिराज्यको संविधानमा इंगित भएको छ ।

अन्त्यमा, विश्वप्रसिद्ध हिमशृङ्खलाको फेदीवाट अनवरतरूपमा वगिरहेका सप्तकोशी, सप्त गण्डकी र सप्त कर्णालीको आकर्षण रूप, हिमाल पहाड र तराइको विविधता, वन, वनौषधि, रूद्राक्ष, शालिग्राम, आदिका संजोवता, छहरा, पहरा, उपत्यका, डाँडाकाँडा, चौतारी र भञ्ज्याङ्गहरूको मनमोहकता, कलात्मकता, पाटीपौवा मन्दिर र मूर्तिहरूको प्रसस्तता आदि र चन्द्रसूर्यध्वजा अंकित मातृभूमीको छहारीमा राजमुकुटको संरक्षकत्वले नेपाल राष्ट्रको ज्यूँदो पहिचान, वीर गोरखालीहरूको शान तथा जनताहरूको सम्मानको अनुभूति हामीलाई भैरहेको छ । श्री ५ महाराजाधिराजको ५१ औं वर्ष प्रवेश अर्थात् स्वर्ण शुभजन्मोत्सवको पावन अवसरमा मौसूफमा दीर्घायु तथा सुस्वास्थ्यको शुभकामना चढाउन पाउनु नेपाली मात्रको गौरवको विषय हो । राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको जन्मोत्सवलाई सम्पूर्ण नेपालीले राष्ट्रिय पर्वको रूपमा मनाइरहेको यस सुखद घडीमा देश, राजमुकुट तथा जनता सबैको जय होस् शान्ति प्रगति तथा मैत्रीपनमा

CC-0. Rashtriya Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

अभिवृद्धि होस, हामो सयौं वर्ष सम्म समृद्ध भई वाचौं भन्ने प्रार्थना हामी परब्रह्म परमात्मासंग गरौं।

शुक्लयजुर्वेद (शान्तिपाठ अध्याय ३६ को २४ औं मन्त्रवाट) –

ॐ तच्चक्षुर्देवहितं मपुरस्ताच्छुक्रमुच्चरत्। पश्येम शरदः शतं जीवेम शरदः शत ठं. श्रृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः श्याम शरदः शतम्भूयश्च शरदः शतात् ॥ ॐ ॥

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

वैदिक कालिक राजसंस्था

—डा. स्वामी प्रपन्नाचार्य

लेखक — वीतराग, मनीषी, अन्वेषक-अनुसन्धाता, लेखक; राष्ट्रिय एकता, धर्म, जाति, समाज-संस्कृतिका समुन्नायक, लब्ध प्रतिष्ठित विद्वान् एवं राजपरिषद्का संमाननीय सदस्य हुनुहुन्छ ।

—सम्पादक

ढुङ्गा माटो वन पर्वतादिको नाम देश, विषय वा राष्ट्र होइन अपि तु ईश्वरीयांश समन्वित शासकद्वारा शासित देशविशेषको नाम नै राष्ट्र हो । त्यस राष्ट्रका प्रजा वर्गलाई बहुल प्रकारेण शासन गर्ने राजा वा शासकलाई राष्ट्रको नेतृत्व वहन गर्ने अग्रसर मानिन्थ्यो । यस्ता प्रसंग प्रशस्त मात्रामा ऋग्वेद आदि वैदिक वाङ्मय भित्र पाइन्छन् । राजाको आवश्यकता नै किन पऱ्यो ? राजा न भए पनि शासन गर्न सक्छन् भन्ने स्वांठे प्रश्न पनि हुन सक्छन्, भन्नेहरूको यहां कुनै कमी छैन तथापि यस्ता प्रश्नले आकाश छोप्ने कुरा भने असम्भव छ । जुनकिरी आदिले दिने उज्यालो र तारागणबाट माथिबाट आउने प्रकाशमा अन्तर हुन्छ भने चन्द्र सूर्यको प्रकाशमा पनि महान् अन्तर देखिन्छ । पत्थरमा पनि सर्वसामान्य कंकड र माणिक्य, हीरा आदि पनि पत्थरै हुन् तर पनि पत्थरत्वजाति हुंदैमा सबै नै पत्थर एक हुन सक्तैनन् । यस विषयमा तत् तत् विषयका पारखी जौहरीहरूले प्रष्ट पारेर देखाइसकेका छन् । पत्थर आदिमा परीक्षणले मात्र होइन किन्तु रस, भस्म आदिका परीक्षणले पनि सिद्ध गरिसकेका छन्, त्यो पनि आधुनिक वैज्ञानिक युग-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ले मात्र होइन, प्राचीन वैज्ञानिकहरूले समेत सिद्ध गरी, बनाएर देखाइ-सकेका छन् ।

"मान्नुहोस् कि एकछिनका लागि - प्राचीन कालमा मान्छे जंगली नै रहेछन् अरे, दुङ्गे युग नै पार गर्दै आएछन् अरे, त्यस युगमा पनि प्राकृतिक नियमबाट, दुर्बलहरूको उद्धार गर्ने दल-विशेषको आवश्यकता अवश्य पऱ्यो होला, अनि त्यसको नाम निकट भविष्यमा 'राजा' प-यो होला"-भन्ने आदि, पाश्चात्य अन्धानुकरण युक्ति - युक्त देखिंदैन, डार्विनको अवैज्ञानिक कपोल कल्पनालाई आंखा चिम्लेर मान्न सकिंदैन, यसको आलोचना विस्तारपूर्वक अन्यत्र भइसकेको छ । ऋग्वेद (१०।१७३।१-२ मन्त्र) ले राजसत्ता पूर्ण वैज्ञानिक तथा प्रभुसत्ता-सम्पन्न, राष्ट्र सञ्चालन-पेशल, राष्ट्रनायक भनेर 'राजा' को उल्लेख गरेको देखिन्छ र यस्तै गरी अरू अरू मन्त्रमा (ऋक् १०।१७३।३-६ तथा १०।१७४।५) आएका विषय प्रसङ्गहरूबाट पनि त्यसवेलाको राजसत्ता सिद्ध हुन जान्छ । अब त्यस कालका शासन-सत्ता बारे पनि केही चर्चा गरौं ।

यो कुरा ध्रुव-सत्य छ कि राजसत्ता न भई राष्ट्रिय भावना, जागृति-हुने सक्दैन । त्यसले -"ध्रुवं ते राजा राष्ट्रं बिधारयतां ध्रुवम्" (ऋक् १०।१७३।५) भन्दै त्यहाँ अत्यन्त गम्भीर राष्ट्रिय भावनाको उल्लेख गरेको देखिन्छ । "आ ब्रह्मन्...आ राष्ट्रे राजन्यः" अथवा "वयं राष्ट्रे जागृयाम पुरोहिताः" आदि आदि पाठ त्यसवेलाका प्रजावर्गलाई कसरी पठाइन्थ्यो र ? यो -"समानो मन्त्रः समितिः समानी...समानेन वो हविषा जुहोमि ।" (ऋक् १०।१९१।३), भन्ने साथ -"समानमस्तु वो मनः" (ऋक् १०।१९१।४), भनेर यस्तो सुदृढ़, समाज बनाउने, राष्ट्रिय भावना जगाउने उद्घोष, राष्ट्रनायक 'राजा' बाहेक अरूबाट हुने सक्दैन ।

वैदिक कालिक राजा अश्वपतिको उद्घोष आज पनि हामीले सुन्न पाइराखेका छौं । राजा अश्वपति भन्नु हुन्छ :—

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

"न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः,
ना नाहिताग्निर्नाविद्वान् न स्वैरिः स्वैरिणी कुतः।"
(छान्दो० ५।११।५)

मेरा राज्यमा चोर, डाका, ठग, मद्यपान गर्ने, नास्तिक, मूर्ख, स्वेच्छाचारी कोई छैनन्। त्यसैले -'राष्ट्रं गुपितं क्षत्रियस्य', भन्दै ऋषि-महर्षि-आदिका सभामा राजा अश्वपतिले भनेका थिए। यस उद्घोष-लाई इतिहास मानेर आजको सरकार र प्रजाले पनि आज्ञा माने यस राष्ट्रको पनि महान् कल्याण हुनेछ।

'राजा' शब्दको अर्थ आफ्नो कुशल शासनद्वारा प्रजाको रञ्जन गर्नु हो; प्रजाको सर्वप्रकारेण हित गर्नु हो -'राजा प्रकृतिरञ्जनात्।' भनी हाम्रा प्राचीन इतिहासमा स्पष्ट गरेको छ। महाभारत, शान्ति-पर्व (५९।१२५) ले -'रञ्जिताश्च प्रजाः सर्वास्तेन राजेति शब्द्यते', भन्द 'राजा' लाई सुमनोहर रूपमा उल्ल्याएको देखिन्छ। अझ खुलस्त इति-हासको पानामा दृष्टिपात गर्दा आदिकवि महर्षि वाल्मीकिको रामायण-ले भन्छ :— (अ. का. ६७।३१)

'नाराजके जनपदे स्वकं भवति कस्यचित्।
मत्स्या इव जनास्सर्वे भक्षयन्ति परस्परम्।'

राजा न भएका प्रजा आपस्तमा लडाई-झगडा, काटमार, लूट-पाट, फटाहा, ज्यानमारा, अराजकता दुःखदायी कर्म गरेर एउटा माछा ले अर्को माछालाई खाए जस्तै गरेर प्रजा समाप्त हुन्छन्।' त्यसैले प्रजालाई राजाको आवश्यकता, पर्‍यो। अनि उनीहरूमध्ये ईश्वरीय-शान्तिसम्पन्न, शूरवीर, कुशल, नीतिज्ञ, साम दाम दण्ड भेद आदिले परिपूर्ण व्यक्ति-विशेषलाई 'राजा' चुने। यति मात्र होइन राजाले निष्ठावान्, धर्मात्मा हुनु पनि आवश्यक थियो। त्यसैले त-'पार्थिवाना-मधर्मत्वात् प्रजानामभवः सदा', (म. भा. व. पर्व २०७।३६-३७) मा प्रष्ट भनिएको छ। यसैलाई अर्को शब्दमा भन्ने हो भने-'राजा कालस्य कारणम्।' भन्न सकिन्छ। स्वयं न्याय, नीति, रीति, स्थिति, देश, काल, पात्र, परिस्थिति आदिका अनुसार धर्माचरणले प्रजा वर्गमा

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अभूतपूर्व शान्ति, उत्साह आदि बढाएर कुशल शासन गर्नु राजाको अभिभारा थियो। अनि यस्तै गरी, राजाहरूको आपसको भिडन्त अथवा अधर्माचरणले प्रजावर्गमा अशान्ति र अनुत्साहको लहरो जेलिनु पनि स्वाभाविकै थियो, यस्तो हुन न दिनुमा राजाको सततप्रयास रहन्थ्यो। सुबुद्ध नागरिक प्रजावर्ग राष्ट्रोन्नतिको लागि राजभक्तिका साथ नगर, ग्राम, ग्रामटिका, पुर आदि सबैतर्फ निरन्तर उन्नतिमा लागि रहन्थे। त्यसैले त्यसबेलाको त्यो राष्ट्र आदर्श राष्ट्र थियो। राजा र प्रजा मिलेर राष्ट्रमा उन्नति गर्थे। स्वय अनुशिष्ट राजाले प्रजामाथि शासन गर्थे। प्रजाले पनि 'संयमः खलु जीवनम्' भनेर संयमपूर्वक राजाज्ञा - राजशासन-को पालन गर्थे। राजाले पनि संयम र धर्मपूर्वक शासन गर्थे। राज्यको सुव्यवस्थाका लागि ग्राम, जनपद, नगर आदिमा शासनको विभाग गरेका थिए। न्याय प्रशासन राजाको अधीनमा रहन्थ्यो। नागरिक प्रशासनका लागि प्रर्याप्त मात्रामा प्रयास-व्यवस्था गरिन्थ्यो। एक सहे ग्रामदेखि लिएर एक हज्जार ग्रामसम्म देखभाल गर्नका लागि अलग अलग अधिकारी नियुक्त गर्थे। राज कर्मचारीहरू योग्य छानेर राख्तथे। राजा स्वयंले न्याय र शासन गरे पनि स्वतन्त्र राजाले मनमानी गर्दैनथे। ठूला ठूला सभा-बैठकहरू बोलाएर ठूला-ठूला विद्वान्, धर्म र न्यायविद्, बुद्धिमा चतुर राजभक्त सभासद्, वृद्ध-जनहरू संग राजाले सल्ला हलिने गर्थे। यस प्रकार वैदिक राजसंस्था राजतन्त्रकै रूपमा लाखौं वर्षसम्म रहेको देखिन्छ। त्यसबेलाको मन्त्रि-परिषद् पनि सुसमृद्ध र न्यायकारी हुन्थ्यो। वैदिककालिक राजसंस्थाको अर्थव्यवस्था अझ सुन्दर थियो। त्यस अर्थव्यवस्थाको मूल आधार कृषि व्यवसाय तथा वाणिज्य थियो। कृषकहरूको आय साधनमा अन्न, फल, फूल, पशुपालन आदि पर्थ्यो। वाणिज्य भित्र समस्त व्यापार तथा शिल्पकला पर्थ्यो र श्रम र पारिश्रमिक व्यवस्था पनि राम्रो थियो। यसरी वैदिक कालिक राजा. राजपरिवार, राजप्रासाद समृद्ध थिए।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

प्रजा समृद्ध थिए र राजा एवं राजसंस्था सुसमृद्ध थिए। अन्तमा, राष्ट्रिय एकताका प्रतीक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेव सरकारको 'प्रजा मोटा भया दरबार बलियो रहन्छ।' भन्ने दिव्य उपदेश पनि वैदिक कालिक राजसंस्था कै परम्परागत उक्ति हो। शुभम्।

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

(द्वितीय खण्ड)

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

rit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

काव्य-कुञ्जका आठ कोकिला

—कृष्णप्रसाद शर्मा वस्ती

लेखक—पूर्वाञ्चलका ख्यातिप्राप्त विद्वान्, साहित्याचार्य, एम. ए, त्रिभुवन विश्वविद्यालयका सह-प्राध्यापक, सम्प्रति धनकुटा बहुमुखी वयाम्पसका प्राचार्य, समाजसेवी, 'विश्रान्ति मन्दिर' मूलघाट धनकुटाका-उपाध्यक्ष हुनुहुन्छ। —सम्पादक

तीनै भुवनको भाषाभिव्यक्त गरिने भाषा विद्या-बुद्धिकी स्वामिनी [1]सरस्वती माताको स्वरूप हो। वीणापाणि पुस्तक धारिणी वाणी देवी हुन्। देवी-देवताको कहिल्यै मरण हुँदैन। त्यसकारण देवताको नाम छ अमर[2]। भाषा देवता र देवता अमर हुने हुँदा कुनै भाषालाई 'मृत' विशेषणले बिटुल्याउने दुस्साहस गर्नु कदापि कसैको बुद्धिमत्ता मानिदैन। त्यसमा पनि जसको इतिहास संसारका समस्त भाषाभन्दा पुरानु छ, जन्मदेखि मरणसम्मका संस्कार जुन भाषावाट हुन्छन्, मानव-जातिका इतिहास, संस्कृतिको अमूल्य निधि जुन भाषामा सुरक्षित छ, जसका एक धातुवीजवाट असंख्य शब्दवल्लीको उत्पत्ति हुन्छ त्यस भाषालाई मृतभाषाको म्याङ्लो ओढाएर छोप्न खोज्नु आफ्नी जीवनदायिनी जननीलाई जिउँदै भड्खालामा हालेर बडा बडा ढुङ्गाले थिची माटाले पुर्नु जस्तै हो। यो अमरको भाषा हो। यस भाषाको प्रयोग लाखौं वर्ष पहिलेदेखि भएको हो र आजसम्म पनि यसले आफ्नो वर्चस्व कायमै राखेको छ। यस भाषाका काव्यकलाले विश्वलाई विमुग्ध पारेको छ। त्यसकारण यो भाषा मृतभाषा होइन, अमृत या अमर भाषा हो। संस्कृत परीक्षाका प्रश्नपत्रहरूवाट पनि यस कुराको पुष्टि हुन्छ[3]।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

प्रतिभाको विकास पुरुषमा मात्र होइन, नारीमा पनि समान रूपले हुन्छ। साहित्य, संगीत, चित्रकला जस्ता ललितकलामरालको बिलास त अझ महिलावर्गका कोमल मानसरोवरमा अधिक हुन्छ। संस्कृतकाव्यकाननमा कविकेशरीहरूको गर्जन मात्र सुनिदैन, नारी-कवि-कोकिलाको स्वरलहरी पनि सुन्न पाइन्छ। यस्ता कवयित्रीको संख्या कम भएं पनि रचनाको गुणस्तर भने उति कम छैन। यस्तै केही स्त्री-कवि-हरूको रचनासहित परिचय गराउनु यस लेखनीको लोभ हो। लोभको फल त उति उत्तम हुँदैन, तर हेरौं कस्तो हुने हो ?

नव रसमध्ये शृङ्गार रसको स्थान न्यून छैन। यसलाई शुचि, उज्ज्वल मानिएको छ।[4] यस रसको प्रयोग आदिकवि वाल्मीकि, व्यास-देखि लिएर पछिसम्मका सबै संस्कृतकविहरूले आफ्ना आफ्ना शैलीमा गरेका छन्। गीतगोविन्द गीतिकाव्यका गायक कवि जयदेवले आफ्ना काव्यमा राधारमण श्रीकृष्णलाई मनोरम रीतिले प्रस्तुत गरेका छन्।[5] कविकुलगुरू कालिदासको स्थान यस रसका सफल प्रयोगमा उन्नत मानि-एको छ। संस्कृत साहित्यमा कालिदास नाम भएका कविहरू पनि तीन देखिन्छन्। सबैले यस रसलाई राम्रोसंग नचाएका छन्।[6] यहाँ ल्याउन खोजिएका कवयित्रीहरूका रचनामा पनि यही रस सल्वलाएको छ। नारीजातिको मनोदशा नारीजातिबाट नै कलात्मक रूपमा प्रस्तुत गरिनु अझ बढी प्रभावकारी हुँदोरहेछ भन्ने कुरो पनि यी नारीरचनाबाट थाहा पाउन सकिन्छ। यिनीहरूको जन्मस्थान, समय अभिरूचि आदिका सम्बन्धमा स्पष्टतया केही जान्न नसकिए पनि संस्कृतकाव्यसंसारबाट बाहिर राख्न भने यिनीहरूलाई कसैले पनि सक्तैन। रचनाको संख्या कम भए पनि संस्कृतसाहित्यमा आफ्नो स्थान भने अविस्मरणीय गरा-एर अमर यशःशरीर पृथिवीतलमा छोडी अदृश्य भएका छन् यिनीहरू पाञ्चभौतिक कलेवरले। अब प्रस्तुत गरिन्छ तिनै अमर संस्कृतकाव्य-कलाका कवयित्रीहरूको परिचर्चा-अर्चना।

१. बिज्जका—संस्कृतसाहित्यमा बिज्जकाको नाम प्रसिद्ध छ। यिनको समय निश्चित नभए पनि कवि दण्डीभन्दा पछिकी हुन् भन्न

anskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

सकिन्छ । मत-मतान्तर भए पनि दण्डीको समय सातौं शताब्दीको अन्त, आठौं शताब्दीको आदि मानिएको छ । बिज्जकाले दण्डीलाई 'सर्वशुक्ला सरस्वती' भनेर सरस्वतीको वर्णन गर्न नजानेको ठानी हप्काएकी छन् ।[7] आचार्य मम्मट, धनिक, मुकुलभट्ट आदि आलंकारिकहरूले आफ्ना ग्रन्थमा बिज्जकका कतिपय पद्यहरू उदाहरण दिएका छन् । यिनका कवितामा रसमा शृङ्गार र अलंकारमा स्वभावोक्ति बढी पाइन्छ । एक सहृदय भावुकको वर्णन कति मार्मिक शब्दमा गर्छिन् उनी—

कवेरभिप्रायमशब्दगोचरं - स्फुरन्तमार्द्रेषु पदेषुकेवलम् ।
वदद्भिरंगैः कृतरोमविक्रियै - र्जनस्य तूष्णींभवतोऽयमञ्जलिः ।।

चतुर कविले आफ्नो अभिप्राय शब्दमा व्यक्त गर्दैनन् । त्यो त केवल कोमल पदावलिमा खेलिरहन्छ । त्यस्ता कविताको अध्ययन वा श्रवण गर्ने भावुक व्यक्ति पनि मौन रहन्छ । उसका पुलकाञ्चित अंग-हरूले उसको मनोभाव देखाइरहेका हुन्छन् । त्यस्ता अध्येता वा श्रोता-लाई हात जोडी नमस्कार गर्छु । जसरी कवि व्यञ्जनाद्वारा भाववोधन गर्छ त्यसरी नै व्यञ्जनाद्वारा उसको प्रशंसा गर्नु भन्ने यसको सारांश हो। यस पद्यको मर्म गहन छ । त्यस्ता मर्मज्ञ भावुक नपाए कविको मन पटक्क रमाउँदैन ।[8]

कोषः स्फीतकरः स्थितानि परितः पत्राणि दुर्गं जलं,
मैत्रं मण्डलमुज्ज्वलं चिरमधो नीतास्तथा कण्टकाः ।
इत्याकृष्टशिलीमुखेन रचनां कृत्वा तदप्यद्भुतं
यत्पद्मेन जिगीषुणापि न जितं मुग्धे ? त्वदीयं मुखम् ।।

हेमुग्धे ? फक्रिएका कोषको भण्डार, चारैतिर फैलिएका पत्रहरू-को वाहन, जलको दुर्ग (किल्ला), उज्ज्वल सूर्यमण्डलभित्र लिएर काँडा-हरू हटाई भँवराको बाण तानेर विजय चाहने कमलले हमला गर्दा पनि तिम्रा मुखलाई जित्न सकेन । कस्तो आश्चर्य ! – कमलविजयी मुग्धा-मुखको प्रशंसा कति सुन्दर ?

केनात्र चम्पकतरो ? बत रोपितोऽसि - कुग्रामपामरजनान्तिक-
वाटिकायां,

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

यत्र प्ररूढनवशाकविवृद्धिलोभात् - गं भग्नवाटघटनोचितपल्ल-
वोऽसि ।।

हेचम्पक तरूवर ! हाय ! यहाँ कुग्रामवासी पामर जनका नजिकका वाटिकामा कसले रोप्योनि ? जहाँ साधारण साग (टिप्ता) बढेमैं बढ्ने लोभले गाई-गोरूले लुछे जस्तै गरी तेरो सारा पाउलो लुछियो ।

विलासमसृणोल्लसन्मुसललोलदोःकन्दलीः
परस्परपरिस्खलद्वलयनिःस्वनोद्बन्धुराः ।
लसन्ति कलहुंकृतिप्रसभकम्पितोरःस्थल-
त्रुटद्गमकसंकुलाः कलमकण्डिनीगीतयः ।।

नारीहरू चिल्ला, राम्रा मुसलहरूले धान कुटिरहेका छन् । यस काममा उनीहरूका चञ्चल हात हल्लिनाले चुराहरू परस्पर ठोकिएर बहुत रमणीय ध्वनि आइरहेको छ । उनीहरू बीचमा 'वँः, हूँः' को हुंकार गरिरहेका छन्, उनीहरूका वक्षस्थल अत्यन्त कम्पित छन् । गमक-तालस्वरले युक्त यी धान कुट्नेहरूका गीतहरू कति मनोहर छन् ? ओखलमा धानकुटाइको के सुन्दर, स्वाभाविक वर्णन छ ? श्लोकमा स्वभावोक्ति अलंकारको अनुपम छटा रहेको देखिन्छ ।

गते प्रेमावन्धे हृदयबहुमानेऽपि गलिते,
निवृत्ते सद्भावे जन इव जने गच्छति पुरः ।
तथा चैवोत्प्रेक्ष्य प्रियसखि ? गतान् तांइच दिवसान्,
न जाने को हेतुर्दलति शतधा यन्न हृदयम् ।।

कुनै विरहिणी आफ्नी प्यारी सखीसँग भन्छिन् - हेप्रियसखि ? जब प्रेमको वन्धन खुकुलियो, हृदयबाट उनका निमित्त अत्यन्त सम्मान हरायो, सद्भावको अन्त भयो, जब ती मेरा प्राणप्यारा साधारण स्नेहहीन मनुष्यसरह गए अनि यतिका दिन विते, परन्तु उनले मेरो केही खोज-खबर गरेनन्, लौभन त तब कुन सुखका आशाले यो हृदय अहिले अडिएको छ ? टुक्रा टुक्रा हुँदैन ? यस दशामा त मर्नु नै निको । यसमा विरहिणीको मर्मपूर्ण व्यथा कति स्पष्ट शब्दमा प्रकट गरिएको छ ?

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

प्रियसखि ? विपद्दण्डप्रान्तप्रतापरम्परा,
परिचयचले चिन्ताचक्रे निधाय विधिः खलः ।
मृदमिव बलात् पिण्डीकृत्य प्रगल्भकुलालवत्
भ्रमयति मनो नो जानीमः किमत्र विधास्यति ।।

विपत्तिले थिचिएकी नायिका सखीसँग भन्दैछन्—हेप्रियसखि ? चतुर कुमाल जस्ता विधाता चिन्तारूपी चक्रमा मुछेका माटाका डल्ला जस्ता मेरा मनलाई बलपूर्वक राखेर विपत्तिका लट्ठीका टुप्पाले जोडसँग घुमाइरहेका छन् । जसरी कुमाल माटाको डल्लो चक्रमा राखेर पहिले खूब घुमाउँछ, पछि जे चाहन्छ, बनाउँछ, त्यसरी नै विधि पनि चिन्तामा मेरा मनलाई घुमाइरहेका छन् । परन्तु अब यसलाई के बनाउनेहुन् कसरी जानौं ? विपत्तिमा चिन्ताग्रस्त अबलाका दयनीय दशाको कस्तो सुन्दर चित्रण छ ? रूपकको छटा पनि कम छैन ।

विरम विरसायासादस्माद्, दुरध्यवसामतो
विपदि महतांधैर्यभ्रंशं यदीक्षितुमीहसे ।
अयि जडविधे ? कल्पापायव्यपेतनिजक्रमाः
कुलशिखरिणः क्षुद्रा नैते न वा जलराशयः ।।

कुनै कवि सज्जनहरूमाथि विपत्ति खन्याउने विधातालाई चेतावनी दिइरहेका छन् हेविधाता ! मनस्वी सज्जनहरूमाथि आपत्ति ओइरिने परिश्रम किन गरिरहेका छौ ? यो परिश्रम एकदमै व्यर्थ हुनेछ । यसले यिनीहरूको धैर्य कदापि शिथिल हुन सक्तैन । के यिनीहरू प्रलयकालमा आफ्नो कार्यक्रम चटक्क छोड्ने ती क्षुद्रकुलपर्वत वा जलराशि हुन् र ? कल्पान्तमा ङेग छोड्ने कुलपर्वत तथा आफ्नो मर्यादा उल्लंघन गर्ने समुद्रसँग आपत्तिमा धैर्य नछोड्ने महापुरूषहरूको तुलना के कहिल्यै गर्न सकिन्छ ?

माद्यद्दिग्गजदानलिप्तकरटप्रक्षालनक्षोभिताः
व्योम्नः सीम्नि विचेरुरप्रतिहता यस्योर्मयो निर्मलाः ।
कष्टं भाग्यविपर्ययेण सरसः कल्पान्तरस्थायिनः
तस्याप्येकबकप्रचारकलुषं कालेन जातं जलम् ।।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

मदोन्मत्त दिग्गजहरूका मदले लिप्त गण्डस्थलहरूका प्रक्षालनले जसका तरंगहरू विना रोकटोक आकाशका सीमामा विचरण गर्थे, कल्पान्तरस्थायी उसै तलाउको जल अब एउटै बकुल्लाका हिंडाइले कलुषित भएको छ। तलाउका दशामा कस्तो विचित्र परिवर्तन भएको छ। दैवसँग कसको के चल्छ र? यिनको नाम यहाँ विज्जका दिइयो, यिनैलाई विज्जिका पनि भनिन्छ।

२ सुभद्रा यिनको जीवनी अज्ञात भए पनि—

'पार्थस्य मनसि स्थानं लेभे खलु सुभद्रया,
कवीनां च मनोवृत्तिचातुर्येण सुभद्रया।'

अर्जुनका मनमा सुभद्राले संमानित स्थान पाए जस्तै काव्यरचनाचातुर्यले कविहरूका मनमा सुभद्राले स्थान पाएको छ। सूक्ति मुक्तावलीका यस पद्यले यिनको समय ईशाका दशौं शताब्दीभन्दा पूर्व भएको संकेत गर्दछ।

तलका पद्यमा यिनले स्नेहबाट हुने दुष्परिणाम यस्तो दिएकोछ

"दुग्धं च यत्तदनु यत्क्वथितं ततो नु, माधुर्यमस्य हृतमुन्मथितं च वेगात्।
जातं पुनर्घृतकृते नवनीतवृत्ति, स्नेहो निबन्धनमनर्थपरम्पराणाम्॥"

स्नेहले विचरा दूधको कस्तो दुर्दशा गरिदिएको छ? स्नेह कै निमित्त दूध तताइन्छ, खूब उमालिन्छ। जोरन राखेर त्यसको मीठोपन हराइन्छ, फेरि जोडले मथिन्छ, तब घृतकै निमित्त नौनीको रूप धारण गर्नु पर्दछ। यतिको दूधले पाएको दुःख केवल स्नेह (घृत) कै लागि त हो नि? वास्तवमा स्नेह मनुष्यहरूको हजारौं अनर्थको मूल हो।

३. फल्गुहस्तिनी यिनको नाम संस्कृतसाहित्यमा उति देखिदैन। यिनका केही पद्यहरू कतै पाइन्छन्। तीमध्ये एक पद्य 'शार्ङ्गधरपद्धति'मा यस्तो छ –

त्रिनयनजटावल्लीपुष्पं मनोभवकार्मुकम्,
ग्रहकिसलयं सन्ध्यानारीनितम्बनखक्षतम्।
तिमिरभिदुरं व्योम्नः शृङ्गं निशावदनस्मितम
प्रतिपदि नवस्वेन्दोर्बिम्बं सुखोदयमस्तु वः॥

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

शिवका जटारूपी लहराको फूल, कामदेवको बाङ्गो धनु, ग्रहको नवीन पल्लव, सन्ध्यारूपी नारीका नितम्बको नखक्षत, अन्धकारलाई नाश गर्ने आकाशको शिखर, निशारूपी नायिकाका बदनको मधुर स्मित, प्रतिपदामा नव चन्द्रको बिम्ब तिमीहरूका सुखोदयका निमित्त होस् ।

४. मोरिका—मोरिकाका नामले सुभाषितावलि र शार्ङ्गधर-पद्धति दुई ग्रन्थमा जम्मा चार पद्य पाइन्छन् । यी पद्यबाहेक यिनका कुनै काव्यको पत्तो लाग्दैन । कुनै ऐतिहासिक दृष्टान्तको पनि । यिनका कविता साधारणतया राम्रा छन् । सबै पद्यमा शृङ्गार रस टमाटम भरिएको छ ।

यामीत्यध्यवसाय एव हृदये बध्नातु नामास्पदं
वक्तुं प्राणसमा समक्षमघृणेनेत्थं कथं पार्यते ।
उक्तं नाम तथापि निर्भरगलद्बाष्पं प्रियाया मुखं
दृष्ट्वापि प्रवसन्त्यहो धनलवप्राप्तिस्पृहा यादृशाः ।।

कोही परदेशी भन्दछन्—पहिले त जाने अध्यवसाय नै हृदयमा कुनै प्रकारले स्थान पाउँछ । परन्तु आफ्नी प्राणप्यारीका सामु यस्तो कुरो कसरी भन्न सकिन्छ ? यदि भनौं त प्रियाका आँखाबाट वियोगका कारण आँसुका धारा बग्छन् । किन्तु के गरौं ? त्यसलाई देखेर पनि हामीजस्ता निर्धनहरू धन कमाउने इच्छाले परदेश जान्छन् । कसो गरौं ? लाचारी छ । नभए कसै गरे पनि आफ्नी प्रियालाई दुःखसागर-मा छोडेर जानु केही गरे न्यायप्राप्त होइन ।

लिखति न गणयति रेखा निर्भरबाष्पाम्बुधौतगण्डतला ।
अवधिदिवसावसानं मा भूदिति शङ्किता बाला ।।

पति परदेशबाट केही दिनका निमित्त घर आएका छन् । बाला नायिकाका आँखाबाट आंसुका धारा बग्नाले कपोलतल धोइएका छन् । ऊ अवधिका दिनका रेखा खिच्छे अवश्य; परन्तु गन्दिन । अवधि पूरा भएर पनि जान लाग्दाको दुस्सह दुःख अहिले नै उपस्थित होला कि भनेर डराउँछे । पद्यमा नायिकाका कोमल हृदयको स्थिति साह्रै राम्रोसँग दिएको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

प्रियतमस्त्वभिमामनधार्हसि, प्रियतमा च भवन्तमिहार्हति ।
न हि विभाति निशारहितः शशी, न हि विभाति निशापि विनेन्दुना ।।

दूती नायकलाई सम्झाउँछे—हेप्रिय ? तिमी यस नायिकाका योग्य छौ र यो पनि तिम्रा योग्य छे । हेर रात विना चन्द्र र चन्द्र विना रातको केही शोभा हुँदैन । यहाँ योग्यको योग्यका साथको संगमलाई विनोक्ति अलंकारले अति राम्रो पारले वर्णन गरिएको छ ।

नायक परदेश जान लागेको सूचना पाउनासाथ नायिकामा देखिएका करूणाजनक स्थितिको जानकारी दूती नायकलाई दिन्छे—

मा गच्छ प्रमदाप्रिय ? प्रियशतै र्भूयस्त्वमुक्तो मया,
बाला प्राङ्गणमागतेन भवता प्राप्नोति निष्ठां परां ।
किं चान्यत्कुचभारपीडनसहै र्यत्नप्रवृद्धै रपि,
त्रुट्यत्कञ्चुजालकैरनुदिनं निःसूत्रमस्मद्गृहम् ।।

हेप्रमदाप्रिय ? परदेश नजाऊ, म हजार वार तिमीसँग विनति गरिरहेकी छु । तिम्री प्रिया तिमीमा धेरै प्रेम धारण गर्छिन् । म उनका विषम दशाको के बयान गरौं ? तिमी जान आँगनमा पाइला राखौला भन्ने सोचेर नै स्तनको भार सहन समर्थ तथा यत्नपूर्वक बाँधिएको उनको कञ्चुकी (चोलो) बार बार उधिदैछ, त्यसलाई सिउन हाम्रा घरमा धागाको डोरो पनि रहेको छैन । अहिले तिमी जाने वेलामा नै यो हालत छ भने पछि के होला ? यसरी नायकलाई परदेश जान बाट रोक्न नायिकाकी सखीबाट भएको प्रयासको वाग्भङ्गी अति नै आकर्षक छ ।

५. इन्दुलेखा –इन्दुलेखाको नाम पनि स्त्रीकविहरूमा चर्चित छ । यिनका विषयमा अरू कोही थाहा नभए पनि वल्लभदेवले सुभाषितावलिमा दिएको सूर्यास्त सम्बन्धी एक पद्य पाइन्छ :—

एके वारिनिधौ प्रवेशमपरे लोकान्तरालोकनं,
केचित्पावकयोगितां निजगदुः क्षीणेऽह्नि चण्डार्चिषः ।
मिथ्या चैतदसाक्षिकं प्रियसखि ? प्रत्यक्षतीव्रातपं,
मन्येऽहं पुनरध्वनीनरमणीचेतोऽधिशेते रविः ।।

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कोही भन्छन्—साँझमा सूर्य समुद्रमा हराउँछन्, कसैका मतमा उनी लोकान्तरतिर लाग्छन्, अरू भन्छन् अग्निमा[१] बिलाउँछन् । परन्तु हेप्रियसखि ? मलाई यो सब असत्य जस्तो लाग्दछ । पूर्वोक्त घटनाका सत्यताको कुनै साक्षी छैन । पंथिकहरूका नारीहरूको चित्त वियोग-जनित बाधाले अधिक सन्तप्त छ । त्यस कारण सूर्य रातमा यिनै कोमल चित्तमा शयन गर्दछन्, जसले त्यहाँ असह्य गर्मी पैदा गर्दछ भन्ने ठान्छु । यहां प्रोषितपतिका नायिकाको हृदय पतिवियोगकथाले अधिक सन्तप्त हुन्छ भन्ने साधारण विषय अति अनौठा ढङ्गले प्रस्तुत गरिएको छ ।

६ मारूला—सुभाषितावलिमा यिनको एक कविता पाइएपनि धनदेवका उल्लेखबाट यिनी प्रवीण स्त्रीकविमा गनिन्थिन् भन्ने कुरो थाहा पाइन्छ । उनका रचनाहरू अरू पनि थिए होलान् । यिनको एक पद्य यस्तो छ :

कृशा केनासि त्वं प्रकृतिरियमङ्गस्य ननु मे,
मलैर्धूआ कस्मात् गुरूजनगृहे पाचकतया ।
स्मरत्यस्मान्कञ्चिन्नहि नहि नहीत्येवमगमत्,
स्मरोत्कम्पं बाला मम हृदि निपत्य प्ररूदिता ।।

कोही विरही आफ्ना मित्रसँग स्त्रीको कुरो भन्दै छ तिमी दुब्ली किन छ्यौ ? मैले यस्तो प्रश्न गर्दा उनले भनिन्—मेरा जन्मदेखि शरीरको यस्तै अवस्था छ । जब मैले सोधें किन तिमी मैली देखिन्छ्यौ त ? तब उनले जवाफ दिइन् - ससुराज्यूका घरमा भात पका-उनाले । जब मैले भनें - तिमो मेरो सम्झना गछ्यौं ? तब त ती मुग्धा बाला 'होइन, होइन, होइन' भन्दै कामजनित पीडाले काम्न लागिन् र मेरा हृदयमा टाँसिएर जोडले रून थालिन् ।

यस श्लोकमा खूब सरलता छ । यसले कठोर दिलमा पनि सहा-नुभूति पैदा गर्दछ । नायिकाका मुग्धताको यथार्थ चित्र खिचिएको छ ।

७. विकटनितम्बा—यो नाम साहित्यप्रेमीहरूबाट अज्ञात छैन । यी नारीकविको जन्मसमय तथा जीवनी अहिलेसम्म अन्धकाराच्छन्न भएपनि सूक्तिमुक्तावलिमा राजशेखरले संकेत गरेका तलका श्लोकले

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

यिनका प्रसिद्धिमा प्रकाश पु-याएको छ ।

के वैकटनितम्बेन गिरां गुम्फेन रञ्जिताः
निन्दन्ति निजकान्तानां न मोरव्यमधुरं वचः ।।

विकटनितम्बाका वाणीका गुच्छाहरू सुनेर रमाएका कुन यस्ता रसिक होलान् जसलाई आफ्नी प्रियतमाको मुग्ध मधुर वचन अप्रिय नलाग्ला ? कविकुलशेखर राजशेखरका यस उक्तिको सत्यता उनका तलका पद्यहरूबाट प्रमाणित हुनेछ । विकटनितम्बाका कवितामा रहेका मधुरता, शब्दावलिका कोमलता तथा भावशुद्धताले सहसा मानसलाई वश गर्दछन् । प्रायः सबै कवितामा शृङ्गार रस भरिएको छ । यहाँ अविवेकी भ्रमरलाई कसरी हप्काउँछिन् विकटनितम्बा—

अन्यासु तावदुपमर्दसहासु भृङ्ग ?
लोलं विनोदय मनः सुमनोलतासु ।
मुग्धामजातरजसं कलिकामकाले
व्यर्थं कदर्थयसि किं नवमल्लिकायाः ।।

रे भमरा ? तेरा मर्दनलाई सहन सक्ने अन्य पुष्पलताहरूमा आफ्ना चञ्चल चित्तलाई विनोदित गर । नफक्रिएका, केसररहित नव-मल्लिकाका यस साना कोपिलालाई अहिले वेला नभई व्यर्थ किन दुःख दिइरहेको छस् ?

कुनै कृशमध्या सुस्तनी युवतीलाई कति सुहाउँदो सदुपदेश छ यो :—

अयि, साहसकारिणि ? किं तव चङ्क्रमणेन,
टसदिति भङ्गमवाप्स्यति कुचयुगभारभरेण ।।

ए साहसगर्ने बहिनी ? तिमी किन यता उता धुमफिर गर्ने प्रयास गरिरहेकीछ्यौ ? अलिकति वरपर पाइला सारालि दुवै स्तनका भारले तिम्रो शरीर भाँचिएला भन्ने थाहा छैन ?

किं द्वारिदेवहपिके सहकारकेण, संवर्धितेन विषवृक्षक एष पापः ।
अस्मिन् मनागपि विकास विकारभाजि, घोरा भवन्ति मदनज्वर-
संनिपाताः ।।

कुनै सखी भन्छिन्—एसखि ? द्वारनेर यस आँपका बिरूवालाई

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

बढाएर के होला ? जानेको छैन ? यो पापी विषवृक्ष हो । यसमा अलिकति विकास हुन थाल्यो कि घोर दुःखदायी कामज्वरको संनिपात हुनेछ ।

दूती नायकलाई कति लोभलाग्दो अर्ती दिन्छे :—

बाला तन्वी मृदुरियमिति त्यज्यतामद्य शङ्का,
दृष्टा कार्षिद् भ्रमरभरतो मञ्जरी भग्नपुष्पा ?
तस्मादेषा रहसि भवता निर्दयं पीडनीया,
मन्दाक्रान्ता विसृजति रसं नेक्षुयष्टिःकदाचित् ॥

यो कोमलाङ्गी बाला अहिले कलिली छ भन्ने शङ्का पर सार । के नवीन मञ्जरीले भ्रमरभारले आफ्ना फूललाई झारेको कतै देखेको छ ? अतः समागमका अनौचित्यका शङ्कालाई बगाइदेऊ । एकान्तमा निर्दय गाढालिङ्गन गर । के विस्तारै चुसेर उखुबाट चाहिदो रस आउँछ ? पर्याप्त रस प्राप्त गर्न बेसरी चुस्नुपर्छ । यस पद्यमा कामशास्त्रको सुन्दर शिक्षा समाहित छ ।

८. शीला भट्टारिका—शार्ङ्गधरपद्धतिमा धनदेवनामक कुनै प्राचीन कविले तलको पद्य उधृत गरेर केही स्त्रीकविहरूको काव्यरचनाचातुरी प्रदर्शित गरेका छन् :—

शीला विज्जा मारूला मोरिकाद्याः, काव्यं कर्तुं सन्ति विज्ञाः स्त्रियोऽपि ।
विद्यां वेत्तुं वादिनो निर्विजेतुं, विश्वं वेत्तु यः प्रवीणः स वन्द्यः॥

शीला, विज्जा, मारूला मोरिका आदि स्त्रीहरू पनि काव्यनिर्माण गर्न विज्ञ छन् । विद्या जान्न, वादीहरूलाई जित्न, विश्वलाई चिन्न जो प्रवीण छ त्यो वन्द्य छ । यसबाट यिनको नाम शीला थियो भन्ने प्रतीत हुन्छ । विज्जा, (विज्जिका) मारूला, मोरिकाको नाम माथि परिसकेको छ । सम्भवतः शीला काश्मीरनिवासिनी थिइन् । यिनका रचनामा मधुरता सर्वत्र भरिएको छ । शब्दसौष्ठव र अर्थगाम्भीर्यले सहृदयको मन मुग्ध गराउँछ । राजशेखर शीलाका काव्यलाई उच्च कोटिको मान्दछन्, बाण भट्टका समक्ष, सुन्दर स्वीकार गर्न अलिकति पनि पराङ्मुख हुँदैनन् :—

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

शब्दार्थयोः समो गुम्फः पाञ्चाली रीतिरिष्यते ।
शीलाभट्टारिकावाचि वाणोक्तिषु च सा यदि ।।

शब्द तथा अर्थका समान रचनालाई पाञ्चाली रीति भन्दछन्, जस्तो विशुद्ध शब्द उस्तै मनोहर अर्थ । यस्तो रीति यदि कहीं छ भने त केवल शीलाका कविताभा र बाण भट्टका उक्तिहरूमा ।-यहाँ कसरी एक स्त्रीको कविता एक प्रसिद्ध कविका कवितासमान मानिएको छ ? शीलाको दूतीलाई दिएको उपदेश कति मनोहर छ ?

दूति, त्वं तरूणी युवा स चपलः श्यामास्तमोभिर्दिशः,
सन्देशः सरहस्य एव विधिने संकेतकावासकः ।
भूयो भूय इमे वसन्तमरूतश्चेतो हरन्त्यन्यतो,
गच्छ क्षेमसमागमाय निपुणे, रक्षन्तु ते देवताः ।।

हेदूति ? तँ तरूणी छस् र तो नायक पनि युवक र चपल छन् । त्यसमा चारैतिर अन्धकार घेरिएर आएको छ । मेरो सन्देश पनि रहस्यपूर्ण छ अनि जंगलमा नै संकेत स्थल छ । बारम्बार वसन्तको वायु चित्त चोरेर लाँदैछ, हेनिपुणे ? शीघ्र समागमका निमित्त तँ जा । देवताले तेरो रक्षा गरून् ।

नायकबाट उपयुक्त दूतीको पहिचान कसरी गरिएको छ ? एउटा यो पद्य :—

श्वासाः किं त्वरितागमैः पुलकिता कस्मात्प्रसादः कृतः
स्रस्ता वेण्यपि पादयोर्निपतनान्नीवी गमादागमात् ।
स्वेदार्द्रं मुखमातपेन गलितं क्षामा किमत्युक्तिभिः
दूति ? म्लानसरोरुहद्युतिधरस्यौष्ठस्य किं वक्ष्यसि ? ।।

लामु सास किन ? छिटो आउनाले, पुलकित छेस्नि ? प्रसन्नताले, चुल्ठो पाउमा किन लत्रियो ? लड्नाले, नीवी किन खुकुलो ? आउनाजानाले, मुख किन पसिनाले भिजेको ? घामले, दुब्ली किन ? बोल्नाले, एदूति ? यी ओइलाएका कमलतुल्य ओंठका लागि के भन्छेस् नि ?

यस पद्यमा नायिका र दूतीको प्रश्नोत्तरचातुरी सरलतासाथ देखाएर 'ढाँटेको कुरो काटे मिल्दैन' भन्ने उक्तिको पुष्टि गरिएको छ ।

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रियाविरहितस्याद्य हृदि चिन्ता ममागता,
इति मत्वा गता निद्रा के कृतघ्नमुपासते ।।

प्रियाका वियोगमा मेरा हृदयमा चिन्ताले प्रवेश गरो । एउटी प्रियाको वियोग हुँदा पनि चिन्तारूपी अर्की नायिका नजिक छे भनेर विचरो निद्रा छेउ नं परिन, कृतघ्नको सेवा गर्न को चांहन्छ र ?

यः कौमारहरःस एव हि वरस्ता एव चैत्रक्षपाः,
ते चोन्मीलितमालतीसुरभयः प्रौढाः कदम्बानिलाः ।
सा चैवास्मि तथापि तत्र सुरतव्यापारलीलाविधौं,
रेवारोधसि वेतसीतरूतले चेतः समुत्कण्ठते ।।

प्रख्यात आलङ्कारिकहरूले उदाहरणमा प्रयुक्त यस पद्यमा कुनै नायिका भन्छिन्:—कुमारावस्थालाई वदलिदिने उनै मेरा पति छन्, चैत्रका रात पनि उनै छन्, प्रफुल्लित मालतीपुष्पको सुगन्ध लिने उही पूर्व परिचित वायु मन्द मन्द चलिरहेको छ, म पनि उही छु, परन्तु के कारण हो नर्मदाती रमा वेतका कुञ्जका निमित्त मेरो चित्त आज पनि उत्कण्ठित भइरहेको छ ।

आफ्ना स्वर्णिम गौरवगाथाले प्रख्यातिका शिखरमा पुगेका संस्कृतकाव्य सोपानमा देखिएका आठै जना नारीकविका प्राप्त रचनाको संक्षिप्त चर्चा यहाँ गरियो । अन्य अगणित नारीकलाकृतिहरू थिए होलान । किन्तु तिनको अध्ययन, अनुसन्धान हुन सकेको छैन । आधुनिक युगमा पनि विशाल भारतवर्षमा संस्कृत भाषा साहित्यका अनुशीलनमा संलग्न महिलाहरूको संख्या कम छैन । तुकारामचरित, मीरालहरी जस्ता प्रौढ काव्यकृति रचना गर्ने विदुषी कवयित्री पण्डिता क्षमारावको नाम अमर छ । यस्ता महिलाहरू अरू पनि होलान् खोजी गर्दै जाँदा ।

गिरिराज हिमालयका शीतल छायामा अवस्थित, सर्वविद्यामूर्ति पशुपतिनाथले परिपालित, कोशी, गण्डको, कर्णाली जस्ता अगणित नदीहरूले अभिषंचित सुन्दर, शान्त, विशाल देश नेपालमा पनि प्रतिभाशालीनीमहिलाहरूको कमी छैन । अन्य विभिन्न क्षेत्रमा लागेर आफ्नो

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

नाम उज्ज्वल गराए जस्बै संस्कृतकाव्यकलातर्फ पनि नेपाली महिला-हरूले पाइला चालेर अग्रसर हुन जर्मुराए यो लेख सफल भएको मानिने छ। अस्तु।

पादटिप्पणी

१. ब्राह्मी तु भारती भाषा गीर्वाग्वाणी सरस्वती। अमरकोश।

२. अमरा निर्जरा देवास्त्रिदशा विबुधाः सुराः॥

३. सम्यगमरगिरा व्याख्यायनाम्। प्रश्नपत्र।

४. शृङ्गारः शुचिरुज्ज्वलः। अमरकोश।

५. धीरसमीरे यमुनातीरे वसति वने बनमाली,
गोपीपीनपयोधरमर्दनचञ्चलकरयुगशाली॥

६. एकोऽपि जीयते हन्त कालिदासो न केनचित्।
शृङ्गारे ललितोग्दारे कालिदासत्रयी किमु॥

७. नीलोत्पलदलश्यामां विज्जिकां मामजानता,
वृथैव दण्डिना प्रोक्तं सर्वशुक्ला सरस्वती॥

८. इतरपापशतानि यथेच्छया, विलिखितानि सहे चतुरानन ?
अरसिकेषु कवित्वनिवेदनं, शिरसि मा लिख मा लिख मा लिख॥

—समयोचितपद्यमालिका।

९. 'आदित्यो वा अस्तं यच्चाग्नि प्रविशति।' इति श्रुतिः।

१०. संस्कृत-सुकवि-समीक्षा—बलदेव उपाध्याय,
चौखम्बाविद्याभवन, वाराणसी।
ई. सन्—१९८३

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

धिमाल जातिको संक्षिप्त परिचय

—गिरिधर शरण शर्मा

लेखक—पिण्डेश्वर संस्कृत विद्यापीठ धरानका सहायक प्राध्यापक, वेद तथा व्याकरण विषयका आचार्य, अंग्रेजी साहित्यका एम. ए. र विविध विषयका लेखक एवं अनुसन्धाता हुनुहुन्छ। —सम्पादक

धिमाल परिचय :—धिमाल भन्नाले पूर्वी नेपालका झापा र मोरंग जिल्लामा परापूर्वकालदेखि वसोवास गर्दै आएका आदिवासी भन्ने बुझिन्छ। वास्तवमा धिमाल शब्द नै धिमालयवाट अपभ्रंश भएर वनेको हो। धिम भनेको खेती गर्न योग्य भूमि हो त्यस्तो भूमिमा घर वनाई वस्ने समुदायनाई धिमाल भनेको हो। जन किम्वदन्तीमा यिनीहरूलाई मधेश (तराई) का लिम्बू भन्ने चलन छ। झट्ट हेर्दा यिनीहरूको आकृति र अनुहार लिम्बू जस्तो नै देखिन्छ। यिनीहरू कहाँबाट आए, तथा यिनीहरूको वास्तविक परिचय के हो? यस विषयमा कुनै ठोस प्रमाण प्राप्त छैन। तथापि किंवदन्ती एवं जन श्रुतिका आधारमा धिमालहरूको उत्पत्ति स्वर्गका गन्धर्व र अप्सराहरूबाट भएको हो भन्ने कथन छ। जस अनुसारको कथा यस प्रकार छ :— स्वर्गमा इन्द्रदेवका सभामा "केरकोई" र "नेरकोई" नाउ गरेका २ वटी परम सुन्दरी अप्सरा थिए। यिनीहरू राम्ररी नाच्दथे। उनीहरू नाच्दा ताल अनुसार गीत गाएर इन्द्रदेवतालाई प्रसन्न वनाउने "साकुँ" र "माकुँ"

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

नाम गरेका २ वटा गन्धर्व थिए । ती चारै जनाका आँखा नृत्य गान गरेका वेलामा जुधे । त्यो देखेर इन्द्रदेवता रिसाएर यिनीहरूलाई मनुष्य-लोकमा जन्म लिने र दुःख कष्ट भोग्नु पर्ने श्राप दिदा भए । त्यस पछि ती चारै जना (२ वटी अप्सरा र २ वटा गन्धर्व) मर्त्यलोकमा आएर घुम्न थाले । २ वटा गन्धर्व "साकुँ" र "माकुँ" क्रमश सुखनु र दुखनु नामले प्रसिद्ध भए यिनै २ जना धिमालहरूका पूर्वज मानिन्छन् । २ वटी अप्सरा चाहि क्रमश हीरा र मोती नामले चिनिए । यिनै हीरा र मोती संग क्रमश सुखनु र दुखनुको विवाह भयो र धिमालहरूको उत्पत्ति भयो भन्ने किंवदन्ती धिमाल समाजमा मानिन्छ । धिमाल बूढा पाकाहरूलाई सोध्दा यही कुरो बताउछन् । तर यस कथामा कुनै पनि शास्त्रीय आधार भने पाइदन । अझ अगाडि बढेर यो पनि भनिन्छ कि उपर्युक्त २ वटी अप्सरा मध्ये हीराबाट लिम्बू र मोतीबाट धिमाल भए । सहोदर दिदी बैनीका सन्तान भएकाले यिनीहरू (लिम्बू र धिमालहरू) को आकृति अनुहार एकै किसिमको भएको हो भन्ने किंवदन्ती छ । यो कथा एकदम काल्पनिक जस्तो लाग्छ, तर धिमालहरूले आफ्ना कुल देवतालाई हीरा, मोती भनेर पूजेको देख्दा केही सत्य छ कि भन्ने आभास हुन्छ । अर्को किंवदन्ती अनुसार धिमालका पूर्वजहरू क्षत्रीय थिए र तिनीहरू परशु-रामका डरले काशीबाट भागेर नेपाल र पश्चिम बंगालको डुअर्स क्षेत्रमा र आसामको ग्वालपाडा, कोक्राझारमा बसोबास गरेका हुन् । यस किंव-दन्तीमा केही सत्यको आभास हुन्छ, किन कि - धिमालहरूलाई सोध्दा उनीहरू आफ्नो गोत्रलाई काशीगोत्र भन्दछन् । त्यसरी काशीबाट भागेर आउँदा बाटामा दाज्यू अगाडि र कारणवश भाइ पछाडि रहेछ । भाइ पछि पछि आईरहेको छ होला भन्ने विचार गर्दै दाज्यू निकै माथि पुगेर भाईलाई न देख्दा बाटो देखाउने उदेश्यले केराको बोट र बोहरीको रूख काट्दै पहाडमा गई बसोबास गर्न थाल्यो र लिम्बू कहलायो । भाइ चाहि निकै पछि रहेको हुनाले दाज्यूले छोडेको निशाना समाप्त भएकाले पहाडतिर न गई मधेश मै बसेर धिमाल कहलाए छ । यो कथा धिमाल र लिम्बूहरूमा अत्यन्त लोकप्रिय छ । हुनत यी दन्त्यकथाहरूमा सत्यता-

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

का लागि केही खास प्रमाणहरू छैनन् तथापि रहन सहन र खान पानमा समानताका साथै आकृति पनि मिल्ने भएकोले धिमालहरूलाई राई-लिम्बूहरूको दाजु भाइ भन्न सकिन्छ। लिम्बुहरू पनि यस्तै दन्त्य कथा-लाई प्रमाणका रूपमा अगाडि सार्छन्। मूलतः धिमाल तथा लिम्बूहरू मंगोल वंशका हुन र शतरूपा र मनुका सन्तान हुन्। धिमालहरूको भाषा पनि भोट वर्मेली परिवार भित्र पर्दछ। स्वयम्भुव मनुका पुत्र मंगोलका ३ वटा छोरा थिए। यिनी मध्ये जेठाको नाम मुनाइङ्वा थियो। यिनका छोराको नाम किरात इङ्वा थियो। किरात इङ्वाका पनि १० भाइ छोराहरू थिए। यिनीहरू मध्येका योकतम्बावाट लिम्बु-हरूको वंश उत्पन्न भयो। कान्छा थाङ्दाबावाट धिमालहरूको उत्पत्ति भएको हो[1]।

धिमालहरू कुनै निश्चित ठाउँमा स्थायी रूपमा वसोवास नगरी वसाई सरिरहने प्रक्रियामा तल्लीन हुँदै आएका छन्। उनीहरू एक ठाउँमा ५ वर्ष भन्दा वढी वस्दैनन्। यिनीहरूमा यो प्रथा आदिम काल-देखि नै चलि आएको हो। यसो हुनाको मुख्य कारण चाहि तराईका फराकिला फाँटहरू र घना जंगलहरू नै हुन्। प्राचीन समयमा जनसंख्या र जनघनत्व कम भएकोले वन जङ्गल र तराईका फाँट र कुना काप्चा-मा जहाँ इच्छा लाग्छ त्यहाँ वस्न पाइने भएकोले धिमालहरू जंगल फणानो गरी खोलाका किनारमा खेती योग्य जमीन आवादी गरी वस्दथे। ३ चारवर्ष पछि त्यस स्थानलाई त्यत्तिकै छाडि अर्को नयाँ ठाउँ-मा वसाइ सर्दथे तर आज भोलि भने भूमिसुधार कार्यक्रमले गर्दा जग्गा नापी भएको हुनाले उनीहरू पनि स्थायी रूपमा वसोवास गर्न थालेका छन्। यिनीहरूका गाउँ तथा घरहरू अरू जातिका भन्दा वेग्लै किसिम-का हुन्छन् र टाढावाटै धिमाल गाउँ भनेर चिनिन्छन्। धिमालका घर-हरू प्राय एउटै ठाउँमा झुरूप्प वनेका हुन्छन् अरू पहाडे नेपालीहरूका जस्ता टाढा टाढा छरिएर वनेका हुँदैनन्। यसो हुनुमा मुख्य कारण

(१) राजबली तिवारी—प्राचीन भारतीय इतिहास तथा आदिम संस्कृति।।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

चाहिं शुरू देखिनै जंगलमा घुमन्ते जीवन विताउने प्रकृतिले गर्दा जंगली हिंस्रक प्राणीहरूद्वारा आक्रमण हुने डरको परिणति, नै हो भन्ने अनुमान गर्न सकिन्छ । सबै मिलीजुली एकै ठाउँमा वस्नाले जंगली जन्तु व्याघ्रादिद्वारा आत्म रक्षा गर्नु सरल हुन जान्छ । धिमाल गाउँमा सधैं भरी ढीकी कुटेको ढंग-ढंग आवाज आइरहन्छ त्यसैले गर्दा टाढावाटै यो धिमाल गाउँ हो भनी चिनिन्छ । आज भोलि धान कुट्ने मिल भएपनि धिमालहरू मिलमा गएर धान कुटाउनु भन्दा ढीकीमा नै कुट्नु राम्रो मान्दछन् । वरिपरि छर छिमेकका गाउँले जस्तै उनीहरू पनि विस्तारै विस्तारै आधुनिकता तर्फ लम्की रहेका छन् ।

धिमालहरूको घर बनाउने तरिका पनि आश्चर्य लाग्दो छ । साइत हेरेर घडेरीमा घरको मूल मान्छे १ रात नसुतीकन त्यस घडेरीमा घर बनाउँदैनन् । उनीहरूको विश्वास छ कि एकरात घडेरीमा सुतेपछि देउताले स्वप्नमा दर्शन दिन्छन् र उक्त घडेरी शुभ छ कि अशुभ छ त्यस विषयमा प्रष्ट ज्ञान हुन्छ । घडेरी जाँच्ने अर्को तरिका पनि चाखलाग्दो छ । जस अनुसार घडेरीमा तामाको पैसो, तुलसीपत्र, चन्दन, अक्षता, फूल आदि राखेर देउताको पूजा गर्दछन् र २ हात गहिरो खाडल खन्दछन् । दिनभरीमा त्यस खाडलमा पानी उम्रिएन भने त्यो घडेरी उत्तम भन्दछन् र घर बनाउँदछन् । अर्को तरिका बमोजिम तामाको पैसो, तुलसी, फूल, अक्षता आदि सामानलाई साँझमा घडेरीको माटो मुनि लुकाउँछन् र भोलि विहान त्यसलाई खनेर हेर्दा ती सामान जस्ताका तस्तै पाइएमा घडेरी उत्तम मानिन्छ । घर बनाउँदा धिमालहरू खाँवा गाडेको नै घर बनाउँछन् । यिनीहरू पक्का घर बनाउँदैनन्, तर आज भोलि कतिपय शिक्षित धिमालहरू चाहिं शहर बजारमा पक्का घरहरू बनाउँदै छन् । खाँवाको घर बनाउँदा चाहिं मूल खाँवालाई धेरै महत्व दिन्छन् । उक्त मूल खाँवाबाट नै उनीहरूका सम्पूर्ण रीति - थिति, धार्मिक संस्कार आदि कर्म गरिन्छन् । उनीहरू आफ्नो घर आफै बनाउँछन । आफूले मात्रै न सक्ने कामको लागि भने इष्ट, मित्र, छर-छिमेकमा गुहार गर्छन् र सबै मिलि काम सम्पन्न गर्छन् । यसलाई

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

उनीहरू होली गर्नु भन्दछन्। गृहारम्भ गर्दा मूल खाँवो पूजिन्छ, त्यस पूजामा कुखुरा, पाठा, सुगुरको बली दिन्छन्। नूतन गृह प्रवेश गर्दा धूमधामसंग पूजा श्राजा गरी भोज भतेर गर्छन्। रात भरी नाच गान गर्छन्। यिनीहरूका भोजमा चिउरा, ध्याक्सिङ्ग (जाँड) चुहाइका गोरा (रक्सी), मासु आदि खाद्य वस्तुहरूको उपभोग गर्दछन्। धिमाल-हरूमा कुनै किसिमको जातिगत, समूहगत र धार्मिक भेदभाव पाइदैन। यिनीहरू एक आपसमा मिलिजुली बसेका हुन्छन्। एकले अर्कालाई सहयोग सत्कार गर्छन्। भोज भतेरमा, धार्मिक मेलामा, चाड पर्वमा एक छत्र भएर रमाइलो गर्छन्।

धिमालहरूका थरहरू धेरै छन्। उनीहरूका थरहरू कुनै खास व्यवसायका आधारमा छुट्टिएका छैनन्। यिनीहरूमा पानी चल, अचल जातपात, छुवाछुत जस्ता सामाजिक विकृतिहरू पनि छैनन्। पितृ सत्तात्मक समाज भएकोले पिताको थर र पुत्रको थर एउटै हुन्छ। एउटै थरका दाजु भाइलाई यिनीहरू "हाश" भन्दछन्। हा राहरू विबाह आदि उत्सव र मृत्यु संस्कार आदि दुःखको समयमा पनि उपस्थित भएर मद्दत गर्दछन् - धिमालहरूका थरहरूमा कुनै खास पेशाको सम्बन्ध न भए पनि माना तिना रीति थितिको भने निकै गहिरो सम्बन्ध छ। धिमाल गाउँमा बूढापाकाहरूलाई सोध्दा उनीहरूका थरहरू निम्न छन्—

१. तालिपा, २. नुनिया, ३. मूलिङ्, ४. राथुम, ५. कॉसे ६. माखिम, ७, लातेर माखिम, ८. हर्दिया, ९. दोङ्गे १०. नुनिया दोंगे, ११. हर्दिया नुनिया, १२. हर्दिया तालिपा, १३· लेम्वाङ्ग, १४. तेंग्रे, १५. दिङ्ग, १६. नुनिया तेंग्रे, १७. हर्दिया दिङ्ग आदि।

धिमालहरूका थरहरूको मृत्यु संस्कार संग धेरै थोरै केही न केही सम्बन्ध रहेको पाइन्छ। यिनीहरूमा जन्म संस्कार भन्दा मृत्यु संस्कारको महत्व धेरै देखिन्छ। यिनीहरू जन्म संस्कार गर्भाधान, पुंस-वन नामकरण आदि संस्कारहरूलाई त्यति महत्व दिदैनन् मृत्यु संस्कार-

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

लाई अत्यन्त सतर्कताका साथ मनाउँछन् । वैदिक सनातन धर्मानुसार मृत्यु पछि गरिने भूमिदाह (लाशलाई माटामा गाड्ने) जलदाह (जल-समाधि), अग्नि दाहलाई धिमालहरूले पनि केही संशोधन सहित स्वीकारेको देखिन्छ । यिनीहरू विशेष परिस्थितिमा मात्र लाशलाई अग्नि दाह गर्दछन् नत्र भने भूमिदाह नै धेरै गर्दछन् ।

तालिपा थरको धिमाललाई चाहिं मृत्यु पछि लाशलाई जून (चन्द्रमा) तिर फकाएर सुताउनु पर्दछ । दिउसो मरेको भए लाशले घाम देख्न न पाओस् भनेर घोप्टे पारेर सुताइ दिन्छन् । उनीहरूका भाषामा तालि भनेको जून (चन्द्र) हो । यिनीहरूको पुर्खाले चन्द्रमालाई समातेर ल्याउँछु भनेर बाँस बाडेर आकाश तर्फ चढेका थिए र चढ्दा चढ्दै बाँसका टुप्पाबाट खसेर लडे अनि दिवंगत भए । उनका छोरा नाती एवं सन्तानको थर तालिपा भयो । यसै गरी मृत्यु पछि मरेको लाशलाई हर्दि (वेसार) दलेर गाड्नेको थर हर्दिया भयो । हर्दियाका सन्तानहरूले घरको चारैतिर हर्दिका बिरूवाहरू रोप्दछन् । त्यस्तै नुनिया थरले मरेको लाशलाई नुन दलेर लान्छन् र गाड्दा पनि चिहा नमा नून राखि दिन्छन् । राथुम थर भएका धिमालहरूले चाहिं मरेको लाश घरबाट निकाल्दा नाङ्लो ठटाउँनु पर्दछ । धिमाल भाषामा 'रा' को अर्थ नाङ्लो र थुम्को अर्थ नाँच्नु हो । नाङ्लो ठटाएर नाच्ने अथवा मर्दा, पर्दा नाङ्लो ठटाउने भएकाले यिनीहरूको थर राथुम् भएको हो । यिनीहरू साधारण नांच गानमा पनि नाङ्लो ठटाउँदछन् । यो नाङ्लो ठटाएर नाच्ने प्रथा आज भोलि पनि चलिराखेको छ मुलिङ् थरले घरको मूलखाँबोलाई धेरै महत्व दिन्छन् । धिमाल-भाषामा मुलिङ् भनेको मूल खांबो हो । मुलिङ्लाई धेरै मान्ने र महत्व दिने भएकोले गर्दा यिनीहरूको थर मुलिङ रहन गएको हो । माखिम थर भएका धिमालहरू मौरी पालन गर्दछन् यिनीहरूका भाषामा माखिम भनेको मौरीको चाको हो । जुन धिमाल समुदायले मौरीको पालन गर्‌यो महको चाको खायो त्यसको थर माखिम रहन गयो । छाँसे थरले "टाटरी" को दाउरा वाल्दैनन् । उनीहरू टाटरीको पात

nskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding.

पनि छुँदैनन् । तर तिनीहरूको मृत्यु संस्कारमा चाहिं टाटरीको पात आवश्यक हुन्छ । यिनीहरू लाशलाई टाटरीका पातहरूले छोप्दछन अनि गाड्दछन् टाटरी (काँसे) को उपयोग मृत्यु सस्कारमा आवश्यक पर्ने भएकोले यिनीहरूको थर काँसे रहन गएको हो ।

धिमालहरू मूलतः घूमन्ते (फिरन्तु) हुन् र यिनीहरू ४ वर्ष भन्दा वडी एक ठाउँमा रहन सक्दैनथे परन्तु आज भोलि जंगलको विनाश भएकोले, र तराईमा जग्गा जमीनको स्वामित्वले गर्दा यिनीहरू पनि निश्चित ठाउंमा स्थायी रूपमा वसोवास गर्न थालेका छन् । अन्य हिन्दूहरूले विश्वास गरे झैं यिनीहरू पनि जंगली देवी, देउता, धामी, झाँक्री, तथा मसान भूत प्रेतमा पूर्ण आस्था राख्दछन् । यिनीहरूमा धामीको धेरै महत्व छ । जशलाई ईश्वर जस्तो विश्वास गरिन्छ । धिमालहरू आदिवासी हुन् र हिन्दूहरूका सम्पर्कमा आएपछि हिन्दू धर्मका प्रभावमा आएका हुन् । यिनीहरूमा गर्भाधान आदि संस्कारको उचित मूल्य र मान्यता न भएतापनि नामकरण संस्कार चाहिं लोकप्रिय देखिन्छ । बालक बालिका जन्मिएको १ मास वितेपछि घरका अथवा गाउँका वयो वृद्धले नाउँ राखि दिन्छन् । यसलाई पनि वैदिक संस्कारमा बूढा पुरोहितले नाउँ राखे जस्तै मान्न सकिन्छ । विवाह संस्कारमा पनि यिनीहरूको वैदिक मान्यता अनुरूप नै छ । यिनीहरू आफ्ना थरमा र मामाका थरमा विवाह गर्दैनन् । दूरे हिता दुहिता भवति भन्ने निरूक्तको निर्वचनलाई प्रकारान्तरले पालन गरेको बुझिन्छ । पोइला जाने प्रथा धिमालनीहरूमा छँदै छैन । यिनीहरू दुःख सुख सहेर पनि मृत्यु-पर्यन्त आफ्नै पतिसंग वस्दछन् । कथंचित पतिको मृत्यु भएमा आफ्ना पुत्रहरूका आश्रयमा वस्छन्, अथवा आफ्नो वलबूतालै म्याएसम्म परिश्रम गरेर जीवन यापन गर्दछन् । धिमालहरूमा थरले ठूलो सानो भन्ने भावना लेश मात्र पनि छैन । जन्मदेखि मरणोपरान्तका संस्कारहरू द्वारा नै यिनीहरूका थरहरु आपसमा आपसमा एक दोश्राबाट अलग अलग छन् । यिनीहरूमा थरगत नियमहरू अत्यन्त कठीन छन् र तिनको पालना गर्नु अनिवार्य छ । अन्यथा अनिष्ट हुने विश्वास छ । धिमाल-

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

समाजमा अरू यस्तै धेरै किसिमका शङ्का-उपशङ्का उब्जाउने खालका रीति, थिति आस्था र विश्वासहरू पाइन्छन्। जस्तै-माखिम थरका धिमालले अदुवा, पिंडालु (घुइयां), वेसार आदि भोजनोपयोगी सामग्रीहरू असार देखि कार्तिकसम्म खान र छुन हुँदैन। तिनको उपयोग गरेमा ठूलो अनिष्ठ हुँने आशङ्का रहन्छ। आफ्ना कुलमा मानिएका देवी देउतालाई चढाएर खाएमा केही पनि हुँदैन। तेंग्रे थरका धिमाललाई मरे पछि न जलाई हुँदैन भने तालिपा थरका लाशलाई चाहिं उत्तानो पारेर आकाश तिर देखाउनु पर्दछ। जोगी थरका धिमालले लौका, फर्सी आफं रोप्न हुँदैन रोपेमा आफ्नै घरमा आगलागी हुँने डर त्रास रहन्छ। अरूले रोपी फलाएको खाएमा चाहिं केही पनि नहुने विश्वास छ। नुनिया थरका धिमालले वाँस रोप्न हुँदैन। जुन थरलाई जुन कुरो निषेध छ त्यसले त्यो गरेमा त्यसका छोरा छोरी लाटा हुँने लँगडा हुने, जीउदुखने, घरमा आफैं आगलागी हुने जस्ता विश्वासहरू गरिन्छन्। यस्ता यस्ता विश्वासहरू धिमालहरू हरक्षत्रमा गर्दछन्। पशुपक्षीहरूको बोलीमा, साइत मुहूर्तको विषयमा एवं स्वप्नका विषयमा पनि उनीहरू भरपर्दो विश्वास गर्दछन् - जस्तै मरेको गोरुको टाउको खेतवारीमा ठड्याएर राखेमा वाली नालीमा कीरा फट्याङ्ग्रा नलाग्ने र कसैको नजर पनि न लाग्ने, घेर पानी परीरहेमा त्यसलाई रोक्नका लागि हलो जुवा उल्टो पारेर पाखामा गाडी दिनु पर्ने, आदि विश्वासहरूले धिमाल समाजलाई अररो पारेर बाँधेको छ, जसले गर्दा उनीहरु आत्मोन्नति, आत्मविकास गर्नमा सर्वथा असमर्थ छन्। गाई, गोरु भैंसी, कुकुर आदि पशुहरूको बोली र रुवाईवाट पनि धिमालहरू शुभाशुभ अनुमान गर्दछन्। यस्ता विश्वासहरु अरु क्षत्रिय, ब्राह्मण, राई, लिम्बू, मगर आदिहरूमा पनि पाइन्छन्। हिन्दू शास्त्र पद्धतिमा पनि यस्ता भविष्य सूचक अनुमिति मूलक संकेतहरूलाई स्वीकार गरेको पाइन्छ। धिमालहरू यस्ता भविष्यमा आउन सक्ने सम्भावित अनिष्टहरू प्रति सतर्क र चनाखो भएर तिनीहरूबाट बाँच्ने उपाय गर्दछन्। उनीहरूको ठूलो उपाय भनेको ओझा-भोका गर्नु नै हो। उनीहरूको

nskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

भाषामा ओझा-भोका भनेको धामीले गाउनु हो । यिनीहरूमा "ओझा-भोका" गर्नु सबै भन्दा ठूलो उपाय मानिन्छ ।

धिमालहरू परापूर्वकाल देखि नै जंगलमा वसोवास गर्दै आएका फिरन्ता जाति हुन् । आज-भोलि स्थायी वसोवास गराउने नियतले भूमिसुधार कार्यक्रमद्वारा जग्गा नापी भै सकेपछि वाध्य भएर निश्चित ठाउँमा वसोवास गर्न थालेका हुन् । शुरूको जंगली जीवनदेखि नै यिनीहरू प्राकृतिक र आधिभौतिक प्रकोपहरूबाट छुटकारा पाउँन देवी-देवताहरू को सहारा लिने गर्दथे । प्राकृतिक प्रकोप जस्तै - अतिवृष्टि, अनावृष्टि, वज्रपात, वाढी, भूकम्प इत्यादि र आधिभौतिक विपत्तिहरूमा भयानक जंगली वन्य जन्तुहरूको डर र सर्प विच्छीहरूको डर पनि उनीहरूलाई असह्य थियो । उपर्युक्त विपत्तिहरूद्वारा सामाजिक, वैयक्तिक धन जनको धेरै क्षति हुन लागेको हृदय विदारक दृश्यले उनीहरूमा उथल पुथल हुनु स्वाभाविक नै थियो । आज भोलिका जस्ता नियमित रुपमा निर्माण गरिएका घरहरू उनीहरूसग थिएनन् । त्यसैले उनीहरुको जीवन साह्रै नै कष्टकर थियो । उनीहरू जहाँ गयो त्यहीं जंगलमा छहारी र साना गोठ जस्ता निवास आश्रय वनाएर वस्ने गर्दथे । उनीहरूको समाजमा आपसमा तँछाड मँछाडको भावना अधिक भएकोले आन्तरिक संघर्ष पनि अपरिहार्य थियो । अन्ततोगत्वा उनीहरू पनि दुःख पिराउवाट छुटकारा पाउनको निम्ति नयाँ आकांक्षा एवं उपायहरू खोज्न स्वभावत वाध्य भए । यसै शिलशिलामा देवी-देउताहरूको आराधना र उपासना तथा पूजा पाठको सहज प्रवृत्ति शुरु भयो । दैनिक जीवनको आधारमा नै देवी देवताको मनौति तथा आस्था रहेको पाइन्छ । यस्ता देवी देउतालाई गरिने भाकलमा आफ्नु खान-पान तथा रहन सहनको पनि ठूलो प्रभाव परेको देखिन्छ, किन कि धिमालहरू आफ्ना देवी देउतालाई, जाँड, रक्सी, कुखुरा, सुँगुरको वली चढाउने भाकल गर्दछन् । यस्तो भाकल वाहुन, क्षेत्री, राई, लिम्बूहरू पनि गर्दछन् । शुरुमा धिमालहरू धेरै जसो जंगली देवी देउताहरूको परिकल्पना भाकल मनौति आदि गर्दथे भने पछि आएर कालान्तरमा हिन्दू-

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

हरूसंग सम्पर्क भएपछि हिन्दू संस्कृतिका देवी देउताहरूलाई पनि विशेष किसिमको भाकल, मनौति र पूजा गर्न थाले, यसको ज्वलन्त उदाहरण हो तिहारमा लक्ष्मी पूजा यिनीहरु गाई तिहारे औंसीमा लक्ष्मो पूजा गर्दछन्। लक्ष्मीलाई पूज्दा यिनीहरू सुँगुरको वली दिन्छन्। हिन्दूहरूले मानि आएकी लक्ष्मोलाई नै यिनीहरूले आफ्नो कुल परम्परा अनुसार ठानेर वली दिने चलन चलाएको हो। हिन्दूहरू चाहिं लक्ष्मीलाई पूजा मात्र गर्दछन् वली दिंदैनन्। धिमालहरूको विश्वास अनुसार लक्ष्मीलाई पूज्नाले धान वाली राम्रो फल्छ, त्यसैले उनीहरू गाई तिहारे औंसीको रातमा राँको वालेर आफ्नो खेतको वरिपरि घुम्छन्।

धिमालहरू आफ्ना पूर्वज-पितृहरूलाई पनि देउताको रुपमा विश्वास गर्दछन् र भन्छन् कि पितृ रिसाएमा छोरा छोरी लाटा हुने, लँगडा हुने, जिउ दुख्ने वाक् वाकुती वान्ता आउने, लकुवा (Paralysis) हुने जस्ता अनिष्टकारी रोगहरु आई लाग्छन्। यिनीहरु पितृलाई "जाउरागेलाई" भन्दछन्। यिनीहरूमा वैदिक तथा पौराणिक वहुदेव वादको स्पष्ट प्रभाव देखिन्छ, कारण कि यिनीहरू पृथ्वीमा देखिने सम्पूर्ण वस्तुहरूलाई देउताको रुपमा मान्दछन्। ढुङ्गो, माटो, लहरो, रुख, पात, वोट, विरुवा आकाश, पर्वत, नदो नाला सवैलाई देउता मान्ने चलनले धिमालहरूमा जरा गाडेको पाइन्छ। यो धारणा स्पष्टत वैदिक वहुदेववादसंग समानता राख्दछ। वेदमा पनि ढुङ्गो, माटो, नदी, नाला, पर्वत, शिखर, लता वृक्ष आदि यावत वस्तुहरूलाई देवताको रुपमा स्वीकारेको पाइन्छ। मानव जीवनमा काम लाग्ने र उपयोगमा आउने सम्पूर्ण वस्तुहरूलाई देउता मान्नाले उपयोगितावादी सिद्धान्त-लाई प्रकारान्तरले स्वीकारेको भन्न सकिन्छ तसर्थ आफ्नो आस्था र उपासनाका आधारमा धिमाल संस्कृति वैदिक संस्कृतिको जानेर अथवा नजानेर यदृच्छया अनुगमन गर्दछ भन्दा कुनै अत्युक्ति देखिदैन। यिनी-हरूका देवताहरूमा विष्णुको खास स्थान छैन भने लक्ष्मीको चाहिं विशिष्ट मान्यता छ तर पनि यिनीहरू गाई तिहारमा पुज्दै लक्ष्मोलाई विष्णुसंग पोइला जाउ भनी पुकार्दछन्। यिनीहरू शिव र पार्वतीलाई

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

अनिष्टकारी देउताको रूपमा मान्दछन्। शिवलाई वोक्सो र पार्वतीलाई बोक्सी भनी पुकार्दछन्। शिव क्रुद्ध भए भने सर्व विनाश (प्रलय) गर्दछन् भन्ने विश्वास पौराणिकहरूले गर्दछन्। वोक्सो भन्नु प्रलयकारी क्रोधी नै हो। उनीहरू यो पनि विश्वास गर्छन् कि बोक्सो र वोक्सी खुशी भए भने सवैको भलाई हुन्छ। गाउँमा टोलमा रोग व्याधिहरू आउँदैनन्। पार्वतीलाई बोक्सी अतिरिक्त गौरा, पार्वता पनि भन्दछन्।

धिमालहरूका देउताहरू २ किसिमका हुन्छन् - १ घरका (कुलका) देउता. २-ग्राम स्थानका देउता। यिनीहरू मूर्ति पूजामा विश्वास गर्दैनन्। ग्राम स्थानका देउतालाई माटोको सानो ढिस्को वनाई सिंदूर पाती अक्षताले पूज्दछन् र त्यसैमा वलि दिन्छन्। ग्रामका देउतालाई यिनीहरू "डिर" भन्दछन्। भने घरका देउतालाई चाहिं "शाली" भन्दछन्। देउतालाई पूज्ने तरिका पनि थरै पिच्छे अलग अलग पाइन्छ। कुल देउता रिसाएमा रगत वमन गरेर मरिन्छ भन्ने विश्वास गर्दछन् देउताका कोठातिर फर्केर खानु, थुक्नु, अपशब्द वोल्नु पनि नराम्रो मानिन्छ।

यिनीहरूका प्रमुख कुल देउतामा- मसान, काली, देवी प्रमुख हुन्। मसानलाई पानीको मालिक भनेर घरमा पूजा गर्ने प्रथा छ। मसान रिसाएमा पेट दुख्ने, वान्ता आउने आदि रोगहरू हुन्छन्। यसलाई रातो कुखुराको वली दिन्छन्। कालीलाई दुर्गाको रूपमा पनि स्वीकार्दछन् जो अरू हिन्दूहरूले पनि मानेका छन्। कालीलाई वायुको रूपमा मान्दछन् र कालो परेवा, कुखुरो अक्षता चढाउछन्। देवीलाई यिनीहरू वनस्पति, नदीनाला, रूखपातकी अधिष्ठातृको रूपमा मान्दछन्।

धिमाल समाज यसरी वहुदेववादमा विश्वास गर्ने एउटा अविकसित समाज हो जसमा रूढिवादले धेरै स्थान ओगटेको छ। परापूर्व कालदेखि साहित्य, लिपि आदिमा कुनै निश्चितता न भए पनि धिमालहरूको भाषा आफैंमा पूर्ण छ र सम्पन्न पनि छ। आधुनिक समयमा अरू भाषाहरूको साहित्य रचना भए जस्तै यसको पनि आफ्नो जातीयपनको विकास होस र जागृत होस भन्ने आशा राख्न सकिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

"कामी" जात होइन उपाधि हो आदिकालमा अछुत पनि थिएनन्

—चक्रबहादुर शंकर

लेखक—शिक्षासेवी र शिक्षा प्रेमी हुनुहुन्छ। वहाँले बी.एस. सी. र बी. एल. गर्नु भएको छ। हाल अधिवक्ताको स्वतन्त्र पेशामा संलग्न शंकरज्यू राज-परिषद्को सम्माननीय सदस्य पनि हुनुहुन्छ।-सम्पादक

प्रारम्भमा कुन जातिको उत्पत्ति कुन दिन भएको हो, कुन ठाउँमा भएको हो, कसरी भएको हो भन्ने कुराको तथ्याङ्क सहितको सत्यतापूर्ण उत्तर पाउन संभव छैन। पृथ्वी सृष्टी भएको समय देख्ने व्यक्ति नभए पनि २०५२ सालको पंचाङ्गमा लेखिएको सृष्टीतोगताब्दा १९५५८८५०९६ वर्ष अर्थात पृथ्वी सृष्टी भएको एक अरब पन्चानब्बे करोड अन्ठाउन्न लाख पचासी हजार छयानब्बे वर्ष लेखिएको छ। यसलाई तथ्य मान्न सकिदैन, यो केवल अनुमान मात्र हो। पंचाङ्गमा मानव सृष्टी भएको कुरा कहि उल्लेख छैन। पृथ्वीको सृष्टी होस चाहे मानव समाजको सृष्टी होस कहिले कसैले ठोकुवा साथ भन्न सक्तैन।

विभिन्न ग्रहहरूको गुरूत्व आकर्षण, विकर्षण र चुम्बकीय शक्तिको प्रभाववाट आगो जस्तो तातो सूर्यवाट एक टुक्रा चोइटीएर अलग्गियो, जुन सेलाउन अरबौ वर्ष लाग्यो अनि पृथ्वी, आकाश, वायु, जल, अग्नी जस्ता पंचभूत तत्व र प्राकृतिक प्रभाववाट अति सूक्ष्म किटाणु र उद्भवहरू सृष्टी भएको त्यस्को करोडौं र लाखौं वर्षको समयको अन्तराल पछि जलचर र थलचर विभिन्न प्रकारका प्राणीहरू

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

र वनस्पतिहरूको सृष्टी हुदै, विकास हुदै विभिन्न जातिका पशुपंक्षीहरू र मानव जातिको उत्पत्ति भएको कुरा वैज्ञानिकहरूको अध्ययनबाट प्रमाणित भएको छ। वैज्ञानिकहरूले पनि मानव सृष्टी कहिले, कुन ठाउँमा कसरी, को बाट भएको भन्ने कुरा पत्ता लगाउन सकेका छैनन् र यस प्रश्नको उत्तर खोजीरहेका छन।

नेपालको ३०० वर्ष अगाडि सम्मको जंगली अवस्था र हाम्रा बाजे बराजुहरूको आहार विहार भेष भूषा हेर्दा र हालैमा भेटिएका चेपाङ्ग जाति, राउटे, जातिलाई हेर्दा, नागालेण्डका नागाहरू पनि जंगली अवस्थामा नै रहेका अवस्थाले हाम्रा बाजे बराजुहरूले थाहा पाएका अगाडीका अवस्थाबाट सृष्टी कालका मानव समाज जंगली जनावर जस्तै थिए भन्ने कुरा अनुमान लगाउने कुरा मात्र होइन, हाल अफ्रिका-का जंगलबाट समातेर ल्याइएका जंगलीलाई नेपालका चिडीया खानामा केही वर्ष अगाडि राखिएको र सबै मानिसहरूले देखेका थिए - यसबाट हाम्रा मानव वंशज जगली जनावर जस्तै थिए, भन्ने विश्वास गर्नु पर्छ। हाल अफ्रिकाका जंगलमा भएका वनमान्छेहरूको पुरूष र स्त्री दुईटा मात्र जात भएको, एउटै भाषा भएको, सबै निर्वस्त्र भएको, काचो फल-फूल र कन्दमूल खाने गरेको, कुनै उपायद्वारा मार्न सकेको र मरेको जुनसुकै पशुपंक्षीहरूको काचो मासु खाएर रूखको ध्वान्द्रो र ओढारमा बसेको पाउँछौं। यही अवस्थाबाट हाम्रा बाजे बराजुहरू भन्दा अगाडि-का पुस्ताहरूले लाखौं वर्षको युग पारगर्दै प्राकृतिक शक्तिबाट प्राप्त चेतनाको विकास हुदै गएर घर बनाउन, खेती गर्न, पशुपालन गर्न र स्थाई बसोबास गर्न शुरूवात भएको समय देखि हाल सम्म नयाँ प्रविधि-हरूको आविष्कार र उपभोग हुदै आएको छ अझै आविष्कार र प्रयोग हुन बाकि नै छ यही नयाँ प्रविधिको आविष्कार र प्रयोगबाट मानिसको समाजको जीवन पद्धतिलाई परिवर्तन गराई सभ्य र विकसित मानव समाजको श्रेणी निरन्तर रूपले कायम भई रहेको छ। पृथ्वीको प्रलय नभए सम्म यो निरन्तरता कायम हुनेछ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

हाल विश्व मानव समुदायमा कति जाति छन्, कति उपजाति छन् कति भाषा छन् भन्ने कुराको पूर्ण तथ्याङ्क संकलन गर्न सकिएको छैन्, महादेशको नामवाट युरोपेली, अफ्रिकन, अमेरिकन एशियन भनि मुख्य जाति छुटाइएको छ, अर्को धर्मको आधारमा वौद्ध, हिन्दू, मुसलमान, क्रिश्चियन आदि इत्यादि जाति छुटाइन्छ। नेपालमा भएका ब्राह्मण,क्षेत्री,वैश्य,शुद्रका आफ्ना आफ्ना थर र गोत्रहरू के के छन भन्ने कुरा आफ्नै जातिलाई थाहा छैन। प्रत्येक जात, उपजातहरूको उत्पत्ति यसरी नै भएको भन्ने प्रमाण छैन।वावु उपाध्याय ब्राह्मण र छोरो क्षेत्री हुने नेपाल देशमा आफ्नो वंशको निरन्तरता कायम भएको छ भन्न मिल्दैन। स्वर्गीय श्री ३ भीम शमशेर ज. व. रा की पत्नी सीता महारानी तामाङ्गनी हुन, सीता महारानीका तामाङ्ग दाजुभाइलाई पाण्डे क्षेत्री वनाएको इतिहास एकसय वर्ष पनि पुगेको छैन।

अव यस लेखको शीर्षकको प्रसंग पटी जाउ। वेद लेखिएको तीन-चार हजार वर्ष भयो भन्ने सुनिन्छ, कुन साल र मितिमा वेद लेखिएको हो भनेर वेदमा नै लेखिएको छैन र जान्ने व्यक्ति पनि कोही छैनन्। तीन चार हजार वर्ष अगाडि लेखिएको वेद ग्रन्थलाई जस्ताको तस्तै पूर्ण संरक्षित अवस्थामा त्यसवेलाको पुस्ताले पछि आउने प्रत्येक पुस्ताहरूलाई तीन चार हजार वर्ष पछिका हामीलाई हस्तान्तरण गरेका छन भन्न अतिशयोक्ति हुन जान्छ। मेरो जीवन कालको ३०/४० वर्ष अगाडि किनेका जीवनपयोगी पुस्तकहरू, जो मेरो भविष्यका सन्ततिहरुले पनि उपयोग गरून भनी संरक्षण गर्न चाहेर जतन गर्दा गर्दै पनि माउ, मूसा, आगो, पानीवाट जोगाउन सकेको छुइन भने तीन चार हजार वर्षमा पृथ्वी भर कैयौं पटक भूकम्पवाट, वाढीवाट आगलागीवाट, आँधिबेरीवाट प्रलय भयो, महायुद्धहरू समेत भए, लाखौं करोडौं मानिस वस्ने सिंगो देश नै ध्वस्त भयो भने ती सक्कली वेद ग्रन्थहरू कसरी सुरक्षित अवस्थामा तीन चार हजार वर्ष पछिका हाम्रो पुस्तालाई हस्तान्तरित भयो होला गम्भिरतापूर्वक सोच्नु होस् अनि आफै भन्नु होस्।

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

यदि तीन चार हजार वर्ष अगाडि देखि लेखिएका ती सक्कली वेद ग्रन्थहरू पायौं भने पनि त्यसवेलाको भाषाको मौलिक अर्थ अहिले हुन सक्तैन । यसको मुख्य कारण के हो भने प्रत्येक मानिस नयाँ ठाउँमा सर्न वित्तिकै वा पुरन वित्तिकै, नयाँ चिज देख्न वित्तिकै वा प्रयोग गर्न वित्तिकै नयाँ भाषा सिक्न र प्रयोग गर्न वाध्य हुनु पर्छ । आफ्नो मातृभाषा पनि मानिसले विसिन सक्तो रहेछ भन्ने उदाहरण पाइएको छ । मेरा पिताजीका आफ्नै मामाका जेठा छोरा वमवहादुर रसाइली १६ वर्षको उमेरमा वर्माको ऐजल भन्ने ठाउँमा गई वस्नु भएको र ६० वर्ष पछि २०४७ सालमा आफ्नी छोरी ज्वाई र तीनका सन्तानलाई दार्जीलिङ्गमा भेट्न र आफ्नो निजी कान्छो भाइ शिवलाल रसाइली र उनका परिवारहरू (जो झापाको धर्मपुर-६ मा वसोवास गर्नु भएको छ) लाई भेट्न आउनु भएको थियो - उहाँ (वमवहादुर रसाइली, ले आफ्नो मातृभाषा नेपाली वोल्न त परैजावस् याहाँका नातेदारहरूले वोलेको समेत बुझ्न पटक्कै सक्नु भएन, उहाँ (वमवहादुर रसाइली) ले वोलेको वर्मिज भाषा याहाँका आफन्तहरूले पटक्कै बुझ्न सक्नु भएन, विदेशी सरह हातको इसारा ले र टुटे फुटेका अंग्रेजी शब्दहरूवाट काम चलाउनु प-यो, उहाँ एक महिना झापामा वसेर वर्मा फर्किनु भयो - यो तथ्य घटना हो । भाषावाट नै जातित्व कायम हुन सक्दो रहेनछ भन्ने यो अकाट्य प्रमाण पनि हो ।

सत्य, द्वापर, त्रेता र कलियुगमा कैयौं जातिहरू उत्पत्ति भएर लोप भए कैयौं भाषाहरू उत्पत्ति भएर लोप पनि भई सकेका छन, यस वारेमा अनुसन्धान गर्न आवश्यक छ । बुद्धकालमा पाली भाषाको प्रचलन थियो । भगवान बुद्धको सवै उपदेशहरू पाली भाषामा लेखिएको छ तर उक्त पाली भाषा लोप भइ सकेको कारण बुद्ध ग्रन्थहरूको अर्थ संस्कृत भाषाको आडमा लगाइन्छ जुन यथार्थ नहुन सक्छ ।

जंगली अवस्थावाट सभ्य र विकसित हुदै उत्पत्ति स्थानवाट अन्यत्र फैलिदै गएको विश्वका मानव जातिहरूले आफ्नो वंशज तथ्याक (पेडीग्री रेकर्ड) इतिहासमा उल्लेख भएका राजाहरूको वाहेक कसैले

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

पनि शुरु देखि हाल सम्म राखेको छैन । तर ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र चार ओटा जातिहरूको उत्पत्ति क्रमश मुखबाट, बाहुबाट, जांघबाट र पाउबाट भएको भनि ऋग्वेदको अध्याय ३१, मंत्र ११ मा लेखिएको छ जुन श्लोक यस्तो छ :—

ब्राह्मणोऽस्य मुखमासोद बाहु राजन्य कृतः ।
उरू तदस्य यद्वैश्यः पद्भ्यां शुद्रोऽजायत ।

ब्राह्मण मुखबाट, क्षेत्री बाहुबाट, वैश्य जाँघबाट, शुद्र पाउबाट जन्मिएको कुरा लेखियो, तर कुन साल र मितिमा, अनि पृथ्वीको कुन भूभागमा र को बाट जन्मिएको भन्ने प्रश्नको उत्तर छैन । यदि सृष्टी हुदा चारओटा छुट्टा छुट्टै जात छुट्टा छुट्टै अंगबाट जन्मिएका भए अहिले पनि ब्राह्मण मुखबाट, क्षेत्री बाहुबाट, वैश्य (हालका जनजाती-हरू) जाँघबाट अनि शुद्र (हालका दलित जातिहरू-राणा शासनमा पानी नचल्ने-छोए छिटो हाल्नु पर्ने जातिहरू) पाउबाट जन्मिएको देखिएको छैन । यी, नेपाल र भारतमा भएका चार जातहरू र अन्य देशहरूमा भएका विभिन्न भाषा बोल्ने र धर्म मान्ने मानिसहरूको जन्मिने प्रक्रया, बाल्यावस्था, युवावस्था वृद्धावस्था हुने प्रक्रया र मरणको प्रक्रया समेत एउटै छ । नेपाल र भारत बाहेक अन्य देशहरूमा वेदमा उल्लेखित जातिहरू ब्राह्मण क्षेत्री वैश्य र शुद्र जाति पनि छैनन् ।

हिन्दूधर्म शास्त्र मध्य एक मानिएर प्रयोग गरिएको "मनुस्मृति" मा यी चारै जातको काम तोकेको छ जस अनुसार—

ब्राह्मणको काम—पढ़नु, पढाउनु, यज्ञ गर्नु र गराउनु, दान लिनु ।

क्षेत्रीको काम—लडाई गर्नु, राज्य र प्रजापालन गर्नु, यज्ञ गराउनु, दान दिनु ।

वैश्यको काम—यज्ञ गराउनु, दान दिनु, पशुपालन गर्नु, कृषि र व्यापारको काम गर्नु ।

शुद्रको काम—ब्राह्मण क्षेत्री र वैश्यको सेवा गर्नु सधैं दास हुनु ।

यी चार जातमा क्रमिक असमानता कायम गरिएको छ । ब्राह्मण सबै भन्दा उच्च, क्षेत्री-ब्राह्मण भन्दा मुनि तर वैश्य र शुद्र भन्दा उच्च, वैश्य-ब्राह्मण र क्षेत्री भन्दा मुनि तर शुद्र भन्दा उच्च, शुद्र-सबै भन्दा

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

नीच श्रेणीको कायम गरिएको छ ।

दश ओटा जातिलाई शुद्र भनि तोकेको छ, शुद्र कमलाकार ग्रन्थ अनुसार यी जाति हुन्,

नापितः भावाहश्च ताम्बूलकार एव च ।
रजकः कुंभकारश्च वायकश्चर्मकारकः ॥
क्रोडपालः चांडालश्च कैचकश्च तथैवच ।
दशैते शुद्र जातीयाः कथ्यते मन्वादयस्तथा ॥

(१) हजाम (२) काहार (पानी वोक्ने, भारी वोक्ने, डोली वोक्ने) (३) बरई (४) धोवी (५) कुम्हाले (६) दर्जी (७) सार्की (८) पासो (९) ह्वेल (१०) धैकार ।

वेदोक्त शुद्र कमलाकार ग्रन्थवाट विश्वकर्मा (कामी) लाई शुद्र भनिएको छैन वरू कुम्हालेलाई शुद्र भनिएको छ ।

विश्वकर्मा (कामी) लाई सवभन्दा ठूलो जात भनि हिन्दू ग्रन्थ श्री मद्भागवत स्कन्ध-३ र शिल्प शास्त्रमा लेखिएको छ, जुन यस्तो छ,

विश्वकर्म कुले जाती यदि भुंक्तेऽन्यवेश्मनि ॥
श्वान योनी सहस्राणि गत्वा चंडालतां व्रजेत् ॥

विश्वकर्माले आपनो जातीको वाहेक अन्य कुनै जातीका हातले वनाएको पक्कान्न नखानु यदि खायो भने उस्को फल हजार योनी कुकुरको भएर र त्यसपछि पनि चंडाल योनी भोग गर्नु पर्छ ।

यस ग्रन्थ अनुसार विश्वकर्मा जाति ब्राह्मण भन्दा पनि उच्च जाति रहेछ भन्ने प्रष्ट हुन्छ । आदिकाल देखि हालसम्म ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जातिको जीवीकोपार्जन गर्न आवश्यक उच्च कामहरू विश्वकर्मावाट भएको छ । आदीकालमा पनि विश्वकर्माको काम युद्धका लागि अस्त्र शस्त्र वनाउनु, इनार वनाउनु, यज्ञ मण्डप वनाउनु, मंदिर वनाउनु, (विश्वकर्माले वनाएका जगन्नाथपुरी समेतका भारतका चार धामका मंदिरहरू हाल पनि मौजुदा छन), यज्ञपात्र वनाउनु, जलपात्र वनाउनु, भोजनपात्र वनाउनु, देवमूर्ति, प्रतिमा, भूषण, अलंकार वनाउनुका साथै पंचयज्ञ, पितृयज्ञ, भूतयज्ञ, देवयज्ञ, नृयज्ञ, मुख्य हुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

भारतमा बस्ने विश्वकर्मालाई अछूत जाति मानिइदैन - यिनीहरूले जनै लगाउछन । तर यस्ता उच्च काम गर्ने विश्वकर्मा जातिलाई नेपालमा अछूत जाति मानिन्छ, अनि कामी तथा सुनार पनि भनिन्छ । किन ? आफैले बनाएको मंदिरमा आफैलाई प्रवेश निषेध किन ?

वैदिक काल प्रारम्भ भए पछि र वर्तमान नेपाल निर्माण गर्ने तत्कालीन श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शासन-काल सम्म पनि विश्वकर्मालाई अछूत जाति मानिएको थिएन । काठ-माण्डौ उपत्यका विजय गर्ने प्रबल इच्छा राखी बनारसका आफ्ना ससुरालीबाट आवश्यक सहयोग प्राप्त गर्न र युद्ध सम्बन्धि आवश्यक सरसामानहरू ल्याउने उद्देश्य लिई आज भन्दा २५२ वर्ष अगाडि सन् १७४३ मा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह केही अंग-रक्षक, पुरोहित र ज्योतिष साथ बनारस गईबक्सियो, बनारस पुगेपछि एकिकरणको समयमा आफ्ना वंशजहरूको पनि हत्या हुन सक्ला भनी पापमुक्त हुनलाई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले आफ्नो भारद्वाज गोत्रलाई कश्यप गोत्रमा परिणत गरी बक्सियो अनि, बनारस बस्दा हात हतियार बनाउने कारखानाहरूको निरीक्षण गरि-बक्सि केही बन्दूक, बारूद, पाल र अन्य सामानहरू खरिद गरी बक्सिनु-का साथै त्याहाँ बनारसको राजाको कारखानामा काम गरिरहेका हात हतियार बनाउने सर्वश्रेष्ठ निपुण इन्जिनियर बेखार्सिह विश्वकर्मालाई गोर्खामा बन्दूक निर्माण गर्न, मरमत गर्न, त्यसको प्रयोग सम्बन्धमा तालिम दिन समेत (सहायक कालीगढ़को रूपमा अन्य दुईजना व्यक्ति शेखजावर र मुहम्मद ताकितलाई समेत) साथमा लिई श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह गोर्खा फिरिबिसयो ।

त्यसपछि इन्जिनियर बेखार्सिह विश्वकर्माले गोर्खामा हातहति-यार निर्माण गर्ने कारखानाको स्थापना गरी नेपाल एकिकरण गर्ने आवश्यक सम्पूर्ण हात हतियार निर्माण गरी श्री ५ बडामहाराजा-धिराज पृथ्वीनारायण शाहको सल्लाहकारको समेत काम गरी वर्तमान नेपाल एकिकरण गर्न अत्यन्त महत्वपुर्ण योगदान पु-याउनु भएको हुदा

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह अत्यन्त खुशी भई वक्सी वेखासिंह विश्वकर्मालाई दरवारिया उपाधि "कामी" वक्सियो। आजकाल विश्वकर्मा जातीमा शाहशकर थर भएका व्यक्ति-नेपाल अधिराज्य भर भेटिन्छन् जो यीनै वेखासिंह विश्वकर्माका सन्तान हुन्।

आजकाल पनि राजदरवारवाट काजी, वडाकाजी, मीर सुब्वा इत्यादि उपाधि प्रदान गरे जस्तै तत्कालीन श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले वेखासिंह विश्वकर्मालाई प्रदान गरिएको उपाधि "कामी" हो जुन जात होइन। अछूत पनि होइन। कामी जात हो भनेर तपाईहरू कोही पनि भ्रममा नपर्नु होस्।

जात भन्ने धारणा चाहिं ठाउँको नामवाट, पेशावाट, उपाधि-वाट र अड्डामा दिएको पदहरूवाट पनि परिस्कृत हुँदै आएको समेत उदाहरणहरू धर्मग्रन्थ तथा इतिहासवाट पनि भेटिन्छ। नेपाल एकि-करण हुनु अगाडि कर्णाली राज्य कायम थियो - सो राज्यका कर्मचारी-हरूको दर्जा यस्तो थियो - अमात्य, पात्र, शिष्ट, भाण्डागरिक (भण्डारी) जोशी, खड्गग्राह (खड्ग्राह-हाल खड्का), अधिकारी, लेखक (हाल वैतडी, डडेलधुरा जिल्लामा वसोवास गर्ने जाति), पेरवक (प्रेक्षक), अडे, कार्की थियो जो आजकाल, सचिव, सहसचिव, उपसचिव, सेक्शन अफि-सर, सुब्वा, खरदार भने जस्तै दर्जा त्यो समयमा कायम थियो। कर्णाली राज्यका उल्लेखित दर्जाका व्यक्तिहरूको हाल छुट्टा छुट्टै जाति कायम भएको छ।

नेपालमा सर्वप्रथम राणा प्रधानमंत्रीको लिखित पहिलो मुलुकी ऐन सम्वत् १९१० मा त्यसपछि लागु गरिएको संवत् १०८४ को मुलुकी ऐनको पांचौ भागको २३ नम्वर मा कामी जातिलाई छोए छिटो हाल्नु पर्ने अछूत जाति तोकेर व्यवहार गरी माथिल्लो जातहरूबाट शोषण र उत्पिडन गरी मानव अधिकारवाट वंचित गरिएको छ, सम्पूर्ण विश्व-कर्मा जातिलाई शताब्दी अगाडि देखि गरेको शोषणको विरूद्ध राज्यले क्षतिपूर्ति दिई सामाजिक न्याय दिनु पर्ने वर्तमान प्रजातान्त्रिक सरकार-नैतिक कर्तव्य हुन आएको छ। अस्तु।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

शास्त्रानुसन्धान अति आवश्यक हो

—छविलाल पोखरेल

लेखक—पूर्वाञ्चलका मूर्धन्य चिन्तक, शिक्षा-सेवी, समाजसेवी र प्रखरवक्ता हुनुहुन्छ। वहाँले दुई दर्जन जति पुस्तकहरू लेख्नु भएको छ। वहाँ ९१ वर्षीय तरूण विद्वान् हुनुहुन्छ। -सम्पादक

यो शास्त्रानुसन्धान अति आवश्यक हो, किन भने शास्त्र सत्, असत् र अति असत् पनि छन्। पृथ्वीभरका ग्रन्थहरूमध्ये अति पुरानु र मनुष्य-समाज निम्ति अति आवश्यक उत्तम कुरा बताउने, चार वेद-मन्त्र-भाग नै हुन् भन्ने कुरा निष्पक्ष विद्वान्हरूले मानेका छन् र पर-मेश्वरको उपदेश मान्छन्। पन्ध्रौं शताब्दीदेखि पूर्वको कुरानलाई इस्लाम संप्रदायले ईश्वर-दूत मुहम्मदमा प्रकट भएको ईश्वरको उपदेश मान्छन्। दुईहजार वर्ष एताको बाइबललाई इसाईहरूले ईश्वरैका छोरा इसुको उपदेश मान्छन्। हाम्रा वेदको ता साल-संवत् थाह न भए पनि विक्रम संवत् भन्दा पहिले तीन हजार वर्ष अघि देखि युधिष्ठिर संवत् थियो, गोर्खाका राजा रामशाहका कागत-पत्रमा युधिष्ठिर संवत् र विक्रम संवत् समेत लेखेको हेर्न पाइन्छ। अचेलको पात्रामा नेपालमा कलिसंवत् र विक्रम संवत् लेख्तैछन्। त्यो भन्दा पहिलेका राम, लक्ष्मण, रावण, आदि हुन्। वेद मन्त्रहरूमा राम लक्ष्मण आदिको चरित्र न हुंदा वेद मन्त्रभाग अति पुराना हुन्। सबै शास्त्र मनुष्यले बनाएका हुंदा पौरूषेय मानिन्छन्। तर वेद चाहिं ईश्वरीय ज्ञान हो र ईश्वरबाट प्रकट भएको हुंदा अपौरूषेय हो भनेका छन्। श्रीमद्भागवतको आरम्भ-

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

मा नै - "तेने ब्रह्म हृदा य आदिकवये" आदिकवि ब्रह्माको हृदममा जुन परमेश्वरले वेद प्रकट गरेथे, भनेको छ। तर चारैवेदका मन्त्रहरूको र त्यहाँ भएका शब्दहरूको अर्थ हेर्दा सबै भन्दा ऋग्वेद पुरानो ठहर्छ। पृथ्वी भरका सम्प्रदायहरू आफ्नू मूल धर्म ग्रन्थलाई ईश्वरैवाट पाएको भन्दैछन्। वेदको ता साल-संवत् नै थाह छैन। कात्यायन परिशिष्ट भन्ने प्रकरणमा - "मन्त्रब्राह्मणयो र्वेदनामद्ध यम्" वेद शब्द, मन्त्र र ब्राह्मण दुबैको नाम हो, भनेको छ। विद् धातुवाट वेद शब्द बन्दछ। विद् धातुको अर्थ धेरै भएपनि - 'विद ज्ञाने', 'विद्लृ लाभे', 'विद सत्ता-याम्', समेत तीन धातुको अर्थ मिल्दछ। ज्ञान, (जान्नू) सत्य र असत्य हुन्छन्। सत्य ज्ञानवाट लाभ हुन्छ र सत्ता (सबैका साथ मिलेर वन्न सक्ने) बन्दछ। अहिले विश्वयुद्ध पछि राष्ट्रसंघले अब युद्ध बन्दै गर्नु पर्छ र मनुष्यहरूको सह अस्तित्व राख्ने यत्न गर्नु पर्दछ भन्दै कार्यक्रम-हरूको प्रचार चालु गरेको छ। वास्तवमा ता ऋग्वेदको अन्तिम सूक्तले सभासमिति कायमगरी छलफल गर्दै रहनु, तिमीहरूको सहअस्तित्व निम्ति समान व्यवहार गर्नु,-भन्ने कुरा - 'समानमस्तु वो मनो यथा वः सुसहासति'लेभनेको छ। अर्थात् - वः=युष्माकं, यथा सु शह आसति= सम्यक् सह अस्तित्वं येन प्रकारेण स्यात् तेनैव प्रकारेण, मनः समानम् अस्तु=समान-व्यवहार - करणे यत्नो विधेयः, इत्यादि वेदमन्त्रहरूले स्पष्ट भनेका छन्।

भन् यजुर्वेदको उपसंहार अन्तिम चालिसौं अध्यायले ता पृथ्वी भरका मनुष्य निम्ति अति उत्तम उपदेश गरेको छ। माध्यन्दिनीय वाजसनेय शाखाको चालिसौं अध्यायमा १७ मन्त्र छन्, काण्व शाखा-मा उनै मन्त्र भएपनि एकमन्त्र वेसी छ। ती सत्र मन्त्रले हाम्रा धर्मको मुख्य सार वताउंछन्। तेसै हुंदा तेस अध्यायलाई सबै उपनिषद्लेखता, ईशावास्योपनिषद् नाम राखेर पहिलो उपनिषद्मा गनेको छ। तो सत्रै मन्त्रले हामी मनुष्यहरूले गर्नु पर्ने धर्म (सद्व्यवहार, सदाचार, पर-मेश्वर र उनको उपासना समेत) वताउंछन् जम्मा तीन कुरा छोटो गरी वताएको छ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

ईशावास्यमिदं सर्वं यत् किञ्च जगत्यां जगत्,
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम् (यजुः ४०।१)

अर्थात् - 'पृथ्वी भरमा जती जीवजन्तु छन्, तो सबैमा नै ईश्वर व्याप्त छन्, तेसो हुंदा उनका निम्ति पनि केही त्याग गर्दै भोग गर्नु' तर कसैको धनमा लोभ न गर्नु, धन कमाउने, जोगाउने न गरेमा भोग हुन न सक्ने हुंदा सत्व्यवहारबाट कमाउंदै गर्नु' भन्ने भाव पनि तेस मन्त्रबाट आउंछ।

दोस्रो मन्त्रः- 'कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः।
एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे'। (यजुः ४०।२)

अर्थात् - 'यस संसारमा सत् व्यवहार गर्दै सयवर्ष बाच्ने इच्छा गर्नु, तेसो गरेमा तिमी मनुष्यलाई कुनै दोष लाग्दैन। असत् काम गर्दा मात्र दोष लाग्छ।' पहिलो मन्त्रले नै कसैको धनमा लोभ न गर्नु' भनेकै छ। तेस्रो मन्त्र छ—

"असुर्या नाम ते लोका अन्धेन तमसा वृताः।
तां स्ते प्रेत्यापि गच्छन्ति ये के चात्महनो जनाः।।" (यजुः ४०।३)

जसले, माथिका दुई मन्त्रले बताए अनुसार, "सत्कर्म, - सबैका साथ सद्व्यवहार बाट जीविका गर्ने र अरूका धनमा लोभ न गर्ने भै बाँच्ने इच्छा गर्नु भनेकाले उपलक्षण हुंदा काम, क्रोध, लोभ आदि बढेमा हुने असत् काम छोडेर सत् काम मात्र गर्नु" - अर्थ पहिला दुई मन्त्रले बताए। "सत्व्यवहार छोडी, असत् काम गर्ने मानिस चाहिं आफैले आफ्नू हानी गर्ने हुंदा आत्महत्या गर्ने ठहर्छन्। यो तेस्रो मन्त्रको अर्थ आयो। तेस पछिका दुई मन्त्रले - परमेश्वर सबै तिर व्याप्त, निराकार छ - भन्छन्। तेस पछिका दुईमन्त्रले सबैमा उही आत्मा छ, भन्ने विचार बढेमा (नविचिकित्सति)=सन्देह गर्दैन (वाजसनेय शाखा), कण्व शाखामा - (न विजुगुप्सते) - कसैको निन्दा वा घृणा गर्दैन र एकताको भावना बढ्दछ। हुन ता विषमतामा सृष्टि र वृद्धि छ, समतामा प्रलय (समाप्ति), "सत्त्वरजस्तमसां साम्यावस्था प्रकृतिः," अर्थात् - वैषम्यावस्थाया विकृति-, यो, सांख्य र योग आदिको सिद्धान्त

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

छ। विषमलिङ्गीबाट संसार चालू छ। समताको व्यवहारिक अर्थ स्पष्ट गरी गीताले भनेको छ, जस्तै—

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः॥ (गीता ६।३२)

अर्थात् - आफुलाई जस्तै अरूलाई पनि खान पान आदि हुनु र नहुनु-बाट सुख र दुःख हुन्छ भन्ने संझेर सो अनुसार व्यवहार गर्छ भने त्यही योगी हो। तेस पछिका ६ मन्त्रले भौतिक विद्या र अध्यात्मविद्या समेत साथै जान्न आवश्यक छ भन्ने बताउछन्। अन्तिम तीन मन्त्रले सर्वव्यापी परमेश्वरको मुख्य मन्त्र ॐ वा त्यो सहित मन्त्रबाट परमेश्वर-को उपासना बताउछन्।

यजुर्वेदको उपसंहार अन्तिम चालिसौं अध्यायका सत्रै मन्त्रले संपूर्ण मनुष्यले गर्नु पर्ने मुख्य धर्म सद्व्यवहार र उपासना समेत बता-एका छन। तर ती मन्त्रहरूको व्याख्या गर्ने विद्वान्हरूले आफ्नु सिद्धान्त वा संप्रदाय अनुसार पनि अर्थ गरेका छन्।

मन्त्रभाग चार वेद मध्ये सबै भन्दा ठूलो ऋग्वेद हो। यसका १०५८० मन्त्र छन्। चारै वेद ऋषिमुनीले प्राप्त गरे - भनेको छ। हामी शुक्लयजुर्वेदाध्यायी भन्दै विना अर्थ घोकथ्यौं, तर अरूले गरेको मात्र अर्थबाट त्यहाँ भएको सत्यकुरा जान्न सकिदैन, विरोधी-विधर्मीले गरेका अर्थबाट ता हानि देखिन्छ। जस्तै - मेक्समूलर कीथ ग्रिफिथ आदिले गरेको वेद भाष्यबाट मन्त्रको उल्टा अर्थ पनि देखिन्छ। वेद भाष्य लेख्ने सायण, महीधर उवट आदिले वेदको भाष्य उत्तम गरेका छन् ता पनि कर्मकाण्ड तर्फ र मुक्ति मार्ग तर्फ फिराएर गरेकाले व्याव-हारिक विषय बुझ्न कठिनै छ। तेसै हुंदा वेद आदि पुराना शास्त्र बुझ्न आफैले व्याकरण निरूक्त आदि हेरी पढी मन्त्रार्थ बुझ्ने र प्रचार-गर्ने काम सदा चालू राखेमा ती ती ग्रन्थका सत्य कुरा जान्न सकिन्छ। भारतका मात्र होइन, नेपालका पनि नामी विद्वान्हरूले पनि वेदमा गर्ने सम्म पनि न भएका कुरा वेदका नामबाट लेखेका छन्। एकमात्र उदाहरण हेरौं - विद्वान् मदनमणिदीक्षित ज्यूले 'त्यो युग'-को पृष्ठ ३०

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

मा 'देवासुर संग्राम'-भनेर ऋग्वेदमा भएका उल्लेखहरू ३ सय वर्षसम्म सिन्धु-सभ्यतामा भएका लडाई हुन् भन्ने लेख्नु भएको छ । ऋग्वेदमा युद्ध ता छन्, तर देवासुर युद्ध छैन । ऋग्वेदका धेरै मन्त्रहरूले इन्द्र आदि सबै देवतालाई नै असुर भनेको छ । जस्तै - 'त्वं राजेन्द्र ! ये च देवा रक्षा नृन्पाह्यसुर ! त्वमस्मान्' (ऋक् १।१७४।१), अर्थात्-हे असुर ! इन्द्र ! हामी मनुष्यको रक्षा गर्नु हास् । 'स्वस्ति पूषा असुरो ददातु नः' (ऋक् ५।१५।१२), हामीलाई पूषा असुरले कल्याण गरून् । महद्देवानामसुरत्वमेकम् (३।५५।१), ऋक् मण्डल ३, सूक्त-५५ का २२ वटै मन्त्रमा यो वाक्य छ । देवताहरूमा, अरूका लागि ज्यान दिन सक्ने ठूलो असुरत्व छ । ऋग्वेद भरमा नै भएका असुर शब्दको असुम् राति=ददाति इति असुरः, अरूको कल्याणका निमित्त ज्यान दिनसक्ने, अथवा असुः अस्य अस्ति इति असुरः भो व्युत्पत्तिले प्राणवान् बलवान् भन्ने अर्थ आउँछ, नराम्रो अर्थ कतै छैन । तर यजुर्वेदमा चाहिं अध्याय दुईका २९ र ३० ओं मन्त्रले र अरू अनेक मन्त्रले समेत असुर र राक्षस आदि शब्दले अति निन्दा गर्दै तिनाहरू दृश्य र अदृश्य भएर पनि आउँछन्, तिनलाई हटाउनु वा समाप्त गर्नु इत्यादि कुरा चालिसौं अध्यायसम्म पनि, छ र अति निन्दा गरेको छ ।

ऋग्वेदका धेरै जसो सूक्तले एक एक विषय संक्षेपमा पूरा गर्छन् । जस्तै अक्षसूक्तमा एक युवा जुवा खेल्दा बिग्रियो । बाबु आमा ले र ससुरालीले पनि वास्ता न गर्दा सारै दुःख पायो । एकजना विद्वान्-ले-'अक्षै मा दीव्य, कृषिमित्कृषस्व (ऋक् १०।३५।१६),' अर्थात्, जुवा खेल्न छोडेर खेती गर तेसबाट लाभ हुन्छ, इत्यादि कुरा जम्मा चौधवटा मन्त्रले भन्छन् । कुनै कुनै सूक्त एकैवटा मन्त्रले धेरै उत्तम उत्तम विषय भन्छन् । जस्तै दानसूक्तमा दश मन्त्रले दान गर्नु अति आवश्यक बताएर -"केवलाघो भवति केवलादो" ले आफूमात्र भोग गर्ने, पापको मूर्ति नै बन्दछ, भन्छ । गो-बध निषेधका सूक्त धेरै छन् । ऋक्, मण्डल १ सूक्त १६४ मा मन्त्र पनि धेरैछन् र धेरै विषय भन्दछन् । अथर्ववेदको मन्त्र १।१६।७ लेगाई घोडा र माछे मार्नेलाई

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ज्यान सजाय गर्छौं भनेको छ । सबै वेदको व्याख्या र अनेक उत्तम उपदेश गर्ने ब्राह्मण भाग छन्, तर न पत्याइने अनेक कथा पनि छन् । वैदिक कर्म यज्ञ आदि बताउने श्रौतसूत्र र नामकरण व्रतबन्ध, विवाह र श्राद्ध आदि बताउने गृह्यसूत्र पनि छन् । तर तिनमा "नत्वेव अमासो अर्धःस्यात्" अतिथि सत्कार गर्दा मासु समेतको अर्ध दिनु पर्छ भनेको हुँदा वेदमन्त्र विरुद्ध देखियो । ऋग्वेदको मण्डल १० को सूक्त ११७ का १० मन्त्रले दान गर्नु, अतिथि सत्कार गर्नु भन्दछन्, तर त्यहाँ मासु दिनु भन्दैनन् । अचेत अतिथिसत्कारमा चिया-कफी गर्ने चलन बढेको छ । सूर्यलाई पानीको अर्घ गरिन्छ । श्रौतसूत्र, गृह्यसूत्रहरूलाई वेद सरह मानेको छ र तो अनुसारै 'विवाहपद्धति' बनेको छ, तर विवाहमा वरको सत्कार गर्दा, अर्घ अलिकति दहीमा पानी फुल अक्षता आदि राखेर वरका हातमा राखिन्छ, खाने गरिदैन ।

वास्तवमा पुरानु शास्त्र, इतिहास जानिराख्नु पर्छ । तिनमा छानेर काम गर्नु पर्छ; इत्यादि यी कुरा पनि ऋग्मन्त्रले नै स्पष्ट भन्दछन् । जस्तै

"सवतुमिव तितउना पुनन्तो यत्र धीरा मनसा वाचमक्रत ।
अत्रा सखायः सख्यानि जानते भद्रैषां लक्ष्मीर्निहिताधिवाचि ॥"
(ऋक् १०।७१।२)

अर्थात् जसरी सातुलाई चालनाले चालेर खाइन्छ, तैंसै गरी धैर्य भएका विद्वान् मानिसले शास्त्रहरूलाई पनि मन वा बुद्धिरूपी चालनाले छानेर बोल्छन् र निर्णय गर्न जान्दछन् । तेस्ता विद्वान्का बोलीमा सबैलाई भला हुने कुरा रहेको हुन्छ" भनेको छ । अहिले सँग जुठो सूतक बान्ने आदि र चाड-पर्व मनाउने काम पनि स्मृतिहरू र निर्णय सिन्धु धर्म सिन्धु आदि ग्रन्थ हेरी गरिदैछ । याज्ञवल्क्य-स्मृतिको आरम्भमा २० स्मृतिको नाम छ र अचेल ४३ स्मृति प्रकाशित भेटिए । ती स्मृतिग्रन्थहरूमा समुद्र यात्रा कलियुगमा गर्नु हुन्न इत्यादि लेखेको भएपनि मानिदैन । तैंसै हुँदा ऋग्वेदका धेरै मन्त्रले पुराना कुरा छलफल गर्दै छानेर लिनु भनेको छ र अहिले मान्यजनको र अतिथिको सत्कार गर्दा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अर्घ-चिया, कफी, मिठाई आदिले गर्छौं, मासुले गर्दैनौं।

स्मृतिलाई धर्मशास्त्र भनेको छ, मनुस्मृति र अरू पनि धेरै स्मृति हेर्दा अचेलको व्यवहारमा समेत मिल्ने अति उपयोगी कुरा मनुस्मृतिमा छन् तेसमा पनि मध्य कालमा झिक्ने - थप्ने गरेछन्। अचेल छलफल गरेर शुद्ध-मशुस्मृति नाम राखी प्रकाशित गरेको छ र तेसमा चाहिं अचेलको व्यवहारमा चाहिने कुरा पाइन्छ। मनुस्मृति ढुंगो जस्तो होइन, अचेलको व्यवहारमा पनि जानेर लिनुपर्ने कुरा त्यहां असंख्य छन्। जस्तै—

"परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ,
धर्मं चाप्यसुखोदर्कं लोकविक्रुष्टमेव च ॥" (मनु ४।१७६)

धन कमाउनु र स्त्री पुरूष संबन्ध धर्म छोडी गर्नु हुन्न, धर्म मानेको व्यवहार पनि हानी गर्ने ठहरिन्छ भने त्याग्नु, भनेको छ। शास्त्रा तप-स्मृतिमा चाहिं पूर्वजन्मका पापले अन्धा, लंगडा, कुष्ठरोगी आदि भै दुःख भोग्दछन्, ती मान्छे नरक भोगेर यहां जन्मेका हुन्, इत्यादि भनेको छ; तिनले दान गर्नु आदि पनि भन्छ, तर औषधि गर्नु-भन्दैन। आयुर्वेद शास्त्रले मात्र कुष्ठरोगको औषधि बताएको छ र धेरै मानिसको; हात गोडाका औंला झरिसकेका मानिसको पनि रोग छुटेर आनन्दले बसेका छन्। काठमाण्डौंमा कोइरीखानामा कुष्ठरोगी राखिन्थे, अचेल आनन्दवन नाम राखेर कुष्ठरोगीहरू धेरै राखिएका छन्। त्यहाँ हेर्न गएथ्यौं र सबै कोठा हेरेथ्यौं, कोठै पिच्छे 'तिम्रो रोग ईशुले छुटाउनु हुन्छ' - भन्ने लेखेको देखियो र यो इसाई मिसनले चलाएको रहेछ भन्ने बुझियो। गड (ईश्वर) ले रोग छुटाउनु हुन्छ भन्ने लेखेको भए हुन्थ्यो। नेपालका ठूला विद्वान् शुक्रराज शास्त्रीले समाज सुधारको काम नेपालमा गर्न लाग्दा मृत्युदण्ड दिएथ्यो, तेस्त ईशुले पनि निर्भर भै तेस वेला समाज सुधारको काम थाल्दा सरकारले मृत्युदण्ड दिएथ्यो। शुक्रराजको शरण पर्दा कुष्ठरोग छूटतछ भने जस्तै लाग्यो।

गीताको सोह्रौं अध्यायको आरंभमा नै अभय, आदि २३ सद्गुण भएको मानिसमा दैवी गुण भएको हुंदा देव हो र काम, क्रोध,

Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

लोभको वशमा परेर असत् गर्ने - "ईहन्ते कामभोगार्थमन्यायेनार्थसंच-यान्।" (गीता अ. १६ श्लो. १३) आफ्नू सुखनिमित्त अन्यायले धन थुपार्ने मानिस नै असुर, राक्षस, दानव हो - भनेको छ। गीता अत्यन्त उत्तम शास्त्र हो, सबै जान्दा धेरै लाभ हुन्छ। चारै वेदमा सत्यकुरा पाईन्छ भन्ने धेरैले मानेका छन्, हामी पनि मान्छौं। तेसपछि इतिहास बताउने वाल्मीकि रामायण र महाभारत हुन्, तर तिनमा थप्ने-झिक्ने गरेको पनि बुझिन्छ। वाल्मीकि रामायणको अयोध्या काण्डको १०९। ११० सर्गमा रामले बुद्धलाई - "यथा हि चौरः स तथा हि बुद्ध स्तथा-गतं नास्तिकमेव विद्धि।" बुद्ध ता चो जस्तो नास्तिकै हो' भने। २५ सय बर्ष अघिका बुद्धको ६।७ हजार वर्ष अघिका रामले कसरी निन्दा गर्थे?, यस्तै उत्तरकाण्डमा शम्बूक नाम भएका शूद्रले पनि "लम्बमान-मधोमुखम्।" भएर अर्थात् रूखमा खुट्टा बांधेर शिर तल पारेर झुण्डिएर तपस्या गरेछ, तेसै पापले बाहुनको छोरो मरेछ र रामका दरवारमा बाहुनले - मेरो छोरो कुन पापले मरेको हो? भन्ने उजुर गरेछन् कसले के पाप गरेकोले ब्राह्मण-बालक मरेछ भन्दै राम आफै तुरून्तै बुझ्न कुदे, आफ्ना राज्यमा पाप कतै छैन। उधो मुण्टो गरी झुण्डिएको त्यो शूद्रकलाई देखे र सोधदा 'शूद हुं स्वर्ग जान तप गरेको'-भनेछ, रामले-काटेछन् र त्यो शूद्र रामलाई धन्यवाद दिएर स्वर्ग गएछ, इन्द्र आदि देवता आई, रामको स्तुति गरेछन्, रामले - त्यो ब्राह्मण-पुत्र बांचोस् भनेर देवताहरूले "शूद्र शम्बूकलाई मार्नाका साथै ब्राह्मणपुत्र बांच्यो' भनेछन् - भन्ने इत्यादि अनेक कुरा नपत्याइने छन्। रामले एघार हज्जार वर्ष राज गरे भनेको ता एघार हज्जार दिन भन्ने अर्थ गरेर चित्त बुझाएको छ। वेद मन्त्रले चाहिं एकसय देखि दुईसय वर्ष बांच्ने प्रार्थना गर्दछन्।

हाम्रा शास्त्र असंख्य थिए। अति उत्तम वेदै हुन् भन्ने कुरा सबै शास्त्रले मान्छन्, हेर्दा पनि त्यो कुरा सत्य देखिन्छ। ज्योतिष शास्त्रमा भूगोल - खगोल - मुहूर्त्त - जातक र गणित आउंछन्, तर पृथ्वी भनि अतल, वितल, पाताल आदि बताउंदैनन्। "दृग्-गणितैक्य"-

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

भन्दछन्। अर्थात् गणित र प्रत्यक्ष - दूरदर्शक यन्त्र आदिले - हेरेर मात्र सत्य मान्नु पर्छ. भनेको छ र अचेल चन्द्रमामा पुगेर माटो ल्याए पछि चन्द्रमा ढुंगा-माटाको डल्लो बुझियो। आयुर्वेद सत्य विद्या थियो। विदेशी विधर्मीको आक्रमणमा पुस्तक पोल्ने मन्दिर भत्काउने आदि हुंदा र आफू - आपसमा पनि युद्ध हुंदा धेरै नष्ट भए, अनेक जुक्ति-बाट जोगाएकाले हेर्न पाइन्छ, तर धेरै औषधि चिनिदैनन्। हाम्रा आयुर्वेदिक मुख्य ग्रन्थ चरक-आदि हुन्, तिनमा सोमलता बीस प्रकारका भन्छन्, तर अचेल चिनिदैनन्, अथवा मासिए होलान्। च्यवनप्राश उत्तम औषधि हो, तर तेसमा काकोली, क्षीर काकोली आदि अनेक जरीबुटी हालेर तयार गर्नु, भनेकोमा ती औषधि चिनिदैनन्, अथवा मासिए हुनन्। अचेल आमला आदिबाट बनाई च्यवनप्राश नामबाट चलाउंदैछन्। सबै उत्तम कुरा नयांमा सारे मात्र बच्तछन्, न भए मासिन्छन्। तेसरी राखे पनि दुष्ट शासकको आक्रमणबाट नष्ट भएको नादिर शाह, तैमूरलिंग, औरंगजेब, समशुद्दीन आदिले नष्ट गरेको इतिहास छ। नेपालमा आयुर्वेदिय औषधिको काम नेवारले नै थामेका थिए, तिनको पनि आदर सम्मान थिएन। 'पाके वैद्य'-भन्थे। चन्द्रसम-शेरले नेपाली छात्रलाई वृत्ति दिई, भारत पठाई, पढेर आए र आज उनीहरू आयुर्वेदको गन्धसम्म दिदै छन्।

Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

शिक्षा र संस्कृतिको विकासमा षडानन्दको योगदान

—दधिराज सुवेदी

लेखक—नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान-प्रज्ञा - सभाका सदस्य, प्रतिभा पुरस्कार प्रतिष्ठानका अध्यक्ष, पूर्वाञ्चल साहित्य प्रतिष्ठानका सदस्य-सचिव, कन्या क्याम्पस विराटनगरका प्राध्यापक एवं ख्यातनामा समालोचक हुनुहुन्छ ।–सम्पादक

नेपाल राष्ट्रको एकीकरण अनि तत्पश्चात् सुगौलीसन्धिका घटनासम्म नेपाल र नेपालीको अस्तित्व निर्माणको क्रम चलिरहेकै थियो। त्यतिखेरसम्म शिक्षा तथा संस्कृतिको अभ्युत्थान र विकास गर्ने प्रक्रियातिर मूलरूपमा कसैको ध्यान जान सकेको थिएन । फाट्टफुट्ट रूपमा बनारस, हरिद्वार, ऋषिकेश आदि ठाउँहरूमा गएर दुःखले शिक्षा आर्जन गर्ने र प्रायः भारतीय पण्डितहरूकै निर्देशनलाई सर्वोपरि ठान्दै आर्यसंस्कृतिका मार्गमा आफूलाई हिंडाउने प्रवृत्ति त्यतिखेरका नेपाली समाजमा फस्टाएको थियो। सुगौलीसन्धिले जब नेपालको निश्चित सीमा तोकिदियो सार्वभौमिक अस्तित्व कायम हुनपुग्यो तबदेखि नेपालीहरूले आर्यसंस्कृतिकै पृष्टभूमिमा नेपाली संस्कृतिको अभ्युत्थान गर्ने सक्रियता देखाउन थाल्दा नथाल्दै राणाशासनको आगमन भयो। राणाशासनको उदयका आरम्भतिर शक्तिसंघर्षका क्रममा रगतको खोलो बग्ने किसिमका घटनाहरू घटे । तर यता शिक्षा र संस्कृतिको

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

उत्थान र विकासमा त्यति सक्रियता रहेको थिएन । समर्थकहरूले घर-घरमै पण्डित राखेर सामान्य संस्कृत शिक्षा दिने लिने काम हुँदै थियो। यस्तो जटिल परिस्थितिमा एक सिद्धतपस्वी षडानन्द अधिकारीले १९३२ वि. सं. मा भोजपुरको दिलामा शिक्षालय तथा देवालयको स्थापना गरी शिक्षा र संस्कृतिको ज्योति फिजाउने महत्वपूर्ण कार्य गरे। यो नेपालमा जनस्तरबाट गरिएको पहिलो प्रयास थियो।

षडानन्द अधिकारीद्वारा प्रस्तुत वि. सं. १९६६ को 'धर्मपत्रिका' मा "विद्या पढनाको इच्छा भयाका ब्राह्मण, क्षत्र्यादिहरूका छोराहरू समेतलाई जो विद्या पढनाको इच्छा हुन्छ सो सुविस्तासाथ पढून् भन्ना निमित्त पाठशाला राखेको छु" भन्ने उल्लेख छ। यस उद्धरणका महत्व-पूर्ण पक्ष दुईटा देखिन्छन्। "क्षत्र्यादि" शब्दको प्रयोगबाट क्षेत्री लगा-यत अरू जातका मानिसले पनि पढ्न पाउँछन् भन्ने र "जो विद्या पढनाको इच्छा हुन्छ" भन्ने उपवाक्यबाट व्यक्तिको इच्छाको विषय पढन पाइन्छ भन्ने अभिप्राय स्पष्ट हुन आउँदछ। युगपुरूष षडानन्दको यो ठूलो क्रान्तिकारी कदम हो। किन भने प्राय सबै जातका मानिसले पढ्न पाऊन् भन्ने उदार विचार यसमा देखिन्छ, साथै विविध विषय पढ्न सकिने वातावरण दिन सक्नु अर्को महत्वपूर्ण पक्ष मानिएको छ। यसरी षडानन्द अधिकारीले पाठशालाको स्थापना गरेर त्यतिखेर प्रचलित वेद, वेदान्त, व्याकरण, साहित्य, ज्योतिष, ऐन स्मृति, धर्म-शास्त्र, पुराण आदि सबै विषयको अध्ययन गर्ने सुविधा प्रदान गरेर अभूतपूर्व महान् कार्यको थालनी गरेको देखिन्छ।

सिद्धयोगी षडानन्द अधिकारीले गायत्रीको उपासना र २४ पल्ट सम्म पुरश्चरण गरी सिद्धि प्राप्त गरेका थिए। यसैकारण उनलाई वि. सं. १९२८ मा ३६ वर्ष को उमेरमा बद्रिकाश्रम ज्योतिर्मठका शङ्क-राचार्यले उनको विद्वत्ता र प्रतिभाको कदर गर्दै 'श्री १०८ गुरूमहाराज' को उपाधि प्रदान गरेका थिए भन्ने उल्लेख पनि पाइन्छ। उनले गायत्री मन्त्रको व्याख्या पनि आफ्नै किसिमले व्यापक र गहन रूपमा गरेका थिए

Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

भनेको पनि पढ्न पाइन्छ । अलौकिक सिद्धिका कारणले उनलाई अनेकौं विशेषताहरूद्वारा सम्मान गर्ने गरिएको पनि पाइन्छ । उनलाई सर्वत्र सिद्धपुरूष भनिन्थ्यो, त्यति मात्र होइन उनी दूरदर्शी, अन्तदृष्टि तथा अनन्त दृष्टि भएका पुरूष थिए । आजीवन ब्रह्मचर्य व्रतमा रहेकाले र बालक अवस्थादेखिनै उपदेशात्मक चरित्र सम्पन्न भएकाले उनलाई आबाल-ब्रह्मचारी तथा बालागुरु जस्ता सम्मानित शब्दले पुकारियो । अझ उनलाई गुरूमहाराज जस्ता सम्मानबोधक शब्दद्वारा सम्बोधन गर्ने पनि गरिन्थ्यो । उनी व्यवहार र विषयमा न अल्झी धर्म वा पुण्य-कर्ममा लागेका शान्त स्वभावका सन्त थिए । वेदान्त दर्शन अनुसार जगत्को मूलकारण मानिएको सत्चित् र आनन्द स्वरूप तथा नित्य, निर्विकार र महान् चेतनतत्व जान्ने ब्रह्मज्ञानी थिए । त्यसैले उनलाई लोकले आबाल ब्रह्मचारी श्री १०८ षडानन्द अधिकारी भनेर चिन्न र जान्न थालेको पाइन्छ ।

आज षडानन्दद्वारा संस्थापित पाठशाला माध्यमिक विद्यालय हुँदै उच्च माध्यमिक विद्यालयका रूपमा सञ्चालित भइरहेको छ । अब त्यहाँ संस्कृत व्याकरण एवं साहित्य मात्र पढाइँदैन, आधुनिक पाठ्यक्रम अनुसार अंग्रेजी, विज्ञान, समाजशास्त्र आदि विविध विषय-हरूको पठनपाठन हुन्छ । अब त्यहाँबाट समुत्तीर्ण भएका छात्र-छात्राहरू आधुनिक शास्त्र पढ्नाका निमित्त आधिकारिक योग्यता प्राप्य गर्न सक्षम बन्न सक्तछन् । नेपालमा योजनाबद्ध किसिमले रुद्राक्षबन लगा-उने काम पनि सर्वप्रथम षडानन्द अधिकारीले नै गरेको हो । कतिपय पुराना मानिसहरू रुद्राक्षको बिरुवा नेपालमा ल्याउने पहिला व्यक्तिनै षडानन्दलाई मान्दछन् । षडानन्दले दिलामा लगाएको रुद्राक्षारण्य आज पनि घनारूपमा रहेकै छ । जसले प्रतिवर्ष दिलालाई रू. ६० लाख राजस्व प्रदान गर्दछ । यसका अतिरिक्त १००८ किसिमका फलफूलको व्यवस्थित बगैचा निर्माण गरेर उनले कीर्तिमान कायम गरिदिएका-छन् । त्यस्तै धारा, कुण्ड, पाटीपौवा, छात्रावास, मठमन्दिर आदिको निर्माण गरेर उनले आर्यसंस्कृतिको ज्योति जगाउने काम पनि गरेका-

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

छन् । यस अर्थमा उनले शिक्षा र संस्कृतिका क्षेत्रमा अद्वितीय र अनुपम योगदान गरेको पाइन्छ । उनले स्थापना गरेका पाठशाला आदिको स्थायी-संरक्षणका निमित्त करिब ५.०० मुरी आयस्ता आउने गुठीको व्यवस्था पनि मिलाएकाछन् । उनी शिक्षा र संस्कृतिको विकासको साथसाथै समाज सुधारको चाहना राखेर अगाडि बढने युगद्रष्टा पनि हुन् । त्यसैले धेरै पटक सतीप्रथा र दासप्रथाको समाप्तिका निमित्त तत्कालीन प्राइमिनिष्टर चन्द्रशमशेरलाई पत्र लेखेर सचेत गराएका थिए । चन्द्रशमशेरले पनि उनको सिद्धि र प्रसिद्धिलाई राम्ररी बुझेका थिए र पटक पटक उनको दर्शनका निमित्त हाजीर पनि भएका थिए । साथै उनीबाट उनले धर्मोपदेशहरू पनि प्राप्त गरेका थिए । वास्तवमा उनले दिएको आशीर्वाद सबैको लागि सधैं नै फलीभूत हुन्थ्यो अरे । कसैले 'गुरू ! व्यवहारिक कारणले पढ्न धेरै पाइँन, म के गरूँ' भनेर पाउपरी दण्डवत् ग-यो भने उनी "तैंले जति पढेकोछस् त्यतिले नै काम चल्दछ" भनिदिन्थे अरे । आशीर्वाद पाएर घर फर्किएको त्यस्तो व्यक्ति काम चलाउ विद्वान् हुन्थ्यो भन्ने लोकोक्ति आज पनि प्रख्यातै छ । कसैले-"मैले पढेको छुइँन तर पुराण भन्ने इच्छा छ, म के गरूँ !" भनी शरणपर्दा उनी "व्यासासनमा बसेका बेला तँलाई पुराण भन्न आउँछ" भनिदिन्छन् र त्यस्तो व्यक्ति व्यासासनमा बस्ता पुराण भन्न सक्तथ्यो र व्यासासनबाट ओर्लेपछि उसलाई केही पनि आउँदैन थियो भन्ने कुरा पनि बूढापाकाहरू बताउँछन् । यसरी उनले दिएको आशीर्वाद प्रत्यक्ष फलदिने भएकाले मानिसहरू उनलाई दैवीशक्ति सम्पन्न ठानी पूजा गर्ने, उनले छोडेको जूठोपूरो प्रसादका रूपमा ग्रहण गर्ने आदि काम पनि गर्दथे । साथै उनले टेकेको माटो समेत पवित्र ठानी निधारमा लाउने जस्ता बलनले पनि प्रसिद्धि प्राप्त गरेको आज पनि त्यस क्षेत्रमा सुन्न पाइन्छ ।

पडानन्द अधिकारीले ओल्लोकिरांत, माँझकिरांत र पल्लो-किरांतको असंस्कृत वातावरणलाई सुसंस्कृत तुल्याउने काम गरे । बिना भेदभाव सबैलाई वैदिक ज्ञान दिलाए । विभिन्न चाडपर्व, व्रत उपवास

University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

धर्मकर्म, शिव, कृष्ण, राम आदि देवता र सीता, राधा, पार्वती आदि देवीहरूको पूजागर्ने, आराधना गर्ने, भजन कीर्तन गर्ने प्रवृत्ति उनले सबैलाई धेरथोर मात्रामा सिकाए। तुलसा तथा वरपीपलको पूजा गर्ने, ओडारमा, ठुलोरूखका फेदमा, पहरामा देवीका प्रतिमाहरू स्थापना उँधौली, (मंसीर) र उँभौली (वैशाख) मा बलिदिने, पूजागर्ने आदि परम्परा किराँतक्षेत्रमा प्रबलरूपमा रहेको पाइन्छ। यो पनि आर्य-संस्कृतिकै एउटा परम्परा हो। उनले एक किसिमले हिन्दू संस्कृतिको पुनः स्थापना, पुनर्जागरण तथा पुनरूत्थान गर्ने काम गरे त्यस भेकका आर्यकिरांतहरूमा भावनात्मक एकता कायम गर्ने काम पनि गरे। यसरी नै त्यहाँको समाजलाई कुलतबाट र कुसंस्कारबाट मुक्त गराए।

'न्याय नपाए गोरखा जानू' भने झैं 'ज्ञान नपाए दिङ्ला जानू' भन्ने लोक विश्वास जमाएर उनले त्यस भेकलाई एक पुण्यभूमि, तीर्थ-स्थल, ज्ञानभूमि, तपोभूमि र साधनाभूमिका रूपमा प्रतिष्ठापित गरे। दिङ्लामा पढेर काशी पुगेका विद्यार्थीहरूले दिङ्ला र काशीको पाठ्य-शैलीको तुलनागर्दा दिलाको पाठ्यशैलीलाई नै उत्तम ठह-याए। काशी-का गुरूहरूले पनि दिला जस्तो ठाउँ छाडेर यहाँ किन आयौ त भनी त्यहाँ गएका विद्यार्थीहरूलाई भन्थे अरे भनेको सुन्नेहरू खोज्दा आज पनि पाइन्छन्। दिलाको त्यस किसिमको प्रसिद्धि थाहा पाएका दार्जी-लिङ्, सिक्किम, भुटान, आसाम, बर्मा आदि विभिन्न ठाउँबाट विद्यार्थी-हरू त्यहाँ जाने र शास्त्र पारंगत भएर फर्कने चलन अस्तिसम्म थियो। आज सर्वत्र शिक्षा सुलभ भएकाले त्यस्तो चलन पाइंदैन। षडानन्दले गायत्रीमन्त्र सुनाएका व्यक्तिहरू नपढेकै भएपनि प्रशस्त मात्रामा शास्त्रादिमा छलफल गर्न समर्थ रहन्थे। उनकै मुखारवृन्दबाट पाठ सुन्ने मौका पाएका व्यक्तिहरूलाई त एकचोटि सुनेपछि पढिरहनु पर्दैन थियो अरे। उनले स्थापना गरेको पाठशालामा पढेर निस्किएको जो सुकै व्यक्ति पनि निरूद्योगी भएर वस्तैन र वसेको छैन भन्ने लोकमान्यता आज पनि कायमै रहेको पाइन्छ। वास्तवमा उनी असिना तर्काउने काम गर्दथे, विशेष समारोहहरूमा भोज्यसामग्री घट्दै गयो भने उनी

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

छोडदिन्थे र सबैलाई पुग्ने गर्दथ्यो भन्ने सार्वजनिक मान्यता आज पनि दिलमा रहेको पाइन्छ ।

उनी सन्तशिरोमणि थिए । करिब ५० वर्ष पहिले गीताप्रेस गोरखपुरबाट निस्कने 'कल्याण' भन्ने धार्मिक पत्रिकाले सन्त विशेषाङ्क निकालेको थियो त्यसमा नेपालका दुई सन्त भनेर षडानन्द अधिकारी र स्वर्गद्वारी महाप्रभुलाई अटाए को थियो । उनी साच्चै नै शिरोमणि सन्त थिए, त्यसैले उनलाई चरित्र नायक बनाएर अनेकौं काव्यकविता रचिए, उनका नाममा प्रतिभा पुरस्कारको स्थापना गरियो, महानन्द सापकोटा र जनक शिक्षा सामग्री केन्द्रद्व ारा पाठ्यक्रममा समावेश गराए र करोडौं छात्रछात्रालाई उनको जीवनो र पुरूषार्थ पढाइयो । श्री ५ को सरकार हुलाक सेवा विभागले २०५१ सालमा उनको चित्रांकित टिकट छापेर लोकमा विस्तार ग-यो । यिनै घटनाक्रमहरूले उनी यस धरातलमा अझ व्यापक र महान् बन्न पुगे । स्वर्गद्वारी महाप्रभु यिनीभन्दा केही समय पछिका भएपनि समकालीन र समधर्मी थिए । षडानन्दले आध्यात्मिक तथा सामाजिक दुवै मार्ग अवलम्बन गरेर लोककल्याणकारी काम गरे भने स्वर्गद्वारी महाप्रभुले आध्यात्मिकमार्गले मात्र लोकोपकार गरेको पाइन्छ । वैचारिक दृष्टिले आजका परमहंश सच्चिदानन्द खप्तडस्वामी पनि ती सन्तहरूलाई गुफाबाटै पछ्याउने कोशिश गरिरहेका छन् । तर यिनको संसार त्यति फराकिलो पाइँदैन ।

महर्षि षडानन्द ज्ञानयोगी, कर्मयोगी र भक्तियोगी थिए । उनले त्यस भेकका जनताहरूलाई ज्ञानयोग, कर्मयोग र भक्तियोगको पाठपढाए । वास्तवमा उनी सर्वसिद्ध अलौकिक शक्ति भैं थिए । उनको यस प्रकारको अपूर्वसिद्धि र अनुपम लोक प्रसिद्धि थाहा पाएर त्यो वेलाको राणासरकार पनि नतमस्तक थियो भनिन्छ । उनले संस्कृत शिक्षाकै क्रममा वेदको महत्व सबैलाई बोध गराउने काम गरेका थिए । यसै प्रभावले त्यस भेकका कुनै पनि ब्राह्मण वेद नपढेका पाइँदैन थिए । उनले आफनो पाठशालामा वेदको पठनपाठन गराउने फलेक छापेर उच्च आसनको व्यवस्था गरिदिएका थिए, जुन ठाउँलाई 'वैदिक' भन्ने

Tribhuvan University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

गरिन्थ्यो । त्यहाँ शुक्लयजुर्वेदको पठनपाठन हुने गर्दथ्यो । तत्कालीन सामाजिक तथा सांस्कृतिक संरचना अनुसार उनले प्रशस्त सुधारका कार्यहरू गरे । वास्तवमा उनले सामाजिक सुधारको कारकतत्व सांस्कृतिक समुत्थानलाई नै मानेका थिए ।

सनातनदेखि चल्दै आएको हिन्दूसंस्कृति र मानव सभ्यतामा देखापरेको ह्रासवाट चिन्तित भएका सिद्धपुरूष श्रीअधिकारीले हिन्दू संस्कृति र सभ्यताको पुनरूत्थानका निमित्त शतवीज छर्ने, चौमासा र अरू धार्मिक पर्वहरूमा पुराण लाउने, समय समयमा यज्ञयज्ञादि गर्ने जस्ता पवित्र कार्यहरूको थालनी गरी समाजमा पवित्र संस्कारको परम्परा बसालेर धार्मिक चेतनाको अभिवृद्धि गराउँदै आदर्श वैदिक संस्कारको सुरक्षा गरेकाछन् । त्यसैले उनी बालवृद्ध-वनिता सबैको माझमा आज पनि त्यत्ति नै लोकप्रिय छन् जति हिजो थिए ।

वि. सं. १८९२ मा गर्भेटुहुराका रूपमा दिङ्ला गडीगाउँमा जन्मेका उनी राष्ट्रलाई नै सम्प्रेरित गर्नेगरी शिक्षा र संस्कृतिको आलोक छर्दै वि. सं. १९७३ मा स्वर्गका अतिथि बने । बाह्र वर्षमा पाँच करोड छयहत्तरलाख पटक गायत्रीको मन्त्र जप गरी अर्थात् गायत्रीको २४ पुरश्चरण गरी दैवीशक्ति प्राप्त गरेका षडानन्दले आपनी अधिष्ठात्री-देवी गायत्रीमातालाई कुनै भिक्षुकको हातमा हस्तान्तरण गरेर स्वेच्छा-वश प्राण त्याग्न सफल बने । वास्तवमा उनी राष्ट्रका सपूत हुन्, राष्ट्रिय विभूति हुन् र अमर पुरूष पनि हुन् । उनी साधारण मानव-वाट माथि उठेर महामना बने, दिव्यशक्ति प्राप्तगरी देवतातुल्य बने । यस्ता पुरूषोत्तम अलौकिक व्यक्तिको स्मरण गर्नु हामी सबैको परम कर्तव्य हो ।

×

—कन्या क्याम्पस पूर्व, विराटनगर-४
फोन-२४०३३

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

संस्कृतका केही शब्दहरूको व्युत्पत्ति-विश्लेषण

—नरेन्द्र चापागाईं

लेखक—स्नातकोत्तर क्याम्पस विराटनगरमा प्राध्यापक, गंभीर समालोचक, भाषाविद् विद्वान् हुनुहुन्छ । उहांबाट करीब २ दर्जन पुस्तकहरूको लेखन र संपादन सम्पन्न भैसकेको छ । -सम्पादक

ध्वनि, रूप, स्पर्श, भाव, चेतना, गति, क्रिया आदिका अनुभूतिका आधारमा दुरूस्त नक्कल गरिने प्रक्रिया नै अनुकरण प्रवृत्ति हो । अनुकरण प्रवृत्तिका माध्यमबाट निर्मित शब्दहरूलाई अनुकरणात्मक शब्द भन्ने गरिएको पाइन्छ । अनुकरणात्मक प्रवृत्ति भाषाका उत्पत्तिको एउटा कारक तत्व हो । आर्य भाषाको उत्पत्ति तथा विकासमा अनुकरणप्रवृत्तिको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। महानन्द सापकोटाले 'नेपाली निर्वचनको रूपरेखा' मा आर्य भाषाको उत्पत्तिस्रोत नै अनुकरणप्रवृत्ति रहेको स्वीकार गरेको पाइन्छ । संस्कृतका कतिपय शब्दे, शब्दार्थे तथा अव्यक्तशब्दे भनेर अर्थ्याइएका धातुहरू अनुकरणप्रवृत्तिसँग सम्बन्धित रहेका पाइन्छन् भन्ने कतिपय अरू नै अर्थ लगाइएका धातुहरूमा पनि अनुकरणप्रवृत्ति अन्तर्निहित रहेको तथ्य पहिल्याउन सकिन्छ । नेपाली भाषामा त अनुकरणप्रवृत्ति प्रभावकारी रहेको अनुभव हुन्छ ।

Tribhuvan University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

आदिम र अविदित कालमा अनुकरणप्रवृत्तिसँग सम्बन्धित धातु वा शब्दहरू विकासका शृङ्खलासँगै अर्थान्तरित भएर अनुकृत अस्तित्व विलुप्त भइसकेका हुन सक्तछन्। व्याकरणकारहरूले आआफ्ना बौद्धिक स्तर र मतका साँचामा ढालेर व्युत्पत्ति गरिदिनाले पनि कतिपय धातु वा शब्दमा रहेको अनुकृत अस्तित्व अविज्ञात रहन पुगेको हो। हामीले अरूले अर्थ लगाइदिएका शब्द वा धातुहरूलाई त्यसै रूपमा पढ्यौं तर ती शब्द वा धातुको आफैं अर्थ खोज्न पट्टि चाहिं प्रयत्न गरेनौं। यसले गर्दा शब्दको यथार्थ व्युत्पत्तिस्रोतबाट हामी अपरिचित नै रहिरह्यौं। यस लेखमा संस्कृतका कतिपय शब्दहरूको व्युत्पत्तिस्रोत पहिल्याउने क्रममा कतिपय इतिहास सिद्ध व्याकरणमनीषिहरूले गरेका व्युत्पत्तिको खण्डन पनि हुन गएको छ। यसका लागि ती स्वनामधन्य मनीषिहरू र तिनका दृष्टिकै सीमामा आफूलाई सदा प्रतिष्ठापित गरिराख्नु हुने विद्वान्हरूसँग क्षमायाचना गर्दछु, गुरूचरणप्रति नतमस्तक रहन्छु।

अम्बः / अम्बा

वाशिराम आप्टेद्वारा सम्पादित 'संस्कृत हिन्दी शब्दकोष' का अनुसार 'अम्बः' शब्दको अर्थ बाबु र 'अम्बा' शब्दको अर्थ आमा हो। 'अम्ब्' धातुमा 'घञ्' तथा 'अच्' प्रत्यय लागेर 'अम्बः' शब्द र 'घञ्' तथा 'टाप्' प्रत्यय लागेर 'अम्बा' शब्द निष्पन्न भएका देखिन्छन्। संस्कृतमा अम्ब् (अम्ब) धातु हिंड्नु (अम्ब गतौ) र शब्द गर्नु (अम्ब शब्दे) दुई अर्थमा रहेका छन्। उक्त 'अम्ब' र 'अम्बा' शब्द चाहिं शब्दार्थक 'अम्ब' धातुसँग सम्बन्धित छन्। 'अम्ब' शब्दको 'म्' ध्वनि 'ब्' सँग समीभूत हुँदा 'अम्ब' र त्यो आकारान्त बन्दा 'अब्बा' हुन्छ। 'अब्बा' का आदिस्वर तथा आधो 'ब्' को लोप हुँदा 'बा' बाँकी रहन्छ। नेपालीको बाबु बुझाउने वा हजूर बाबु बुझाउने 'बा' यही हो। यसको विकास शृङ्खलाजाई यसरी देखाउन सकिन्छः अम्ब > अम्ब > वा। त्यसैगरी 'अम्बा' शब्दको 'ब्' ध्वनि 'म्' सँग समीभूत हुँदा 'अम्मा' र संयुक्त 'म्' को लोप भई अगाडिको ह्रस्वस्वर दीर्घस्वरमा

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

परिवर्तित हुँदा 'आमा' शब्द व्युत्पन्न हुन्छ। यसको विकासशृङ्खलालाई यसरी देखाउन सकिन्छः अम्बा > अम्मा > आमा।

हाम्रा 'बा' र 'आमा' शब्द शब्दार्थक 'अम्ब' धातुबाट विकसित भएका रहेछन् भन्ने त ज्ञात भयो तर त्यो 'अम्ब' धातु चाहिं के को शब्द हो भन्ने कुरो चाहिं थाहा भइसकेको छैन। शब्द (आवाज) को उत्पत्ति कि वस्तुका घर्षण वा ठक्करबाट हुन्छ कि त प्राणीका क्रन्दनबाट हुन्छ। वास्तवमा 'अम्ब' गाईको बाछो कराउँदाको शब्द हो र यसै आधारमा 'अम्ब' (शब्द गर्नु) धातुको उत्पत्ति भएको हो। यसबाट हाम्रा 'बा' तथा 'आमा' शब्द अनुकरणप्रवृत्तिबाट विकसित भएका हुन् भन्ने स्पष्ट हुन्छ। यो धातु आदिम हो। चरेर फर्किरहेका माउलाई देखेर बाछाले 'अम्बा !' आवाज निकालेको अनुकरण गरेर माताले आफ्नो बोली फुट्नै लागेका शिशुलाई सिकाउने क्रमसँग यो शब्दको विकास भएको हो अनि शिशुले आफ्ना पितामातालाई वाआमा (अम्ब अम्बा) भन्न थालेको हुन सक्तछ। यसबाट आदिम युगदेखि नै आर्य जाति गोपालक थिए भन्ने कुरो पनि स्पष्ट हुन्छ।

गो / गौ

गो शब्द गाई वा गोरू बुझाउने प्रतिपादिक शब्द हो भने 'गौ' शब्द चाहिं कर्ता कारकीय पद हो। व्युत्पत्तिकारहरूले 'गम्' (जानु) धातुमा 'डो' प्रत्यय लागेर 'गो' शब्द निष्पन्न भएको देखाएका छन्। यस आधारमा जो हिंड्दछ त्यो 'गो' हो भन्ने बुझिन्छ। यस प्रकारका व्युत्पत्तिमा अतिव्याप्ति दोष रहेको पाइन्छ। यस आधारमा त हिंड्ने (गतिशील) प्राणी जाति सबै 'गो' सिद्ध हुन्छन्। फेरि हाम्रा परापुर्खाले हिंड्ने गुणकै आधारमा गाईको नाम 'गो' राखे होलान् भन्नु उनीहरूका बिराट् प्रतिभालाई सीमित परिधिमा हेर्नु हो। हुन त नाम राख्ने प्रक्रिया व्यतिरेकी सिद्धान्तमा आधारित हुन्छ। एउटै गुण भएका अनेक वस्तु वा प्राणी हुन सक्तछन्। जुन गुणका आधारमा कुनै वस्तु वा प्राणीको नामकरण गरिन्छ त्यही गुण हुने अर्को वस्तु वा प्राणीको त्यही नामकरण गरिदैन। बिशेष घ्राण शक्ति भएका आधारमा जङ्गली

Tribhuvan University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

हिंस्रक जनावरलाई 'व्याघ्र' (व्याघ्र > ब्घ < बाघ) भनिएको पाइन्छ। तर कुकुरमा पनि विशेष किसिमको घ्राण शक्ति हुन्छ। यस आधारमा कुकुरलाई 'व्याघ्र' भनिएन। 'चरण' (खुट्टो) मा 'आयुध' (नङ्ग्रा) भएका आधारमा कुखुरालाई 'चरणायुध' भनियो। तर बिरालो, बाघ आदिका खुट्टामा पनि 'नङ्ग्रा' (हतियार सदृश अङ्ग) हुन्छन्, यस आधारमा तिनको नामकरण 'चरणायुध' का रूपमा गरिएन। त्यस्तै हिंड्ने गुणका आधारमा 'गम्' धातुमा 'डो' प्रत्यय लागेर निष्पन्न 'गो' शब्द गाई वा गोरू बुझाउने अर्थमा प्रयोग गर्ने गरियो तर अरू हिंड्ने गुण भएका प्राणीलाई 'गो' भनिएन। 'गो' शब्द पनि सर्वप्रथम गाईलाई नै बुझाउन प्रयोग गरिन्थ्यो क्यारे। यसैले 'गोरूप' (गाईको जस्तो रूप हुने) अर्थमा 'गोरू' भन्न थालिएको बुझिन्छ।

अब म हज्जारौं वर्षदेखि स्थापित मान्यताका विरुद्ध 'गो' शब्दको अर्को व्युत्पत्तिस्रोत पहिल्याउँदै छु। महिषपाल (भैंसीपाला) लाई राक्षसको संज्ञा दिने हाम्रा परापुर्खाहरू मूलतः गोपालक थिए। उनीहरू गो (गाईगोरू) प्रति अत्यन्त सम्वेदनशील थिए। आफूभन्दा बलिया जन्तुले दुख्ने गरी हान्दा वा जङ्गली हिंस्रक जन्तुले आफूप्रति आक्रमण गर्दा 'गो' (गाईगोरू) को 'ग्वा' आवाजले कराउँछ। हाम्रा परापुर्खा 'गो' (गाईगोरू) को 'ग्वा' आवाज देखि बढी भावुक हुन्थे। उनीहरूले यसै शब्दका आधारमा आफ्नो अति प्यारो प्राणीको नाउँ 'गो' राखेको हुनुपर्दछ। ग्वा (सानुनासिक रूप 'ग्वाँ') को अर्द्ध सम्प्रसारण हुँदा 'गो' शब्द निष्पन्न हुन्छ। यदि यो व्युत्पत्ति सम्भव हुँदा 'गो' शब्द अनुकरण प्रवृत्तिद्वारा निष्पन्न भएको हो 'गो' (गौ-कारकीय पद) शब्द प्राकृतमा 'गाई' भएको पाइन्छ। 'गो' एकैचोटि 'गाई' हुँदैन। 'गो' को कर्ताकारकीय एकवचनको पद 'गौ' मा 'ई' प्रत्यय लाग्दै संस्कृतको रूपसन्धिका नियमले 'गावी' हुन्छ र 'व्' को लोप हुँदा 'गाई' हुन्छ। 'गो' देखि 'गाई' सम्मको रूपविकासलाई यसरी देखाउन सकिन्छ: गो < गौ < गावी > गाई।

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

गगनम्

'गगनम्' शब्द नपुंसक लिङ्गीय कर्ताकारकीय एकवचनको रूप हो। यसको प्रातिपदिक रूप 'गगन' हुन्छ र यसले आकाश बुझाउँछ। संस्कृत भाषाका व्युत्पत्तिविद्हरूले 'गम्' (जानु) धातुमा 'ल्युट्' प्रत्यय लागेर बनेका 'गमन' शब्दका 'म' का ठाउँमा 'ग' आदेश भएर 'गगन' रूप निष्पन्न भएको देखाएका छन्। मेरा विचारमा यो शब्द अनुकरण प्रवृत्तिका आधारमा निष्पन्न भएको हो। बादलको घर्षण हुँदा निस्कने आवाज 'गन' हो। यो आवाज निस्कँदा आकाश थकिए झैं भान हुने हुनाले यसको आकाश अर्थ लगाइएको हो र आकाश अर्थको पुष्टिका निमित्त यसको व्युत्पत्ति 'गम' धातुसँग सम्बन्धित रहेको देखाइएको हो। यो शब्द आवाजसँग सम्बन्धित रहेको ठम्याउन सकेको भए 'गम्' धातुको परिकल्पना गर्नु पर्ने थिएन। वास्तवका 'गन' को पुनरावृत्ति हुँदा 'गनगन' हुन्छ र पूर्वपदको अन्तिम वर्ण वा अक्षरको लोप हुने र आदि वर्ण वा अक्षरको अवशेष रहने संस्कृतकै रूपवार्णिक प्रवृत्ति अनुसार 'गगन्' रूप सिद्ध भएको हो। संस्कृतका 'भूव्भूव्' को 'बभूव' 'कारकार' को 'चकार', 'गुप्गुप्' को 'जुगोप' भएका रूपलाई उदाहरणका रूपमा लिन सकिन्छ। नेपालीमा पनि यस प्रवृत्तिको पउल पाइन्छ र यस प्रवृत्तिसँग सम्बन्धित शब्दहरू प्रायः अनुकरणधर्मी रहेका देखिन्छन्। छछल्को > छचल्को (छल्छल्+को), झझल्को > झजल्को (झल्झल्+को), थथर्को > थतर्को (थर्थर्+को) इत्यादिलाई उदाहरणका रूपमा लिन सकिन्छ।

क्षीर

क्षीरको अर्थ दूध हो। यसैको अपभ्रंशित रूप 'खीर' को अर्थ चाहिं पायस वा तस्मै हो। यो क्षीर पक्वान्न वा क्षीरपाकको विकसित र अवशिष्ठ रूप हुन सक्तछ। एउटा दूध आउने रूखलाई 'खिर्रो' भनिन्छ। त्यो पनि क्षीरसँग सम्बन्धित हुन सक्तछ। संस्कृतका व्युत्पत्ति बिज्ञहरूले भक्षण (खानु) अर्थको 'अद्' धातुको आदेशीभूत रूप 'घस्' मा 'ईरन्' प्रत्ययको योग हुँदा 'घसीर' उपधाको लोप हुँदा 'घ्सीर',

Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

'घ्' को कत्व हुँदा 'वसीर' अनि 'स्' को षत्व हुँदा 'वषीर' > 'क्षीर' भएको मानेका छन्। यसलाई व्युत्पत्तिशृङ्खलामा यसरी देखाउन सकिन्छ : घसीर > ग्सीर > क्सीर > क्षीर। मेरा विचारमा 'क्षीर' शब्द पनि अनुकरण प्रवृत्तिबाटै विकसित भएको हो। रित्तो ढुङ्गो वा कुनै भाँडोमा पहिले पहिले दूधका सिर्का पर्दा सिरसिर आवाज आउँछ। ढुङ्गो वा भाँडामा केही दूध जम्मा भइसकेपछि 'दुहदुह' आवाज आउँछ। गाई भैंसीको दूध दुहुने जोसुकैले पनि यस्ता आवाजको अनुभव गर्न सक्तछ। तत्कालीन दोग्धा (दुहुने) हरूले आघातजन्य आवाजका आधारमा 'क्षीरक्षीर' को अनुकरण गरेका थिए होलान्। उनीहरूले 'क्षीर' लाई नै दूधको सज्ञा दिए। झनपछि डेढ अक्कलीहरूले त 'क्षीर' आवाज हो भन्ने पत्ता लगाउन सकेनन् र यस-लाई 'घसीर' को कल्पना गरेर असहज ढङ्गले 'क्षीर' को विकासप्रक्रिया देखाए। अझ पनि दूधको सिर्को भनिदैछ। वास्तवमा 'क्षीर' 'सीर' आवाज हो र अनुकरणप्रवृत्तिद्वारा निष्पन्न भएको हो। हाम्रो 'दूध' शब्दको आदिम अर्थ पनि आवाज सँगै सम्बन्धित छ। 'दूध' संस्कृतको 'दुग्ध' शब्दबाट विकसित (दुग्ध > दुद्ध > दूध) भएका हो। 'दुग्ध' शब्द 'दुह्' धातुमा 'क्त' प्रत्यय लागेर बनेको कृदन्त रूप हो। 'दुह्' धातुको अर्थ पूरा गर्नु वा भर्नु (प्रपूरणे) हो। संस्कृतमा यसलाई प्रपूरण अर्थ दिनाको तात्पर्य पनि ढुङ्गो भरिन भरिन लाग्दा दूधको सिर्को घर्षित हुँदाका आवाजको संकेत नै हो। यसकारण 'दुह्' धातु अनुकरणात्मक हो र 'दूध' शब्दको आदिम अर्थसंस्कार पनि आवाज वा ध्वनि नै हो भन्ने स्पष्ट हुन्छ।

शिशिर

'शिशिर' शब्दको अर्थ हेमन्तपछि र वसन्तअघि आउने ऋतुको नाम हो। संस्कृतका व्युत्पत्तिकारहरूले यसको व्युत्पत्ति उत्प्लुतगति (उफ्रेर हिंड्ने प्रक्रिया) अर्थको 'शश' धातुमा 'किरच्' प्रत्यय लागेपछि 'शश्' का 'अ' को इत्वसँग सम्बन्धित देखाएको छ। यस आधारमा उक्त शब्द 'शश् > शशिर > शिशिर' का रूपमा विकसित भएको देखिन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

तर मेरा विचारमा यस शब्दको मूल 'शश्' नभएर सिर > शिर हो । 'शिर' को पुनरावृत्ति हुँदा 'शिरशिर' हुन्छ । पूर्वपदका अन्तिम वर्णको लोप र पहिलो वर्ण वा अक्षरको अवशेष रही उक्त 'शिशिर' शब्द व्युत्पन्न भएको हो । क्षीण किसिमको चिसो हावा चल्ने प्रक्रियालाई नेपालीमा सिर > सिरसिर भनिन्छ । यसै शब्दबाट 'सिरेटो' शब्दको विकास भएको हो । यसरी द्वित्व (पुनरावृत्ति) भएका नेपालीका शब्द-हरू पनि प्रयोग भइरहेका पाइन्छन् । चिल् > चिल्चिल्+ओ > चिचिलो, पिर् > पिर्पिर्+ओ > पिपिरो, टुल् > टुल्टुल्+को > टुटुल्को, चुर > चुर्चुर्+ओ > चुचुरो, टिस् > टिस्टिस् > टिटिसो > टिटिट्सो इत्यादि-लाई उदाहरणका रूपमा लिन सकिन्छ । यी शब्दहरू अनुकरणधर्मी हुन् । माथिको 'शिशिर' शब्द पनि हावाको घर्षणबाट उत्पन्न आवाजसंग सम्बन्धित रहेको देखिने हुनाले अनुकरणधर्मी नै रहेको सिद्ध हुन्छ ।

ज्वल् / ज्वर

यसैगरी कतिपय संस्कृतका शब्दे (शब्द गर्नु), शब्दार्थे (शब्द नै अर्थ हुनु) तथा अव्यक्त शब्दे (अव्यक्त शब्द गर्नु) भनिएदेखि बाहेक-का अरू नै अर्थ दिइएका धातुहरूबाट पनि अनुकरणसदृश शब्दहरूको विकास भएको पाइन्छ । यसबाट अनुकरणइतर धातुबाट अनुकरणसदृश शब्दहरूको विकास भएको हो वा उक्त धातुहरूको आदिम सम्बन्ध ने अनुकरणप्रवृत्तिसँग रहेको थियो भन्ने तीव्र जिज्ञासा पलाउनु स्वाभाविक हो । ज्वल दीप्तौ (बल्नु, जल्नु, प्रकाशित हुनु) बाट झल, झिल् तथा झुल् जस्ता अनुकरणमूलहरूको विकास भएको पाइन्छ । यसअनुसार झल्ल, झलझल, झलक्क, झिल्ल, झिलझिल, झिलिक्क, झुल्ल, झुल-झुल, झुलुक्क, इत्यादि जस्ता अनुकरणात्मक शब्दहरू व्युत्पन्न भएका देखिन्छन् । 'ज्वल्' धातुका 'ज्' को महाप्राणी भवन र 'व्' को लोप हुंदा 'झल्' 'व' को लोप र 'इ' को आगम हुंदा 'झिल्' तथा 'व' को सम्प्रसारण 'उ' हुँदा 'झुल्' को विकास भएको स्पष्ट हुन्छ । 'ज्वल्' धातुबाट अनुकरणेतर नेपाली धातु 'जल्' (नु) र 'बल्' (नु) को पनि विकास भएको पाइन्छ । 'व्' को लोप भई 'ज्' बाँकी रहँदा 'जल्' (नु)

Tribhuvan University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

र 'ज्' को लोप भई 'ब्' मात्र बाँकी रहँदा 'वल्' (नु) भएको स्पष्ट हुन्छ।

ज्वर रोगे (रोग लाग्नु) भन्ने संस्कृत धातुबाट पनि झर्, झिर् तथा झुर् जस्ता अनुकरणमूलहरूको विकास भएको पाइन्छ। यिनबाट झर्र, झरझर, झिर्र, झिरझिर, झुर्र, झुरझुर आदि अनुकरणात्मक शब्दहरूको विकास भएको देखिन्छ। 'झर्रो' तथा 'झरझराउँदो' जस्ता शब्दको विकास पनि यसै धातुबाट हुनु बढी सम्भव छ। 'झर्रो' को अर्थ हो कञ्चन, निर्मल, शुद्ध, नविटुलिएको इत्यादि अनि 'झरझराउँदो' को अर्थ हो चम्किलो, धप्प वल्ला जस्तो, उज्जर, सुन्दर इत्यादि। यसबाट 'जरो' वा 'जोरो' (ताप बढ्ने रोग विशेष) शब्दको पनि विकास भएको पाइन्छ। 'जरो' वा 'जोरो' मात्र रोग हुँदैन। ज्वर' धातुको रोगे (रोग लाग्नु) भन्ने मात्र अर्थ दिनु अव्याप्ति दोष ठहरिन्छ। अरू सन्तप्तरोगे (तात्ने रोग लाग्नु) भनिदिएको भए राम्रो हुने थियो। उप-युक्त झर्, झिर् तथा झुर् जस्ता अनुकरण मूलहरूको विकास भएका आधारमा र 'झर्रो' तथा झरझराउँदो' शब्दहरू व्युत्पन्न भएका आधारमा पनि 'ज्वर्' धातुका प्रज्वलने, उज्ज्वलने (बल्नु, उज्ज्वल हुनु) इत्यादि जस्ता अर्थ पनि हुनुपर्ने हो। हुनत 'धातूनामनेकार्थः' (धातुका अनेक अर्थ हुन्छन्) भनेको पाइन्छ। त्यति मात्र होइन, धातुको अर्थ परिवर्तनशील हुन्छ, गतिशील हुन्छ। वास्तवमा स्वयंमा धातुको अर्थ अमूर्त, अव्यक्त र अनन्त हुन्छ। धातुबाट विकसित भएका शब्दहरूको अर्थ मूर्त, व्यक्त र सीमित हुन्छ। यस विचारलाई आत्मसात् गर्दा मात्र 'ज्वर्' धातुको अनेकार्थता स्पष्ट हुन्छ।

'ज्वल्' र 'ज्वर्' मा 'ल्' र 'र्' व्यतिरेक छन्। यिनमा 'ज्व' ले अर्थमा भिन्नता ल्याएको छैन। उक्त व्यतिरेकी वर्णले अर्थमा भिन्नता ल्याएका छन्। यिनबाट विकसित भएका 'झल्' र 'झर्', 'झिल्' र 'झिर्' तथा 'झुल्' र 'झुर्' मा पनि 'ल्' र 'र्' नै व्यतिरेकी रहेका छन्। 'ल्' ले बलेको अवस्थिति र 'र्' ले झिल्किदो अवस्थितिलाई बुझाएका छन्। अथवा पहिलोले अग्निज्वाला र दोस्रोले अग्निकणलाई

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

बुझाएको छ। यसकारण 'ज्वल्' र 'ज्वर्' धातु दुवै तप्ततासँग सम्बन्धित भएरै पनि भिन्न रूप हुन् र यिनबाट त्यसै किसिमका अनुकरणात्मक शब्दहरूको विकास भएको पनि देखिन्छ।

दीप्/क्ष्मील्

यस्तै संस्कृतको 'दीप्' (दीपी) धातुको अर्थ 'दीप्तौ' (बल्नु, चम्कनु, प्रकाशित हुनु) रहेको पाइन्छ। यसबाट धिप् > धिपधिप, ध्याप् > ध्यापध्याप, धप् > धपधप, झिप् > झिपझिप, झ्याप् > झ्यापझ्याप, झप् > झप्प, झ्वाप् > झ्वाप्प इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूको विकास भएको पाइन्छ। यहाँ 'द' को महाप्राणीभवनद्वारा 'ध्' र 'ध्' को तालव्यीभवन वा स्पर्शसंघर्षीभवनद्वारा 'झ्' भएको छ। त्यस्तै संस्कृतको 'क्ष्मील्' धातुको अर्थ 'निमेषण' (चिम्लनु, झिम्क्याउनु) हो यसबाट चिम् > चिम्म, चिमचिम, झिम् > झिम्म, झिमझिम, झम् > झमझम (झमझम परेलो) इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूको विकास भएको पाइन्छ। यहाँ 'क्ष्मील्' को 'ई' 'क्ष्' मा विपर्यास भएको देखिन्छ। यसो हुँदा 'क्षीम' हुन्छ र 'क्ष्' को 'झ्' अनि 'झ्' को पनि अल्पप्राणीभवनद्वारा 'च्' भएको छ। यस आधारमा यसको विकास शृङ्खला यस्तो हुन्छ : क्ष्मील् > क्षाम् > झिम् > चिम्।

माथिका 'दीप्' तथा 'क्ष्मील्' दुवैका ईकार अकारमा विकसित भएर 'धप्' तथा 'झम्' हुन पुगेका देखिन्छन्। तर 'दीप्' धातुबाट जसरी झ्याप् > झ्याप्प जस्ता रूपको विकास भएको देखिन्छ 'क्ष्मील्' धातुबाट त्यसरी नै च्याम् > च्याम्म जस्ता रूपको विकास हुन सकेको पाइँदैन। 'रूख झ्याम्म परेको रहेछ' को 'झ्याम्म' चाहिँ 'क्ष्मील्' कै विकसित रूप हुन सक्तछ। किनभने 'झ्याम्म' को अर्थ छोपिनु वा छेलिनु हुँदा यो कुरो सिद्ध हुन्छ। 'ध्' र 'क्ष्' को 'झ्' हुने प्रक्रिया नेपाली भाषामा प्रशस्त पाइन्छ। उदारहणका रूपमा सन्धि > साँध > साँझ, क्षीण > झीनो इत्यादिलाई लिन सकिन्छ। 'द्' को महाप्राणीभवनद्वारा 'ध्' हुने र 'झ्' को अल्पप्राणीभवनद्वारा 'च्' हुने प्रवृत्ति पनि 'दीप्' को 'धिप्प' र 'झिमझिम' को 'चिमचिम' भएबाट ध्वनि-

Tribhuvan University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

परिवर्तनको विशेषता नै रहेको पाइन्छ। प्राकृतमा 'दीप' को 'दिप्प' भएको देखिन्छ भने फारसीमा 'छुस्' को 'चुस्' भएको पाइन्छ। एकातिर संस्कृत र फारसीका बीचमा आनुवंशिक सम्बन्ध रहेको र थर्काितर फारसीमा 'छ्' ध्वनिको अभाव रही 'छ्' का ठाउँमा 'च्' को प्रयोग हुने गरेको पाइन्छ। संस्कृतलाई प्राकृतिकरण गर्नामा फारसीको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। यो संस्कार प्राकृत तथा अपभ्रंश पछि आधुनिक आर्य भाषासम्म पनि जीवन्त रहेको पाइन्छ। यस क्रममा 'झिम' को 'चिम्' भएको हुन सक्तछ।

माथिल्ला प्रसङ्गहरूमा 'अम्ब' र 'अम्बा' बाट हाम्रा 'बा' र 'आमा' को विकास भएको, 'गो' शब्दको विकास गाईकै आत्तिएका आवाजबाट भएको, गगन, क्षीर तथा शिशिर जस्ता शब्दहरू अनुकरणात्मक नै रहेका अनि ज्वल् ज्वर्, दीप् तथा क्षील् धातुहरूबाट अनुकरणात्मक शब्दहरूको विकास भएको चर्चा गरियो। यस किसिमका चर्चायोग्य शब्द एवं धातुहरू अनन्त छन्। संस्कृत भाषाबाट प्राकृत तथा अपभ्रंश हुँदै नेपालीमा आइपुग्दा कतिपय अनुकरण इतर मानिएका शब्दहरू अनुकरणात्मक शब्दमा विकसित भएका र कतिपय अनुकरणात्मक मानिएका शब्दहरू अनुकरण इतर जस्ता भएर विकसित भएका देखिन्छन्। कतिपय अनुकरणात्मक मान्न सकिने संस्कृतका धातु एव प्रातिपदिकहरूको व्युत्पत्तिविश्लेषण गर्ने क्रममा संस्कृतका व्युत्पत्तिकारहरूले अनुकरणप्रवृत्तितिर आँखा चिम्लिई अनुकरणइतर धातुसिद्ध ठहराएको पाइन्छ। यो कुरो कुर्कुट > कुक्कुट, कुर्कुर > कुक्कुर, तित्तिर > तित्तिर, गर्गर, घर्घर, झर्झर, मर्मर इत्यादि शब्दहरूको व्युत्पत्तिविश्लेषण गरिएबाट स्पष्ट हुन्छ।

माथिका शब्दहरूमध्ये 'कुक्कुट' यजुर्वेदमा, 'कुर्कुर' अथर्ववेदमा र 'तित्तिर' शतपथ ब्राह्मणमा 'गर्गर, घर्घर, झर्झर तथा मर्मर चाहिं लौकिक संस्कृतमा प्रयोग भएका देखिन्छन्। 'कुक्कुर' को अर्को रूप 'कुर्कुट' तथा कुर्कुर' को अर्को रूप 'कुक्कुर' वाशिराम आप्टेको 'संस्कृत-हिन्दी शब्दकोष' मा प्रस्तुत गरिएको पाइन्छ। यस आधारमा 'तित्तिर'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

को अर्को रूप 'तिर्तिर' को प्राक्कल्पना गर्न पनि सकिन्छ। उप-युक्त कुर्कुरादि र गर्गरादि शब्दहरूको व्युत्पत्ति यसरी देखाइएको छ :

कुर्कुट (कुर्+कुट्+क), कुक्कुट (कुक्+कुट्+क), कुर्कुर (कुर्+कुर्+क), कुक्कुर (कुक्+कुर्+क), तित्तिर (तित्ति+रा+क), तिर्तिर (तिर्ति+रा+क), गर्गर (गर्ग+रा+क), घर्घर घर्घ+रा+क), झर्झर (झर्झ+रा+क) तथा मर्मर (मर्म+रा+क वा मृ+अरन्+मुट्) वास्तवमा यी अव्यक्त शब्द+धातु+प्रत्ययका योगबाट निष्पन्न देखाइएका भएपनि अनुकरणप्रवृत्तिबाटै निष्पन्न भएका हुन्। 'कुर्कुट' (कुर्+कुट) जस्ता दुई मूलको समासबाट र 'कुर्कुर' (कुर्+कुर्) जस्तो एउटै मूलको द्वित्वबाट निष्पन्न भएका हुन्। कुक्कुट र कुक्कुर चाहिं यिनकै समीभूत रूप हुन्। 'तिर्तिर' (तिर्+तिर्) जस्तो द्वित्वीभूत रूप र तित्तिर त्यसैको समीभूत रूप हो। अन्य 'गर्गर' (गर्+गर्) जस्तो, घर्घर' (घर्+घर्) जस्तो, झर्झर (झर्+झर्) जस्तो र मर्मर (मर्+मर्) जस्तो द्वित्वीभूत रूप देखिन्छन्।

संस्कृतका विद्वान्हरू धातुवादी भएकाले र उनीहरूले अनुकरणप्रवृत्तिका विषयमा चासो ने नराखेकाले सकेसम्म कुनै पनि शब्दको व्युत्पत्ति गर्दा धातु र प्रत्ययका योगलाई बढी महत्व दिएको पाइन्छ भने अंशतः अव्यक्त शब्दको योगलाई स्वीकार गरेको पाइन्छ। अनुकरणप्रवृत्तिका आलोकमा व्युत्पत्तिस्रोत पहिल्याउने हो भने यसका प्रशस्त सम्भावनाहरू फेला पार्न सकिने देखिन्छ।

Tribhuvan University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

श्रीरामधुनी

—मानवज्र पञ्चाचार्य

लेखक—सुपरिचित कवि, दर्जनौं पुस्तकका लेखक एवं धर्म, संस्कृति र समाजको समुन्नयनमा समर्पित व्यक्ति हुनुहुन्छ । -सम्पादक

यौटा श्रीराम दशरथका; पुत्र हुन् जान्दछौं यो ।
यौटा श्रीराम घटघटमा; वस्दछन् बुझ्दछौं जो ।।
यौटा श्रीराम जगतपिता; सृष्टि संसार गर्छन् ।
यौटा श्रीराम जगत भरी; खोजदा पाईदैनन् ।।

योगी देख्छन् स्वहृदय सधैं; ज्योतिको ध्यान गर्दा ।
व्यापक छन् ती अचरज छ यैं; औ अनौठो छ पर्दा ।।
पूजा सेवा स्तुति वचनले; मान्न कर्तव्य गर्छन् ।
सारा प्राणी तन मन उनै; राम हे राम भन्छन् ।।

त्रेता द्वापर कलियुग धुनो; रामको अग्नि वाली ।
राख्छन् कीर्ति स्मृति यश जगत्; भक्ति सत्भावनाली ।।
त्यो प्राचीन स्मरण छ धुनी; अग्नि राखी दिनाले ।

श्रीराम धुनीको प्राचीन इतिहास केलाउँदा, श्रीवाल्मीकिय र भानुभक्तीय रामायणको वालकाण्ड अनुसार श्रीविष्णुपादुकादेखि उत्तरतर्फ ध्यानाकर्षण हुन्छ । श्रीवराह पुराण अध्याय १२२ अनुसार

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

कोका मुख र श्री शंखधारा जल उत्पन्न भएको उत्तर शिर धार्ने पर्वत माथि श्रीवराह पुराण अध्याय १४० मा उल्लेखित जहाँ विन्दुपर्वत छ। त्यो प्राकृतिक दृश्यमान पर्वतहरूका बीच समतल रमणीय वन्य रूख लता पुष्पले सुसज्जित हरियाली छवि पूर्ण जमिन नै प्राचीन सिद्धाश्रम हो। फेसुवा खोलाको जलश्रोत पोखरी साना ठूला-२, हिउँदमा सुकेको वर्षामा पानी देखिने गर्छ। यही पानी रसाएर अघि घण्टाको दुरी उत्तर धार्ने पर्वतवाट धनकुटाको सीमानातर्फ फेसुवा खोला नामले जान्छ। यही पोखरीको पानी रसाएर शंखधारा र कोका नदी नामले आधा घण्टा दुरीको वाटामा दक्षिणतर्फ वग्छ। कोका नदी शंखधारा जल र फेसुवा खोलाको शिर धार्ने पर्वतको शिखर सिद्धाश्रममा ६ फुट गोलाकार ३ फुट गहिरो यज्ञ कुण्ड छ। नजिकै मुण्डन देवी र कुण्डन देवी थान त्रिशुल घण्टी सहितको छ। गाँजाका वोट घर कुटीका पर्खाल जग सेता दर्शन ढुङ्गा कंकडहरू गाह्रो गरा खण्ड खण्ड पाइन्छन्। दक्षिण केही उचो पर्वतको काँधमा सुवाहुको शिला छ। यो ठाउँ सिद्धाश्रम हो भन्ने प्रमाण यिनै हुन्।

वराहक्षेत्र र चतरा यातायात मार्ग पश्चिम कोशीको पूर्व-तटमा तपस्या गरी रहँदा कौशिक ऋषि विश्वामित्रले अयोध्याका राजा दशरथपुत्र किशोर राम र लक्ष्मण ल्याई मन्त्र दीक्षा शिक्षा धनुर्विद्या-सिकाई गंगा र सप्त कौशिकी उत्पत्ति कथा महिमा वर्णन सुनाइ सुवाहु सहित करोडौं राक्षसहरूको विनाश तथा ऋषि मुनिहरूको रक्षा गरेका थिए। यौटैवाणले रामले मारिचलाई लङ्काको नजीक खसालेथे। ६ दिन मौन रही राम र लक्ष्मणको संरक्षकत्वमा विश्वामित्र स्वयं होता बनेर सिद्धाश्रममा यज्ञ गरेका थिए। ३ फूट गहिरो ६ फूट लंवा चौडा यज्ञ अद्यापि छदै छ। ऋषि मुनिहरूबाट विदा लिएर उत्तर दक्षिणको मार्ग पक्री इकराही हुँदै सुरम्य वन्य भूमिमा वास वसे। जहाँ राम र लक्ष्मणले अग्नि वालेर धुनी जमाए। गुरू विश्वामित्रको सेवा गर्दै रात विताए चिम्टाले खनी तलाउ निर्माण गरे। स्नान प्रातः कर्म सकी जनकपुरतर्फ प्रस्थान गर्नु अघि पृथ्वीलाई श्रीरामले आज्ञा गर्नु भएको हे

Tribhuvan University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

पृथ्वो माता यो मैले अग्नि वालेर जलाएको धुनीको रक्षा गर्नु कालान्त-रमा यो धुनी मेरो नामले प्रसिद्ध हुने छ। भनी खराउ १ जोर छोडनु भयो। यद्यपि त्यहाँ एउटा सखुवाको मूढा ओरालो पारेर धुनीमा जोतिन्छ। त्यही मूढा सर्दै वल्दै गर्छ। रामले जगाएको दीयोको वत्ती अखण्ड रूपले वलिरहेछ। यो अग्निमा वत्ति निभेमा श्री पिण्डेश्वर महादेव शिला नजीक वलिरहेको अखण्ड दीपवाट वाल्नु पर्ने नियम छ। यही रामधुनीको प्राचीन इतिहास हो। पिण्डेश्वर महादेव जस्तै श्री रामचन्द्र भगवानले एकरात आराधना गर्नु भएको शिवलिङ्ग शालि-ग्राम, बसाहा, भगवती दुर्गा चतुर्भूजी विष्णुको शिला मूर्ति सरस्वती कुण्ड तलाउ छन्। गुरूग्रन्थ साहिवा, गोला साहवको मूर्ति विभूति खरानीका डल्ला, राम, लक्ष्मण विश्वामित्र रथमा चढी आएथे भन्ने प्रमाण स्वरूप भव्य गोलाकृति रथका चक्का, बनसखण्डी वावाका स्फ-टिक मूर्ति आँप फल्ने सखुवाका वृक्ष, साधुसन्त महन्तका घर धर्मशाला, कुटी र सुरम्य वन, सुनहरी नदीको निर्मल जल रामधुनी वनको दर्श-नीय दृश्य स्थल, चिन्ह हुन्। लाल कपडाले वाँधर उभ्याएका बाँस मूडकाको पनि इतिहास छ। महत्व छ। चाख लाग्ने कुरा छन्। नेपालको महिमा बढाउने यस्ता पूण्य दिने मुक्तिका निमित्त इश्वराधना, योग ध्यान, साधना, गुरू भक्ति, मुक्तिको ज्ञान हुने धार्मिक स्थान, देवा-लय, तीर्थस्थलका मूर्ति मन्दिर धर्मशाला वाग वगैंचा बाटाहरूको संर-क्षण विकासमा गुठी संस्थान नै सर्वेसर्वा हो। महन्थ पुजारी, कर्मचारी उचित तलव नपाएर वेवास्ता गर्ने गर्छन् भने मूर्तिहरू हराउदै जान्छन्। यी वेवास्ताका कारण वनसखण्डीको सुन्दर भव्य मूर्ति चोरियो। उल्ले-खित शिला मूर्तिहरू दर्शनार्थीका आँखाले हेर्न पाइँदैन आँप फल्ने सखुवागाछी पनि छैनन्। अन्य आँपका गाछी सखुवागाछीमा आँप फल्ने कै विरूवावाट उम्रेका हुन् भन्ने भनाइ छ। रामधुनीको अग्नि पनि भगवान रामचन्द्रले नै वालेका हुन्। यिनै विश्वासले श्रद्धा कायम राखी दर्शन गर्नु भक्तहरूको चित्त शान्त राख्ने उपाय हुन्।

श्री १०८ वावा नारायण दास महाराज रामधुनीको महत्व-

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मा यस प्रकार प्रकाश पार्नु हुन्छ बाबा बालखण्डी गोला साहेब यी नै वनसखण्डी नामले प्रसिद्ध छन्। धुनीवाट गोला निकालेर बाबा प्रीतमदासलाई ३ गोला र कम्मरमा बाँध्न जंजीर दिएका थिए। जुन वेला १२ वर्षसम्म यस रामधुनीमा तपस्या गरी सिद्धि प्राप्ति गरेका थिए। यस तपस्याको फल स्वरूप बाबा बालखण्डीको दर्शन पाए। त्यस अघि बालक रूपमा बाबा वनसखण्डी प्रीतमदास समक्ष दर्शन गर्दै पुग्थे तपस्वी प्रीतमदासले दूध दिन्थे तर चिनेका थिएनन्। त्यसकालमा "सुरसरी गंगा" वर्तमान सुनसरी नदी वारे रामधुनीको इतिहास र सुनसरी नदी उत्पत्तिको कथा झल्कने भजन यस प्रकार छ :—

१) एक राम दशरथका वेटा।
एक राम घरघर में लेटा।।
एक रामका जगत् पसारा।
एक राम यह जग से ल्यारा।।

अर्थात् एकजना राम दशरथका छोरा हुन्। एकजना राम घट-घटमा सुतेका (ढल्किएका) छन्। एकजना रामले जगत संसार देखाइ दिन्छन्। एकजनाराम जगत भन्दा पर भेट्न नसकिने छन्।

२) भज मन राम चरण सुखदाई।
इन चरण से सुरसरी निकले।।
सुनसरी नाम धराई।।

यस भजनमा उल्लेख भए अनुसार भगवान श्रीरामचन्द्रको चरणवाट सुर-स्वर्ग सरी-जस्तै गंगा अर्थात सुनसरी नदीको उत्पत्ति भएको हो।

ब्रह्मा आए विष्णु आए शंकर नाम धराए।
भज मन राम चरण सुख दाई।।
सब सन्त महन्थोंको माथा टेके।

इत्यादि भजनका शब्द उच्चारणमा सुनसरी नदीको महिमा गाइएको छ। उत्तराखण्ड तर्फ श्रीरामचन्द्रसंग आफू लागे पछि सिद्धाश्रम वासी ऋषि मुनिहरूलाई श्री विश्वामित्रले भनेका छन् : –

University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

राम राम उर में गएं; ताके संग में कोय।
जे सुमिरत संकट मिटे, दरश तुम्हारे होय ।।

राम राम तारकमन्त्र हृदयमा छ। उसको सँगमा कोही छैन। जसले नामको सुमिरण गर्दछ। उसको संकट मेटिन्छ। तिम्रो दर्शन मिल्छ।

बाबा वनसखण्डीबाट बाबा प्रीतमदासले प्राप्त गरेका ३ डल्ला विभूति (खरानी) डल्ला-१ गोला दिल्लीमा पु-याए १ गोला हरिद्वारमा पु-याए १ गोला सबै तीर्थहरू राजा प्रयाग इलाहाबादमा पु-याए : तीनै ठाउँका उदासीहरूले बडा अखाडा खडा गरे। तीनै अखाडा द्वारा विभिन्न स्थानबाट आउने साधु सन्यासी सन्त महन्थहरूको सेवा भोजन सत्कार व्यवस्था हुने गरेको छ। बाबा वनसखण्डीले बाबा प्रीतमदास-लाई भनेका थिए, विभूति लगाएर नुहाउँनु। जंजीरलाई पानीमा फ्याँ-कनु। अखण्ड विभूति निस्कन्छ। जंजीर फ्याँकेको सर्प बन्छ। त्यही वेला सम्झनु मेरो तपस्या पूर्ण भयो। सोही अनुसार हरिद्वारमा पुगे-पछि बाबा प्रीतमदासले भागिरथी गंगामा नुहाए। शरीरमा लगाएको विभूति जस्ताको त्यस्तै रह्यो पखालिएन। पानीमा फ्याँकिएको सोत्तल-को जंजीर सर्प भयो। यस प्रत्यक्ष उदाहरणबाट प्रभावित भई त्यही दिन देखि बडा अखाडा पञ्चायती उदासी स्थापना गरी सञ्चालन गरे।

बाबा वनसखण्डी मद्रासका हुन्। उनका गुरू औदरदासजी ढाकाका हुन्। एकदिन आफ्नो सिद्धिको परिचय गराउँछन् बाबा औदरदासजी बाघमा चढेर अखाडामा पुगे। त्यो देखेर अर्को दिन गुरू औदर दासजी लाई भेट्न दर्शन गर्न दुई ईंटामा चढ़ी बाबा वनसखण्डी गुरूको समक्ष आश्रममा पुगे। आफ् जीवमा वनसखण्डी बाबा निर्जिव वस्तुमा यसरी देख्दा आफ्नो सिद्धि भन्दा बढो वनसखण्डीमा देखे। अनि भने हे वनसखण्डी अब दुई बाघ एकै ठाउँमा बस्न सुहाउँदैन। तिमी यस गुरू आश्रमबाट सुनसरी नदीको तट रामधुनीमा जाऊ। आफ्नो अखाडा बनाऊ। भनेर विदा गरे यसरी गुरू आज्ञा भए पछि सोही दुई

Digitized by eGangotri. Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

ईंटाको वाहनमा बढ़ी विश्वामित्र र श्रीराम लक्ष्मणकै पथ पहिल्याई रामधुनीमा आए । अनि सधैंका लागि रामधुनीमा वनसखण्डी बाबाले आफ्नो अखाडा बनाए। कमण्डलु भुईंमा धसाएर पोखरीको खाल्डो पारे। चिम्टा गाडेर पानी निकाले जसको नाम सरस्वती कुण्डले प्रख्यात छ। त्यसकालमा श्रीरामधुनीमा बाल्ने सखुवाका मूढा हात्तीले सूंढमा बोकेर ल्याउँथ्यो । बाघले श्रीरामधुनीको सेवा रक्षा गर्थ्यो ।

सप्तकौशिकीको पूर्वतट निशान्त टप्पु, वेलकातरी नजीक औलिया बाबाको गद्दी थियो । ती औलिया बाबा पनि सिद्ध पुरुष थिए । उनको प्रसिद्धि सुनेर वनसखण्डी बाबा एकदिन औलिया बाबाको गद्दी आश्रम धुनी अखाडा अवलोकन गर्न गए । मन मुकुन्देश्वर शिवको शिला, गणेश, महाबीर भैरव, कालीको शिला स्थापना गरी पूजा आराधना गर्थे । जलेश्वर भारती र गौतम भारती आदि शिष्य आदि साधु सन्यासीहरू अखाडामा थिए । पाल्पाका राजा मुकुन्दसेनले आफ्ना दुई छोरा जलेश्वर र गौतमको अंश भाग गरी अधिराज्यको सम्पत्ति जमिन दिएका हुंदा गद्दीमा आराम साथ बस्थे । देवताहरूलाई पूजामा चढाउन, आँप कटहर, नरीवल आदि फलका बिरूवा लगाएर सुरम्य बाटिका गद्दी घरका अगाडि पछाडि सजाएका थिए । दैनिक श्रीसप्तकौशिकी नदीको दोभानमा स्नान र श्रीवराहा भगवान्को पूजा दर्शन कौशिकी आदि गंगा तटमा यमराज र ब्रह्मानन्द तीर्थ जल संगम नजीक वराहक्षेत्र देखि दक्षिण चतरा जाने सड़क देखि पश्चिम पर्वतको तल गुफामा तपस्या गर्थे । प्राणीहरूका लागि कष्टदायी आँला ज्वरोलाई आफ्ना ऋद्धिका बलले कपडामा पोको पारी धुनी नजिक राखी खरानी विभूति आफ्ना अंगमा घस्थे र धुनी ताप्दै शिष्यहरूलाई तपस्या सम्बन्धि नियम ईश्वराधना बारे उपदेश गर्थ । बाबा वनसखण्डीले बाबा औलिया मन मुकुन्देश्वरको दिनचर्या देखेर प्रभावित भए। आँप खाएर सत्कार गरेकोबाट पनि खुशी भए । बडो मित्रताको व्यवहार भयो । बाबा वनसखण्डी आफ्ना आश्रममा फर्किए ।

University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

एकदिन आँपको स्वाद विचार गरी २ जना शिष्य रामधुनीबाट आँप मागेर ल्याउन वनसखण्डी बाबाले औलिया बाबाको मन मुकुन्द कहाँ पठाए। औलिया बाबाले वनसखण्डीको सिद्धिको परीक्षा गर्ने उद्देश्यले भने - त्यस्ता सिद्ध पुरूषले आफूलाई मन लागेको कुरा अरूसित माग्नु हुन्छ ? आफै आँप फलाएर खानु नी। जाऊ यो कुरा सुनाई देऊ। यो कुरा सुनेर शिष्यहरू रित्तै फिरे। बाबा वनसखण्डीलाई औलिया बाबाको सन्देश सुनाए। वनसखण्डी बाबाको मनमा ठूलो चोट प-यो। उनीले चिम्टा लिएर श्रीरामधुनी वनमा चहारे एउटै पनि आँपका रूख थिएनन्। यौटा सखुवाको गाछीमा लौ आँप फला भनेर चिम्टा गाड़। सखुवाका गाछी आँपका रूखमा परिणत भयो। तुरून्त पाकेको आँप फल्यो। बाबा बनसखण्डीले श्रीरामधुनीको अग्निमा दुई दाना आँप श्रीरामको स्मरण गरेर ढोगी चढ़ाए। अनि शिष्यहरूलाई भेला पारेर लौ ! जति सक्छौ आँप टिपेर खाओ भनेर अह्राए। आफैले पनि पेट भरी खाए। त्यहाँ देखि सखुवा गाछीमा आँप फलेको कुरा कालान्तर सम्म प्रसिद्ध भयो। रामधुनीको दर्शन गर्न जाने दर्शनार्थीहरू उक्त आँप फल्ने सखुवा गाछीको पनि दर्शन गर्थे। ठूला पुराना रूखहरू जथाभावी काटे पछि रामधुनी उजाड भयो। केही वर्ष अघि वनसखण्डी बाबाले चिम्टा गाडी फलाएको आंपको रूख पनि सुकेर गयो। काटियो मासियो। बाबा वनसखण्डीको सुन्दर दुरूस्त स्फटिकको सेतो ३ फूट अग्लो मूर्ति पनि चोरी भयो। अन्य केही मूर्तिहरू हराए। दर्शनार्थीहरू श्रीरामको खराउ, तस्वीर श्रीरामधुनी, विभूतिको गोला, शालिग्राम, गरूग्रन्थ साहिबको दर्शन पूजन गर्छन्। खरानी विभूति प्रसाद टीका ग्रहण गर्छन्, त्रेताका राम चरणको स्पर्श गर्छन्। आफूलाई धन्य सम्झन्छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

स्वच्छन्दतावाद र देवकोटा

—हरिप्रसाद तिमसिना

लेखक—तिमसिना शिक्षा सेवामा समर्पित एवं नर्सिं क्याम्पस विराटनगरमा प्राध्यापनरत हुनु-हुन्छ। वहाँले साहित्यमा 'षडानन्द प्रतिभा पुरस्कार' पनि पाउनु भएको छ। -सम्पादक

साहित्यमा परम्परा र शास्त्रवादको नियम तथा अनुशासनको विरोधमा उभिएको स्वच्छन्दतावाद साफ्टस्त्रीको प्रतिभा सिद्धान्त, लन्डाइनसको उदात्तवाद, रूसोको आदिमतावाद, इमानुएल कान्ट्को आत्मावाद, कलरिजको कल्पनावाद र क्रोचेको अभिव्यन्जनावादको संमिश्रण हो अर्थात् उपर्युक्त सैद्धान्तिक तथा दार्शनिक मत-अभिमत-हरूको समन्वयात्मक पृष्ठभूमिमा साहित्यिक जगत्मा स्वच्छन्दतावादको जन्म भएको देखिन्छ। स्वछन्दतावादको जन्मभूमि वेलायत हो। विश्व साहित्यमा सर्वाधिक चर्चामा आएको तथा आधुनिक साहित्यमा अधिकांश स्रष्टाहरूको प्रभिव्यक्तिका प्रमुख शैली हुनपुगेको स्वच्छन्दतावाद ले अङ्गीकार गरेका धर्महरूमा - काल्पनिकता, आत्मपरकता, आध्यात्मिकता, विषादता, उन्मादता, भावुकता, भावात्मक सौन्दर्यमा विश्वास, प्रकृति-प्रेम, पलायन, आत्मपीडन, परपीडन एवम् काल्पनिक तिलस्मी संसारको साहित्यमा स्थापना र अभिव्यक्ति तथा बुद्धि विवेक र संयम-को पूर्णरूपेण परिपालन आदि प्रमुख हुन्। विश्व-साहित्यको इतिहासमा स्वच्छन्दतावादको विकास र विस्तार गर्नेहरूमा वेलायतका कलरिज,

Tribhuvan University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

शेली, वर्ड्स्वर्थ, कीट्स् र वाइरनको नाम अग्रपंक्तिमा आउँछ भने जर्मनका गेटे, सिलर तथा रूसका पुस्किनको पनि यस क्षेत्रमा महत्वपूर्ण योगदान रहेको छ। अमेरिकाका वाल्ट ह्विट्म्यान तथा एडगर एलेन्पोले स्वच्छन्दतावादी धाराको विकासमा अविस्मरणीय अभ्यास देखाएका छन्। यसरी ई. सं. १७९८ तिर कलरिज र वर्ड्स्वर्थको सक्रियतामा वेलायतबाट शुरू भएको स्वच्छन्दतावादी प्रवृत्ति क्रमशः समस्त यूरोपेली साहित्यमा फैलियो। कालान्तरमा यसको प्रभावले भारतीय साहित्यलाई पनि छोएर छोड्यो र नेपाली साहित्यलाई पनि प्रभावित पा-यो। भारतीय साहित्यमा स्वच्छन्दतावादको प्रयोग गर्ने-हरूमा प्रसाद, पन्त, निराला र महादेवी वर्मा उल्लेखनीय नाम हुन्। यसरी भारतीय उपमहाद्वीपबाट स्वच्छन्दतावादले नेपालमा फड्को मा-यो। नेपाली साहित्यमा स्वच्छन्दतावादको स्वागत देवकोटाले गरे।

नेपाली साहित्यको इतिहासमा आधुनिकता, स्वच्छन्दतावाद र लक्ष्मीप्रसाद देवकोटाको उपस्थिति युगको आँगनमा करीव करीव सँगै हातेमालोका साथ भएको देखिन्छ। त्यो स्वर्ण समय थियो - वि. सं. १९९१। अनि साहित्यको आधुनिक रूप प्रकाश गर्ने माध्यम थियो - 'शारदा' (१९९१)। नेपाली साहित्यमा आधुनिक परिष्कार आवश्यक देखाइरहेको थियो युगले। त्यसमा प्रभावकारी तिखरता ल्याउन एवम् नि र्णिक अभिव्यक्ति दिएर साहित्यलाई धारिलो, चोटिलो र कसिलो बनाई त्यसैको सहयोगले सामाजिक खराबी हटाउने क्षमतावान् बनाउन स्वच्छन्दतावादको जरूरत थियो अनि त्यसको विस्तारकालागि देवकोटा जस्ता जाउँदा तथा नवर्गिक प्रतिभाको पाइनदार कलमको दरकार थियो। स्वच्छन्द लेखन र अभिव्यक्ति देवकोटाको जन्मजात स्वभाव थियो भन्ने सिद्ध गर्छन् उनका फुटकर कविताहरू महाकाव्य सम्मले, निबन्ध प्रबन्धले, कथा, नाटक र उपन्यासले अनि समीक्षा र सार्वजनिक धाराप्रवाह भाषण-प्रवचनले। अंग्रेजी भाषा र साहित्यको गहन अध्ययन गरेका देवकोटाले पश्चिमी साहित्यको मुटु छामिसकेका थिए एवम् परम्परा र शास्त्रीय पद्धतिको बन्धनबाट मुक्त हुन नसकेको नेपाली

epal Sanskrit University, Balmooki Campus, Kath

n Public Domain. Digitization by eGangotri.Funding

साहित्यको अवस्था र देश तथा समाजको नाजुक स्थिति पनि देवकोटाले राम्ररी बुझेका थिए । देवकोटा साहित्यमा कलम चलाएर नै बिब्ल्याँटो समाजको कोग्ल्याँटो रीतिरिवाजलाई सोझ्याउन चाहन्थे, प्रशासनिक कठोरतामाथि प्रहार गर्ने धारिलो हतियार नै साहित्य बनाउन चाहन्थे, देवकोटा । देवकोटा सहज प्रतिभाशाली त थिए नै त्यसमाथि पनि जहानिया शासनको अत्याचारबाट जनताले भोग्नुपरेका पीडा, देशमा व्याप्त गरीबी, अभाव, दुराचार, घनीहरूबाट गरीबमाथि गरिने चुसाइ र दुहाइ जस्ता नेपाली जनजीवनको दयनीय अवस्थाले देवकोटाको प्रतिभालाई अरू मलजल प्रदान ग-यो । तिनको अभिव्यक्ति अरू खारिन थाल्यो, कलम अरू तिखारिन थाल्यो । देवकोटा निर्भीक जन्मदै थिए । समय र विसंगत परिस्थितिले तिनलाई झन वज्र बनायो, निडर बनायो र स्वच्छन्द बनायो ।

नेपाली भाषा र साहित्यलाई कसरी माथि उठाउने र विश्व-साहित्यको हाराहारीमा कसरी पु-याउने भन्ने चिन्ताले हर्दम चिमोटिएका देवकोटालाई शायद नेपाली साहित्यको विकासकै फिक्रीले पश्चिमी साहित्यमा डुबायो, भिजायो । उनमा पश्चिमी साहित्यको अध्ययन सँगै स्वच्छन्दतावादको रङ्ग चढ्दै गयो । उनका काव्य-चेतनाका नस-नसामा, पत्र-पत्रमा स्वच्छन्दतावाद घुस्दै गयो, भिज्दै गयो भन्ने अनुमानहरू हाम्रा सामू ल्याउँछन् तिनका असंख्य काव्य-कृतिहरूले, ग्रन्थ रचनाहरूले र ती रचनाहरूका स्वच्छन्दवादी विचारहरूले, वाक्यहरूले र बोलीहरूले । नेपाली साहित्यमा रोमान्टिकवादको अथवा स्वच्छन्दतावादको कुरा चलाउने वित्तिकै त्यसैको पर्यायको रूपमा देवकोटाको नाम गाँसिन आउँछ किन भने रोमान्टिक पद्धतिले नेपाली साहित्यमा मण्डन मानेका निम्ति सर्वप्रथम र सर्वाधिक खाजासामल देवकोटाबाटै पाएको छ र देवकोटाका रोमान्टिक रचनाको आलोक नेपाली साहित्य भरिभरि छरिएको छ जसले गर्दा नेपाली साहित्यलाई उचाइमा पु-याएको कुरा सहर्षस्वीकार्य छ। देवकोटाका असंख्य साहित्यक कृतिहरूमा स्वच्छन्दतावादका विविध विशेषताहरू र गुणहरू भिन्न

University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भिन्न ढङ्गबाट प्रयोग भएका भेटिन्छन् । महापण्डित राहुल सांकृत्यायनले प्रसाद, पन्त र निराला मिलेर एउटा देवकोटा बनेको छ" भन्ने भावोद्गार गरेका छन् । देवकोटेली साहित्य र प्रसाद, पन्त, निराला साहित्यको नाडी समाएर तथा धुक्धुकी छामेर महापण्डितले अनुभूत सत्य बोलेका हुन्, यसमा विमत नहोला वास्तवमा भारतीय साहित्यका महान् छायावादी कवित्रय (प्रसाद, पन्त, निराला) का छायावादी दर्शनका झल्का देवकोटाका अधिकांश काव्य-कृतिमा प्रतिबिम्बित हुन्छन् । देवकोटाका कवितामा छायावाद छताछुल्ल भएको पाइन्छ ।

पश्चिमी साहित्यको स्वच्छन्दतावादी दर्शनबाट प्रभाव र प्रेरणा पाएका देवकोटा आफ्ना रचनाहरूमा एक भएर पनि अनेक रूपरङ्गमा, अनेक शैली र वादमा अनि व्यक्ति-निष्ठामा परिलक्षित हुन्छन् । यसकोणबाट देवकोटा र देवकोटाका रचनालाई अनि पश्चिमका नामूद कविहरू र तिनका काव्यहरूलाई तुलनात्मक परिदर्शन गर्दा पश्चिमी साहित्यले भन्दा नेपाली साहित्यले रोमान्टिसिजमलाई कम पचाएको छैन, निःसङ्कोच भन्न सकिन्छ । बरू स्वच्छन्दतावादको प्रयोगमा नेपालका एकलै देवकोटाले पश्चिमलाई दुईचार कदम पछि छोडिसकेको अनुभव हुन्छ । देवकोटाका कृतिमा स्वच्छन्दतावादको सर्वाङ्ग अटाएको छ । पहराबाट छहरा बगे झैं अटूट कविताको निसृति दिने देवकोटाको वाणीमा साक्षात् वाणी (सरस्वती) कै निवास थियो । कोमल-कान्त कविता-काननतुल्य हरियो हृदय भएका देवकोटा कविता बनाउँदैनथे किन्तु हृत्कन्दराबाट निकाल्थे । अन्तश्चेतनाको स्फुरणलाई स्वतन्त्र छोड्ने देवकोटाको मानसिक बनोट नै स्वच्छन्द प्रकृतिको थियो । पश्चिमेली रोमान्सेली साहित्यको अध्ययनले उनको स्वच्छन्दतावादी स्वभावमा शायद चूरो पसायो र छिप्यायो । देवकोटा बहुमुखी प्रतिभावान् कवि थिए । उनी आफैं परिपूर्ण थिए । उनलाई वास्तवमा अरूको प्रभाव र प्रेरणाको आवश्यकता नै थिएन । उनी प्रकृतिले बनाएका कवि हुन्, युगले खारेका कवि हुन् र समयले लगाएको ठक्कर एवम् मानसिक चोट र अभावले लगाएको चक्करले माझिएका कवि हुन् ।

epal Sanskrit University, Balmooki Campus, Kath

n Public Domain. Digitization by eGangotri.Funding

प्रभाव उनको आवश्यकता होइन, संसर्गको मधुरो स्पर्श मात्र हो, नवीनतम विकास-चेतनाको हलुका हावाको छुवाइ मात्र हो। वरू यसमा भन्नु समीचिन होला-देवकोटाका कृतिहरूमा कुन दर्शन (साहित्यिक वाद) छैन ? शायद 'छैन' को उत्तर नभेटिएला। देवकोटाको काव्य-चेतनावाट, मनको अन्तर कुनावाट भावनासँगै स्वतःस्फूर्त रूपमा टुसाएर ईश्वरवाद, अनिश्वरवाद, यथार्थवाद, अति यथार्थवाद, स्वच्छन्दतावाद मानवतावाद, छायावाद, प्रतीकवाद, विसंगतिवाद आदि विचारहरू विभिन्न कृतिहरूमा प्रयुक्त देखिन्छन्। यूरोपियन तथा एशियाली कविसाहित्यकारहरूका धेरै गुणहरू हाम्रा देवकोटामा खाँदिएका छन्। यसमा चाहिं हामीले गर्व गर्नु पर्छ।

देवकोटाको काव्य-दर्शनमा पश्चिमी कविहरूको रमरम प्रभाव पर्नगएको चर्चा धेरै विद्वान्हरूवाट भएको छ। त्यस्ता प्रभावक स्वछन्दतावादी कविहरूमा जर्मन कवि गेटेको सौन्दर्यवादी दशन देवकोटाको शाकुन्तल भरि मुस्कुराएको भेटिन्छ। तर सौन्दर्य पक्षका अतिरिक्त पनि शाकुन्तलमा देवकोटाका आफ्नै विशेषता, आफ्नै महत्वको मोलतोल छुट्टै छ। प्राचीनता, आध्यात्मिकता, आर्य सभ्यताप्रति आत्म-स्वीकृति र प्राचीन जीवन-पद्धतिप्रति चोखो निष्ठा आदि शाकुन्तलका मूल बुँदाहरूले मात्र पनि देवकोटाको काव्यात्मक उचाइतर्फ स्पष्ट संकेत गरेका छन् र उनको स्वच्छन्दतावादको प्रयोग-विलक्षणतातिर औंल्याइरहेका छन्। शाकुन्तलमा मात्र होइन देवकोटाका सौन्दर्यानुभूति उनका अन्य धेरै काव्य-रचनामा प्रकट भएको भेटिन्छ। देवकोटाका 'हाइ हाइ अंग्रेजी' तथा 'मान्छेलाई घडीवाट हानी' निवन्धहरूले कलरिजको विशेष वस्तुलाई सामान्यीकरण सिद्धान्तलाई संभाउँछन्। विश्वको साझा सम्पर्कको भाषाको स्थान ओगटेको अंग्रेजी भाषालाई महिमाको धुरीवाट खम्च्याइखुम्च्याइ पारेर सामान्य धूलीकरण गर्नु अनि लोकप्रिय घडी, व्यक्तित्व उचाइको कडी सिद्ध भएको घडीलाई अत्यन्त सामान्य वस्तुमा गिन्ती गरेर यान्त्रिक सभ्यताप्रति अनास्था र प्राकृतिक जीवन-पद्धतिप्रतिको चोखो आस्था प्रकट गर्नु देवकोटाको रोमान्टिक प्रयोगको

University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

झरिलो नमूना हो।

सामान्य चीज वा वस्तुलाई विशिष्टीकरणको पगरी गुथाउनु र उच्चता प्रदान गर्नु पनि देवकोटाको काव्य-चैतन्यको अभीष्ट हो। उनको कलम दीन-दुःखीकै कथा, व्यथा र पीडाको चित्रणमै ज्यादा चलेको देखिन्छ। दीन हीन मनुष्य, हेय र उपेक्षित वस्तुहरूकै परिदृश्य तिनका काव्य-काननमा अधिकतम देखिन्छन्। देवकोटाले धेरै मसी सुकाएका छन् अरूका नजरमा नीरस पदार्थ, निकम्मा वस्तु तथा निर्धन र निमुखा मान्छेका निम्ति। साँच्चै नै देवकोटा दीनबन्धु थिए। दु-खी-को पक्षमा छाती खोलेर, मुड्की बजारेर वकालत गर्ने देवकोटाले साहित्य सिर्जनाका अमूल्य क्षण तिरस्कृत वर्गकै निम्तममा हराएका छन्। समाजका अभिजात आँखाले पाखा लगाएका वर्गकै निमित्त देवकोटाले धेरै जसो श्रम, समय र सीप खर्च गरेका छन्। यस क्षेत्रका अर्थात् सामान्यलाई विशिष्टीकरण सिद्धान्तको विधान वहन गर्ने खालका देवकोटाका अमूल्य कृतिहरूमा- 'भिखारी', 'गरीब', पहाडी जीवन', 'मसलाको रूखले के भन्छ' गधा बुद्धिमान् कि गुरू?, आदि-लाई लिन सकिन्छ। स्वच्छन्दतावादी प्रयोगका सन्दर्भमा अत्युत्कृष्ट ठहरिने उपर्युक्त कृतिहरूले वर्ड्स्वर्थको विशिष्टीकरण-पद्धतिको रङ्ग झल्काउँछन्। देवकोटाका 'तिनको घँसिया गीत', चारू, किसान, गरीब, माली, मार्ग, मन्थ्या, कुन्निनो (खण्डकाव्य) र अन्य काव्य-कृति-हरूमा देवकोटाको प्रकृतिको तारीफले प्रकृति-प्रेम र प्रकृतिप्रतिको सम्मोहन तथा आशक्तिले अनि प्रकृतिप्रतिको समर्पणले प्रकृतिप्रेमी तथा प्राकृतिक सौन्दर्यका पारखी चित्रकार वर्डस्वर्थ देवकोटाका काव्य-चेतनामा ओर्लिएको आभास दिलाउँछन्। प्रकृतिभित्रै जीवन र जगत्-का वैविध्य पाटाहरूको रङ्गीन तथा नवीनतम दृश्यहरूको छायाङ्कन गर्न रमाउने र जिन्दगीका स्वप्निल बिम्ब-प्रतिबिम्बमा मन्त्र-मुग्ध हुने कीट्सको रोमान्टिक काव्य-विधान पनि देवकोटाका 'दोजँलिङको बध चुलीमा', शाहजहाँको इच्छा' रचनामा कतै लुके जस्तो भान हुन्छ। विषाद् क्षणको तिक्त अनुभूतिका करूण उद्गारलाई उच्च काव्यात्म-

epal Sanskrit University, Balmeeki Campus, Kath

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कता दिए र सजीवता प्रदान गर्ने सहज प्रतिभाका प्रतिमूर्ति कवि शेली-को काव्य-शैलीले पनि देवकोटाको काव्य-शैलीमा रङ्ग चढाएको बोध गराउँछन्-देवकोटाका 'म शून्यमा शून्यसरी विलाएँ', 'प्रलय वेदना', 'पागल' आदि कवितामे । वाइरनको प्रकृतिमा विद्रोही स्वरूप अवलो-कन प्रविधिको झलक पनि देवकोटाका-'हुरीको गीत', 'झञ्झा प्रति' कवितामा आउन खोज्छ ।

लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू प्रायसः रोमान्टिक धर्मका छन् । फरक यत्ति हो, कुनै कृतिहरू पूर्णतः रोमान्टिसिजमका आंशिक रेखाहरू कोरिएका भेटिएलान् । देवकोटाको स्वच्छन्दतावादी प्रयोग यूरोपेली स्वच्छन्दतावादी कविहरूको प्रभाव वा प्रेरणाबाट अनुगृहित छ भन्न मलाई एउटा अज्ञात संकोचले थिचिरहेको आत्मबोध हुन्छ । आधुनिक साहित्य कला र सभ्यताको जागरण पहिले पश्चिमबाट भयो र क्रमशः पूर्व आयो । धेरै समय पछि आयो । साहित्यमा स्वच्छन्दता-वादको उत्पत्ति र विकास पनि पश्चिमबाटै पूर्वतिर आएको हुनाले देव-कोटाको काव्य-दर्शन वा साहित्य शैली पश्चिमबाट प्रभावित छ भन्न हामी बानी परेका छौं । पिता-पुर्खाको जीवन तथा व्यवहार-शैली, स्व-भाव शारीरिक तथा मानसिक संरचना आनुवंशिक सिद्धान्त अनुसार सन्तान दरसन्तानमा आंशिक रूपमा मिल्छ वा सर्छ । अथवा अघिल्लो पिंडीबाट पछिल्लो पिंडोले केही सिक्छ भन्ने धारणा-अनुधारणा हाम्रो मानसिकता अभिप्रेरित हुनसक्छ । देवकोटा साहित्यमा प्रभाव-अन्वेषण कार्यमा संभवतः यस धारणाले पनि काम गरेको होस् नत्र देवकोटा जस्तो अद्वितीय प्रतिभालाई प्रभावको पुच्छर किन जाडिन्थ्यो ? मलाई लाग्छ एउटा महाकाव्य (सुलोचना) दस दिनमा, एउटा खण्डकाव्य (कुन्जिनो) एक रातमा रच्ने तूफानवेगी आशुकवि देवकोटा 'न भूतो न भविष्यति' । सहज काव्य-प्रतिभा-सम्राट् देवकोटाको अद्भुत काव्य-चेत नै प्रभावक र प्रेरक थियो । अनि थियो, उनी उभिएको देशको अशान्त र कहाली लाग्दो झुसिलो वातावरण कसकसको प्रभाव र मिला-नमा मुछेर सक्ने देवकोटालाई । किन भने प्रभाव पार्नेको चस्माले हेर्ने

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri. Tribhuvan University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

हो भने देवकोटाका स्वच्छन्दगामी काव्य-धारामा पश्चिमका कलरिज, गेटे, कीट्स, वर्डस्वर्थ, शेली, वाइरन आदि मात्र होइन, पूर्वका कालीदास, माघ, भवभूति, वाणभट्ट, श्रीहर्ष, भारवी, रविन्द्रनाथ आदि पनि भेटिन्छन्। देवकोटा सबैमा छन्, देवकोटामा सबै छन्।

देवकोटा परम्परागत काव्यसिद्धान्तमा अटाएनन्। उनका काव्यले नै सिद्धान्त तय गरेका छन्। उनलाई व्याकरणका बन्धनले बाँध्न सकेको छैन। साहित्यको नियम-विनिमयले नियन्त्रण गर्नसकेको छैन। शब्दकोशका भाषाले तिनलाई पुगेन। प्रवाहशील तिनको काव्य-सिर्जनामा आफै नियम बन्थे र सिद्धान्त वा दर्शन बन्थे। देवकोटा कुनै दर्शन वा सिद्धान्तलाई लिएर कविता लेख्तैनथे, कुनै प्रयोगका निमित्त लेख्तैनथे। तिनका रचनाले स्वभाविक तवरले दर्शन वा विचार ल्याउँथे र प्रयोग ल्याउँथे भन्ने कुरा उनका रचनाहरूले नै स्पष्ट पारिरहेका छन्। देवकोटा कसैको प्रभावमा वगे जस्तो भलाई लाग्दैन। उनी कुनै एउटा वाद वा सिद्धान्तमा स्थिर पनि छैनन् र उनका कवितालै आत्मसात् नगरेका कुनै काव्य सिद्धान्त वा विचार पनि शायद कमै होलान्। उनको रोमान्टिक प्रयोग स्वतन्त्र देखिन्छ उनको काव्य-सृजना जस्तै वनावटी रङ्गरोगन, कुँदाइ र खिपाइ रहित। कल्पनामा डुवेर झन्नै असाधारण अवस्थामा समाधिस्थ झैं काव्य-सृजनामा लीन हुने देवकोटाको स्वच्छन्दतावादी प्रवृत्तिले आफ्नै र छुट्टै किसिमको विस्तार पाएको छ। 卐

सहयोग लिइएका ग्रन्थहरू—

१. पाश्चात्य साहित्यको सैद्धान्तिक परंपरा—डा० वासुदेव त्रिपाठी
२. सिंहावलोकन पृ० १०५ देखि १५० सम्म—ऐ० ऐ०
३. 'भानु' वर्ष-५-देवकोटा विशेषाङ्क—सं० - भवानी घिमिरे
४. शाकुन्तल महाकाव्य, कुञ्जिनी, लक्ष्मी - कविता संग्रह, 'भिखारी' कविता संग्रह, लक्ष्मी निबन्ध संग्रह - लक्ष्मीप्रसाद देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

In Public Domain. Digitization by eGangotri.Funding.

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

University, Balmeeki Campus, Kath